ॐ

श्री दुर्गा सप्तशती (चण्डी)

(नेपालीमा)



हरिभक्त सिग्देल 'महेश'

ॐ

श्री दुर्गा सप्तशती (चण्डी)

नेपालीमा



श्री दुर्गा भँवानी

हरिभक्त सिग्देल 'महेश'

श्री दुर्गा सप्तशती (चण्डी) नेपालीमा

कृति : श्री दुर्गा सप्तशती (चण्डी) नेपालीमा

विधा : अनुवाद

अनुवादक : हरिभक्त सिग्देल 'महेश'

प्रकाशक : मीना सिग्देल

मिति : २०६८ सालको बडादसैंको शुभउपलक्ष्यमा

मुद्रण : १००० प्रति

आवरण सज्जा : सुरेन्द्रकुमार राजथला


ISBN : 978-9937-2-3317-0

मूल्य : रु. २५०/-

पेज ले-आउट :
अन्नपूर्ण तुलाधर, रामकृष्ण लामिछाने, सुरेन्द्रकुमार राजथला

मुद्रण: न्यू नेपाल प्रेस
प्रधान कार्यालय: १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं । फोन: ४४३४८५०
व्यापारिक कार्यालय: शुक्रपथ, न्यूरोड, काठमाडौं । फोन: ४२५९०३२

समर्पण



माता भगवतीका कृपाले श्री दुंर्गा सप्तशती (चण्डी) 'नेपालीमा' पुस्तक तयार गरी प्रकाशित गर्ने सु-अवसर हामीलाई प्राप्त भएको छ। यसमा हामीले आफूलाई भाग्यमानी सम्झिएका छौं।

यो अमूल्य श्री दुर्गा सप्तशती (चण्डी) 'नेपालीमा' पुस्तक माता श्री भगवतीका चरणकमलमा नै सादर समर्पण गर्दछौं।


हरिभक्त मीना सिग्देल

॥ ॐ नमश्चण्डिकायै ॥

मेरो निवेदन

श्री दुर्गा सप्तशती (चण्डी) भगवतीका कृपाका सुन्दर इतिहासका साथै धेरै-धेरै महत्त्वपूर्ण गूढ रहस्यहरूले भरिपूर्ण छ । कर्म, भक्ति र ज्ञानको त्रिवेणी रूप यो ग्रन्थ भक्तहरूका लागि दुःख नाशक, भुक्ति र मुक्तिदायक भएकोले सधैं विधिवत् पाठ गर्ने गरौं । दुःख, रोग, शोक आदि कष्टबाट अवश्य पार पाउने छौं । उदाहरणको रूपमा राजा सुरथ र समाधि वैस्य साक्षी छन् । हामीले यस दुर्गा सप्तशतीको पाठ गर्ने अभ्यास गरेमा केही दिनमा नै आफू र आफ्नो दैनिक जीवनमा परिवर्तन भएको महसुस गर्नेछौं । तर माता जगत् जननी दुर्गा भगवतीप्रति पूर्ण आस्था र विश्वास भने गर्नुपर्दछ । यो अनुवाद मैले मेरी स्वर्गीय आमा गङ्गादेवी सिग्देलले संस्कृत नजान्ने र नपढेका नेपाली मात्र लेखपढ गर्न जान्नेहरूका लागि पनि सरल भाषामा हिन्दू धर्मसम्बन्धी पुस्तकहरू लेखेर, अनुवाद गरेर आफ्नो धर्म र संस्कृतिको रक्षा र धर्म, अर्थ, काम, मोक्ष चारै पुरुषार्थ प्राप्त गर्न आफू र अरूलाई पनि सहयोग पुग्ने कार्य जीवनपर्यन्त गर्दै रहनू भन्ने आदेशलाई शिरोधार्य गर्दै यो संस्कृत, हिन्दी र अंग्रेजी नबुझ्ने नेपाली लेखपढ् गर्न सक्ने दाज्यू-भाइ, दिदी-बहिनीहरूको सजिलोका लागि तयार गरिएको "**दुर्गा सप्तशती (चण्डी)**" पाठक भक्तहरूसमक्ष सुम्पेको छु । यसमा कुनैं गल्ती त्रुटि भएमा मेरो ठेगानामा सुझावको आशा राख्दछु ।

हरिभक्त सिग्देल 'महेश'



ब्रह्माजीको प्रार्थनाबाट महामाया महाकाली देवीले योग निन्द्राबाट जागा भएका श्री लक्ष्मीसहित श्री भगवान् विष्णु

विषय-सूची



ॐ

श्री दुर्गायै नमः

हे देवी भक्तिले रिझिने, सबै कार्य बनाइदिने ।
कलिमा कार्यसिद्धिलाई यत्नले तिमी जानिने ॥

साधनाहरूमध्येकी सर्वोच्च साधना तिमी ।
शरणमा पर्छु हे माता देऊ ज्ञानको प्रकाश भनी ॥

दरिद्र, दु:ख, डर, रोग, शोक आदिहरू पनि ।
हटाइदिन्छ्यौ हे माता शरणगत हो भनी ॥

सधैं मङ्गलै मङ्गल, शिवे सर्वसाधन् स्वरूपकी ।
प्रणाम छ त्रिपुरासुन्दरी गौरी प्रणाम छ नारायणी ॥

शरणागतको दु:ख हटाई सुखको वर ।
सबै दु:ख हर्ने देवी नारायणी प्रणाम छ ॥

सर्वरूप सबैबाट सर्वशक्ति लिने तिमी ।
डर र त्रासको लेस छैन देवी त्यहाँ अनि ॥

रोग र पापको नाश क्रोध र कामको पनि ।
अभीष्ट नाशने देवी शरणागतको अनि ॥

तीनै लोकका सबै बाधा नाश्ने हे त्रिलोकेश्वरी ।
सबै बाधा मेरा काममा नाशी द्यौ हे परमईश्वरी ॥

ॐ तत्सत्



ॐ

श्री दुर्गालाई प्रणाम छ

दुर्गामाताका एक सय आठ नाम

श्री दुर्गा देवीका एक सय आठ नामको स्तोत्र शिवजीले पार्वतीलाई भन्नुभएको हो । जुन पाठ गर्नाले, सुन्नाले मात्र पनि श्री भगवती दुर्गा प्रसन्न हुनुहुन्छ । शङ्करजी भन्नुहुन्छ– “हे देवी पार्वती ! जो प्रतिदिन श्री दुर्गाका यी एक सय आठ नामको पाठ गर्छ वा सुन्छ, उसका लागि तीनै लोकमा कुनै पनि काम असाध्य हुँदैन । ऊ धन, मान, पुत्र, स्त्री, वाहन, धर्म आदि चार पुरूषार्थ पाई अन्तमा सनातन मुक्ति पनि प्राप्त गर्दछ ।”

भगवान शङ्कर देवी पार्वतीसँग भन्नुहुन्छ– “कमलानने ! अब म एक सय आठ नामका वर्णन गर्दछु, सुन, जसको पाठ गर्नाले वा सुन्नाले मात्र पनि परमसाध्वी भगवती दुर्गा प्रसन्न हुन्छिन् !”

१. ॐ सती, २. साध्वी, ३. भवप्रीता (भगवान् शिवलाई प्रेम गर्ने), ४. भवानी, ५.भवमोचनी (संसार बन्धनबाट मुक्त गराउने), ६. आर्या, ७. दुर्गा, ८. जया, ९. आद्या, १०. त्रिनेत्रा, ११. शूलधारणी, १२. पिनाक-धारिणी, १३. चित्रा, १४. चन्द्रघटा (प्रचण्ड स्वरले घण्ट-नाद गर्ने), १५. महातपा (भारी तपस्या गर्न सक्ने), १६. मन: (मनन शक्ति), १७ बुद्धि: (बोध शक्ति), १८. अहंकारा (अहंताकी आश्रय), १९. चित्तरूपा, २०. चिता, २१. चिति: (चेतना),

२२. सर्वमन्त्रमयी, २३. सत्ता (सत्-स्वरूपा), २४. सत्यानन्द-स्वरूपिणी, २५. अनन्ता (जसको स्वरूपको अन्त नै छैन), भाविनी (सबैको उत्पत्तिको कारण), २७. भाग्या (भावना एवं ध्यान गर्न योग्य), २८. भव्या (कल्याणस्वरूप), २९. अभव्या (जोभन्दा भव्य कहीं कोही छैन), ३०. सदागति, ३१ शाम्भवी (शिवकी प्रिया), ३२. देवमाता, ३३. चिन्ता, ३४. रत्नप्रिया, ३५. सर्वविद्या, ३६. दक्षकन्या, ३७. दक्षयज्ञ विनाशिनी, ३८. अपर्णा (तपस्या गर्दा पातसमेत नखाने), ३९. अनेक-वर्णा (अनेक रङ्गकी), ४०. पाटला (रातो रङ्गको) ४१. पाटलावती (गुलाफको वा रातो फूल धारण गर्ने), ४२. पटाम्बरपरिधाना (रेशमी वस्त्र लाउने), ४३. कलमञ्जरी रञ्जिनी (मयूर ध्वनि निस्कने मञ्जीर धारण गरेर प्रसन्न रहने), ४४. अभयविक्रमा (असीम पराक्रम भएकी), ४५.क्रूदा (दैत्यहरूप्रति कठोर), ४६. सुन्दरी, ४७. सुरसुन्दरी, ४८. वनदुर्गा, ४९ मातङ्गी, ५०. मतङ्गमुनिपुजिता, ५१. ब्राह्मी, ५२. माहेश्वरी, ५३. ऐन्द्री, ५४. कौमारी, ५५.वैष्णवी, ५६. चामुण्डा, ५७. वाराही, ५८. लक्ष्मी, ५९.पुरूषाकृति, ६०. विमला, ६१. उत्कर्षिणी, ६२. ज्ञाना, ६३. क्रिया, ६४.नित्या, ६५.बुद्धिदा, ६६. बहुला, ६७. बहुलप्रेमा, ६८. सर्ववाहनवाहना, ६९. निशुम्भशुम्भहननी, ७० महिषासुर-मर्दिनी, ७१. मधुकैटभ हन्त्री, ७२, चण्डमुण्ड विनाशिनी, ७३. सर्वासुर विनाशा, ७४. सर्वदानव घातिनी, ७५. सर्वशास्त्रमयी, ७६. सत्या, ७७. सर्वास्त्रधारिणी, ७८. अनेकशस्त्रहस्ता, ७९. अनेकास्त्रधारिणी, ८०. कुमारी, ८१. एककन्या,

८२. कैशोरी, ८३. युवती, ८४. यतिः, ८५. अप्रौढा, ८६. प्रौढा, ८७. वृद्धमाता, ८८. बलप्रदा, ८९. महोदरी, ९०. मुक्तकेशी, ९१. घोररूपा, ९२. महाबला, ९३. अग्निज्वाला, ९४. रौद्रमुखी, ९५. कालरात्रि, ९६. तपस्विनी, ९७. नारायणी, ९८. भद्रकाली, ९९. विष्णुमाया, १००. जलोदरी, १०१. शिवदूती, १०२. कराली, १०३. अनन्ता (विनाशरहिता), १०४. परमेश्वरी, १०५. कात्यायनी, १०६. सावित्री, १०७. प्रत्यक्षा, १०८. ब्रह्मबादिनी ॥

देवी पार्वती ! जो प्रतिदिन दुर्गाजीको यो एक सय आठ नामको पाठ गर्दछ, उसका लागि तीनै लोकमा कुनै पनि कुरा गरी नसक्ने हुँदैन । ऊ धन, धान्य, पुत्र, स्त्री, घोडा, हात्ती, धर्म आदि चार पुरूषार्थ र अन्तमा सनातन मुक्ति पनि प्राप्त गर्दछ । कुमारीको पूजा र देवी सुरेश्वरीको ध्यान गरेर परम भक्तिपूर्वक उनको पूजा गर्नु त्यसपछि एक सय आठ नामको पाठ आरम्भ गर्नु । देवी । जो यसो गर्दछ, उसले देव ! दुर्लभ सिद्धि प्राप्त गर्छ । राजा उसको दास हुन्छन् । उसले राज्यलक्ष्मी प्राप्त गर्ने हुन्छ । गोरोचन, लाक्षा, कुङ्कुम, सिन्दूर, कपूर, घिउ (अथवा दूध), चिनी र मह यी वस्तुहरू जम्मा गरेर यिनीहरूबाट विधिपूर्वक यन्त्र लेखेर जो विधिज्ञ पुरूष सधैं त्यो यन्त्र धारण गर्दछ, ऊ शिव समान (मोक्ष रूप) बन्दछ । भौमवती अमावस्यको आधा रातमा, चन्द्रमासतभिषा नक्षत्रमा भएका बखत यो स्तोत्र लेखेर पढ्ने व्यक्ति सम्पत्तिवान् हुन्छ ।

ॐ

॥ श्री दुर्गायै नमः ॥

पाठविधि

साधकले स्नान, सन्ध्या आदि गरेर पवित्र भई शुद्ध आसनमा पूर्व फर्केर ललाटमा विभूत, चन्दन, टीका आदि लगाएर तत्त्वशुद्धिका निमित्त चारपटक आचमन गर्नुपर्दछ। त्यतिबेला निम्नाङ्कित चार मन्त्र क्रमैले पढ्नू।

ॐ ऐं आत्मतत्त्वं शोधयामि नमः स्वाहा।
ॐ ह्रीं विद्यातत्त्वं शोधयामि नमः स्वाहा॥
ॐ क्लीं शिवतत्त्व शोधयामि नमः स्वाहा।
ॐ ऐं ह्रीं क्लीं सर्वतत्त्वं शोधयामि नमः स्वाहा॥

त्यसपछि श्री गणेश आदि देवता र गुरूजनलाई प्रणाम गरेर कुश, जल, फूल, अक्षता लिएर संकल्प गर्नु ॐ विष्णु, विष्णु ! ॐ श्री परमात्मा म....यो .....कल्प, मनवन्तर अन्तर्गत कलियुगको प्रथम चरणमा जम्बुद्वीप भारतवर्ष नेपाल देश आर्यावर्तान्तर्गत पुण्य प्रदेशका बौद्ध अवतार ...सम्वत्सर...महिना... पक्ष...को तिथिको... नक्षत्रमा... राशिको....सूर्य ...राशिमा...चन्द्र, भौम, बुध, गुरू, शुक्र, शनि आदि सबै शुभयोगमा रहेको यस शुभ पुण्यतिथिमा...काम... फल प्राप्तिको उद्देश्यले ....म...श्रीमती छोरा, छोरी, दाज्यु, भाइसहित भई ग्रहपीडा, राजपीडा र सर्वपीडा नाश र धन, धान्य, आयु, यश, स्वास्थ्य र श्री नवदुर्गाको कृपाले सबै पाप

निवृत्ति भई सबै शुभ फलहरू र धर्म, अर्थ, काम, मोक्ष आदि गरिएका चार पुरूषार्थ सिद्धिद्वारा श्री महाकाली, महालक्ष्मी, महासरस्वतीका प्रीतिका लागि चण्डी पाठ गर्नका लागि सङ्कल्प गर्दछु। शापोद्वारका लागि शापविमोचन मन्त्र– "ॐ श्रीं श्रीं क्लीं हूं ॐ ऐं क्षोभय मोहय उत्कीलय उत्कीलय उत्कीलय ठं ठं।" यो मन्त्र १०८ पटक जप गर्नुपर्दछ। चण्डी पाठपछि यो मन्त्र २१ पटक पाठ गर्नुपर्दछ। मन्त्र– "ॐ श्रीं क्लीं ह्रीं सप्तशति चण्डिके उत्कीलनं कुरू कुरू स्वाहा" चण्डी पाठको सुरु मध्य र अन्तमा मृत संजीवनी विद्याको सात-सातपटक जप गर्नुपर्दछ मन्त्र- "ॐ ह्रीं ह्रीं वं वं ऐं ऐं मृत संजीवनी विद्ये मृत मुत्था पयोत्थापय क्रीं ह्रीं ह्रीं वं स्वाहा।"

यसपछि चण्डीको पुस्तकलाई खटिया वा काठ वा अन्य शुद्ध आसनमा राखेर पूजा गर्नुपर्दछ। त्यसपछि सधैं कवच अर्गला, कीलकसहित सप्तशती चण्डी पाठ गर्नुपर्दछ र अन्त्यमा देवी सूक्त पाठ गर्नुपर्दछ।



ॐ

॥ श्री दुर्गायै नमः ॥

दुर्गाकवच

ॐ श्री चण्डिका देवीलाई नमस्कार छ ।

मार्कण्डेयले भने– पितामह ! यस संसारमा, ब्रह्माण्डमा मनुष्यहरूको सबै प्रकारले रक्षा गर्ने जो अत्यन्त गोप्य तत्त्व छ र जुन कसैलाई अहिलेसम्म बताइएको छैन, त्यो मलाई भन्नुहोस् । ब्रह्माले भन्नुभयो– "हे ब्राह्मण ! सबै प्राणीको उपकार गर्ने, रक्षा गर्ने, पवित्र पार्ने अत्यन्त गोप्य त श्री देवीको कवच छ । हे महामुनि ! सुन । देवीका नौ रूप (मूर्ति) छन् । जसलाई "नवदुर्गा" भनिन्छ । उनका भिन्दा-भिन्दै रूप र नाम छन् । पहिलो रूपको नाम शैलपुत्री हो । जुन हिमालयको तपस्या र प्रार्थनाबाट उनकी छोरीको रूपमा प्रकट भइन् । दोस्रो रूपको नाम ब्रह्मस्वरूप छ । तेस्रो रूपको नाम चन्द्रघण्टा हो । जसको घण्टामा शीतल चन्द्रमा रहन्छन् । चौथो रूपको नाम कुष्माण्डा हो । जसको उदर अर्थात् पेटमा तीन प्रकारका तापले युक्त भएको संसार रहन्छ । पाँचौं रूप दुर्गाको नाम स्कन्दमाता हो । यिनै भगवतीका शक्तिबाट सनत्कुमार उत्पन्न भएका हुनाले र सनतकुमारको आमा भएकीले यिनलाई स्कन्दमाता भनिएको हो । छैटौं रूपको नाम कात्यायनी हो । देवताहरूको कार्य सिद्ध गर्न देवीमहर्षि कात्यायनको आश्रममा प्रकट भएकी र

महर्षिले उनलाई आफ्नी कन्या मानेका हुनाले उनको नाम "कात्यायनी"ले प्रसिद्ध भएको हो । सातौं रूपको नाम कालरात्रि हो। सबैलाई मार्ने कालको पनि रात्रि अर्थात् विनाशिका हुनाले कालरात्रि भनिएको हो । आठौं रूपको नाम महागौरी हो । यिनले तपस्याद्वारा अति गोरो वर्ण प्राप्त गरेकीले "महागौरी" भनिएकी हुन् । नवौं रूपको नाम सिद्धिदात्री हो । सिद्धि वा मोक्ष दिने भएकीले उनको नाम सिद्धिदात्री रहेको हो । यी सब नाम महात्मा वेद भगवान्ले नै भनेका हुन् ।

महान् रूद्ररूप, अत्यन्त घोर पराक्रम, महान् बल र महान् उत्साह भएकी देवी ! तिमी महान् भयलाई नाश गर्ने हौ । तिमीलाई नमस्कार छ । तिमी हेरिनसक्नुकी छचौ र शत्रुलाई डराउने, भयभीत गराउने हे जगदम्बिके ! मेरो रक्षा गर ।

पूर्व दिशामा ऐन्द्री (इन्द्रशक्ति)ले मेरो रक्षा गरून् । अग्निकोणमा अग्निशक्ति, दक्षिण दिशामा बाराही तथा नैऋत्यकोणमा खड्गधारिणीले मेरो रक्षा गरून् । पश्चिम दिशामा बारूणी र वायव्यकोणमा मृगमा सवार हुने देवी मेरो रक्षा गरून् । उत्तर दिशामा कौमारी र ईशान कोणमा शूलधारिणी देवीले रक्षा गरून् । ब्राह्मणी ! तिमी मेरो आकाश (माथितिर) बाट रक्षा गर । वैष्णी देवी (तलतिर) पृथ्वीबाट मेरो रक्षा गरून् । यसैगरी (लास) मृत शरीरलाई आफ्नो वाहन बनाउने चामुण्डा देवीले दसैं दिशाबाट मेरो रक्षा गरून् ।

जयाले अगाडिबाट रक्षा गरून् विजयाले पछाडिबाट मेरो रक्षा गरून्। बायाँतिर अजिता र दायाँतिर अपराजिताले मेरो रक्षा गरून् । उद्योतिनी देवीले शिखाको रक्षा गरून् । उमा मेरो शिरमा (टाउकोमा) बसेर रक्षा गरून् । मेरो ललाटको (निधारको) मालाधारी र आँखीभौंको यशस्विनी देवी रक्षा गरून्। त्रिनेत्रा आँखीभौंका बीचमा र यमघण्टा नाकमा रक्षा गरून् र शंखिनीले आँखाका मध्य भागमा र द्वारवासिनीले दुवै कानको रक्षा गरून् । कालिकाले कपालको शांकरीले कानका प्वालको रक्षा गरून् । चर्चिकाले माथिल्लो ओठको र सुगन्धा नाकको रक्षा गरून्। अमृतकला तल्लो ओठमा र सरस्वती देवीले जिब्रोको रक्षा गरून् । कौमारीले दाँतको र चण्डिकाले कण्ठस्थानको रक्षा गरुन्। चित्रघण्टाले रूद्रघण्टीको र महामायाले तालुमा बास गरेर रक्षा गरून् । कामाक्षीले चिउँडोको र सर्वमङ्गलाले मेरो वाणीको रक्षा गरून् । भद्रकालीले ग्रीवाको र धनुर्धरीले मेरूदण्डको (ढाडको) रक्षा गरून्। नीलग्रीवाले कण्ठका बाहिरी भागको र नलकुबरीले कण्ठको नली (किलकिलो)को रक्षा गरून् । खड्गधारिणीले दुवै काँधको र बज्रधारिणीले मेरा दुवै बाहुको रक्षा गरून्। दण्डिनीले दुवै हातको र अम्बिकाले सबै औंलाहरूको रक्षा गरून्। शुलेश्वरीले नङहरूको र कुलेश्वरीले दुई कोखाको रक्षा गरून्। महादेवीले दुवै स्तनको र शोकविनाशिनीले मेरा मनको रक्षा गरून् । हृदयमा ललितादेवी शुलधारिणी देवी उदरमा रहेर रक्षा गरून् । कामिनी देवीले नाभीमा र

गुह्येश्वरी देवीले गुह्यको रक्षा गरून्। भगवतीले कम्मरको र विन्ध्यवासिनीले घुँडाको रक्षा गरून्। पुतना र कामिनीले लिङ्गको रक्षा र महिषवाहिनीले गुदाको रक्षा गरून्। सम्पूर्ण कामना दिने भएकी महाबलि देवीले जाँघको रक्षा गरून् र नारसिंहीले गोलीगाँठको र अमिततेजसी देवीले दुवै (खुट्टाको) पाउको रक्षा गरून्। श्रीदेवीले गोडाका औंलाहरूको र तलवासिनीले पैतालाको तल बसेर रक्षा गरून्। द्रष्टाकराली देवीले नङहरूको, उर्ध्वकेशिनी देवीले (कपालका) रौंहरूको रक्षा गरून्। कौबेरीले रौंका प्वालहरूमा र बागीश्वरीले छालाको रक्षा गरून्। रगत, मज्जा, बोसो, मासु, हाड र मेदहरूको पार्वतीले रक्षा गरून्। कालरात्रिले आन्द्राहरूको र मुकुटेश्वरीले पित्तको रक्षा गरून्। परमावतीले मूलधार आदि कमलकोषहरूको र चूडामणि देवीले कफमा रहेर रक्षा गरून्। ज्वालामुखीले नङ्का तेजको र अभेद्यादेवीले शरीरका समस्ता सन्धिहरूमा रक्षा गरून्। ब्राह्मणी ! तिमी मेरा वीर्यको रक्षा गर। छत्रेश्वरीले छायाँको र धर्मधारिणी देवीले मेरो अहंकार, मन र बुद्धिको रक्षा गरून्। हाटमा बज्र धारण गर्ने हे बज्रहस्ता देवी ! तिमी मेरो प्राण, अपान, ब्यान, उदान र समान वायुको रक्षा गर। कल्याणले शोभित भएकी कल्याण शोभनाले मेरो प्राणको र रस, रूप, गन्ध, शब्द, स्पर्श यी विषयको अनुभव गर्ने समयमा योगिनी देवीले मेरो रक्षा गरून्। मेरा सत्वगुण, रजोगुण र तमोगुणको रक्षा नारायणी देवीले गरून्। बाराहीले आयुको रक्षा गरून्। वैष्णवीले धर्मको

रक्षा गरून् र चक्रधारण गर्ने चक्रिणी देवीले यशकीर्ति, लक्ष्मी, धन तथा विद्याको रक्षा गरून् । इन्द्राणी ! तिमी मेरो गोत्रको रक्षा गर । चण्डिका ! तिमी मेरा पशुहरूको रक्षा गर । महालक्ष्मीले सन्तानको रक्षा गरून् र भैरवीले पत्नीको रक्षा गरून् । मेरो मार्गको क्षेमकरीले पथको सूपथाले रक्षा गरून् । राजाको दरबारमा महालक्ष्मीले र सम्पूर्ण भयबाट सबैतिर व्याप्त रहने विजया देवीले मेरो रक्षा गरून् ।

हे देवी ! जो स्थान, अङ्ग, मेरो कवचले रहित भएर रहेका छन्, ती स्थान वा अङ्ग तिमी विजयशालिनी र पापनाशिनी भएकी जयन्ती देवीले रक्षा गर । यदि मनुष्यले आफ्नो भलो चाहने हो भने एक पाइलो पनि कवचले हीन भएर नचलोस्-कवच पाठ गरेर मात्र यात्रा गरोस् । कबचले सुरक्षित मनुष्य जहाँ-जहाँ जान्छ, त्यहाँ-त्यहाँ उसलाई धनलाभ हुन्छ र सम्पूर्ण कामनाको सिद्धि हुने विजय प्राप्ति पनि हुन्छ र जुन-जुन अप्राप्त वस्तु प्राप्त गर्ने इच्छा गर्दछ । त्यो-त्यो वस्तु अवश्य पाउँदछ । त्यो पुरूष यस पृथ्वीमा तुलना नै गर्न नसकिने महान् ऐश्वर्य प्राप्त गर्ने हुन्छ । कवचले सुरक्षित रहेको मनुष्य निर्भय हुन्छ, युद्धमा उसको हार हुँदैन र तीनै लोकमा पूजनीय भएर रहन्छ । देवीको यो कवच देवताहरूलाई पनि दुर्लभ छ । यसैले जो नियमपूर्वक (तीनै सन्ध्या) यसको श्रद्धासहित पाठ गर्दछ, उसले देवी शक्ति प्राप्त गर्छ र उसलाई तीनै लोकमा कहीं पनि हार खानु पर्दैन । यति मात्र नभई उसको अग्नि, जल, बिजुली, सर्प, बाघ, भालु, शत्रु हमला आदिबाट

हुने अकाल मृत्यु पनि हुँदैन र स्वस्थ रही एक सयभन्दा बढी वर्ष जीवित रहन्छ । लूतो, बिफर, कुष्ठ आदि खटिरा-पटिरा जस्ता सबै व्याधिहरू नाशिन्छन् । भाङ, अफिम, धतुरो, संखिया आदि स्थावर विष, साँप, बिच्छी, खजुरो आदिको जंगम विष र मानवबाट बनाइएका अफिम तेलको संयोगले हुने कृत्रिम विष पनि नाशिन्छन् । तिनले असर गर्दैनन् । वायु, जल, अग्नि र पृथ्वीमा भएका मारण, मोहन, उच्चाटन आदि अभिचारपूर्ण सबै मन्त्र, तन्त्र, डुलुवा, ग्रामदेवता आकाशमा बिचर्ने आकाशचारी देवता, जलको सम्बन्धबाट प्रकट हुने गण, उपदेशबाट मात्र सिद्ध हुने निम्नकोटिका देवता, जन्मसाथ प्रकट हुने ग्रह देवता, कुलदेवता, माला (कण्ठमाला) डाङ्किनी, शाङ्किनी, अन्तरिक्षमा विचरण गर्ने डाङ्किनी, भूत, ग्रह, पिशाच, यज्ञ, राक्षस, गन्धर्व, ब्रह्मराक्षस, बेताल, कुष्माण्ड र भैरव आदि अनिष्टकारक देवता पनि सधैं हृदयमा कवच धारणा गरिरहने मानिस देख्नेबित्तिकै भाग्दछन् । उसका अगाडि टिक्न सक्दैनन् । कवचधारी पुरुषलाई राज्यबाट सम्मान बढ्दछ । समाजबाट पनि श्रद्धा र सम्मान मिल्नुका साथै उत्तम कवचका प्रभावले गर्दा उसको तेजको पनि वृद्धि भइरहन्छ । कवच पाठ गर्नेले आफ्नो यश र कीर्तिले पृथ्वीमा रहुन्जेल सुयश र सम्मानित भइरहन्छ र पछि मुक्ति प्राप्त गर्दछ । जसले पहिले कवच त्यसपछि सप्तशती चण्डीको पाठ गर्दछु, त्यसका जबसम्म पर्वत, वन-जङ्गलसहित भूमण्डल रहन्छ, तबसम्म सन्तान परम्परा चलिरहन्छ र त्यसको

देहान्त भएपछि महामायाका प्रसादले गर्दा नित्य परम्पदमा प्राप्त हुन्छ, जो पद देवतालाई पनि दुर्लभ छ र ऊ दिव्यरूप धारण गरेर कल्याणमय शिवका साथमा आनन्द रूपमै आनन्दले रहन्छ ।

श्री दुर्गाकवच समाप्त भयो ।



ॐ

॥ अथार्गलास्तोत्रम् ॥

ॐ चण्डिका देवीलाई नमस्कार छ ।

मार्कण्डेयले भने- जयन्ती सबभन्दा उत्कृष्ट विजय शालिनी देवी मङ्गला-आफ्ना भक्तहरूको जन्म-मरण आदि संसार बन्धनबाट टाढा मोक्षदायिनी, मङ्गलमयी देवी, काली प्रलयकालमा सम्पूर्ण सृष्टिलाई आफ्नो ग्रास बनाउने देवी, भद्रकाली, आफ्ना भक्तहरूलाई दिनका लागि भद्र, सुख र मङ्गललाई स्वीकार गर्ने देवी, कपालिनी-हातमा कपाल र गलामा मुण्डमाला धारण गर्ने देवी, दुर्गा-अष्टाङ्गयोग, कर्म र उपासना रूप दु:साध्य साधनाबाट प्राप्त हुने जगदम्बिका दुर्गा देवी, क्षमा गर ! सम्पूर्ण जगत्‌को जननी भएकीले, अत्यन्त करूणामय स्वभावका कारणले गर्दा भक्त र अरूको पनि सारा अपराध क्षमा गर्ने देवी, शिवा सबैको कल्याण गर्ने जगदम्बादेवी, धात्री सम्पूर्ण प्रपञ्चलाई धारणा गर्ने देवी, स्वाहा-स्वाहा रूपले यज्ञ भाग ग्रहण गरी देवताहरूलाई पोषण गर्ने देवी स्वधा:–स्वधा रूपले श्राद्ध र तर्पण स्वीकार गरी पितर (पितृ)हरूलाई पोषण गर्ने यी आदि नामबाट प्रसिद्ध हे जगदम्बिका ! तिमीलाई मेरो प्रणाम छ । हे देवी चामुण्डे ! तिम्रो जय होस् । सम्पूर्ण प्राणीको दु:ख हरण गर्ने जगदम्बे ! तिम्रो जय होस् । सबैमा व्यापक रहनेवाली देवी ! तिम्रो जय होस् । हे कालरात्रि तिमीलाई नमस्कार छ । मधु-कैटभलाई

मार्ने, ब्रह्मालाई वर दिने हे देवी ! तिमीलाई नमस्कार छ । तिमी मलाई रूप (आत्मस्वरूपको ज्ञान) देऊ, जय (मोहप्रति विजय) देऊ, यश (मोह-विजय तथा ज्ञान प्राप्ति रूप) यश देऊ र काम क्रोध आदि शत्रुहरूलाई नाश गर। महिषासुरलाई नाश गर्ने, भक्तजनलाई वर दिने हे देवी ! तिमीलाई नमस्कार छ । मलाई आत्मस्वरूपको ज्ञान देऊ, मोहप्रति विजय देऊ, मोह-विजय, तथा ज्ञान, प्राप्ति रूप, यश, देऊ र काम, क्रोध आदि शत्रुलाई नाश गर। रक्तबीजको वध गर्ने, चण्ड-मुण्डको विनाश गर्ने हे देवी ! तिमीलाई नमस्कार छ । रूप देऊ, जय देऊ, यश देऊ, शत्रु नाश गर । शुम्भलाई, निशुम्भलाई र धूम्राक्षलाई पनि मर्दन गर्ने हे देवी ! रूप देऊ, जय देऊ, यश देऊ, शत्रु नाश गर । सबले चरणकमलमा ढोगिने, सब सौभाग्य प्रदान गर्नेवाली हे देवी ! रूप देऊ, जय देऊ, यश देऊ र शत्रु नाश गर। अचिन्त्य रूप र चरित्रवाली सब शत्रु विनाश गर्ने हे देवी ! रूप देऊ, जय देऊ, यश देऊ, शत्रु नाश गर। हे पाप नाश गर्ने चण्डिके ! जो सर्वदा भक्तिले तिम्रा चरणमा मस्तक नमाउँ छन्, तिनलाई रूप देऊ, जय देऊ, यश देऊ, शत्रु नाश गर। व्याधि नाश गर्ने हे चण्डिके ! जो तिमीलाई भक्तिपूर्वक स्तुति गर्दछन्, तिनीहरूलाई रूप देऊ, जय देऊ, यश देऊ, शत्रु नाश गर चण्डिके ! यस संसारमा जो भक्तिले निरन्तर तिमीलाई पूजा गर्दछन्, तिनलाई रूप देउ, जय देऊ, यश देऊ, शत्रु नाश गर । मलाई सौभाग्य देऊ, आरोग्य देऊ, उत्तम सुख देऊ, रूप देऊ,

जय देऊ, यश देऊ, शत्रु नाश गर । मेरो द्वेष गर्नेलाई नाश गर मेरो बल बढाऊ, मलाई रूप देऊ, जय देऊ, यश देऊ शत्रु नाश गर । हे देवी ! मेरो कल्याण गर । मलाई उत्तम सम्पत्ति प्रदान गर । रूप देऊ, जय देऊ, यश देऊ, शत्रु नाश गर । देव-दानव सबका शिरका मुकुट मणिले चरण स्पर्श गरिएकी हे अम्बिके ! रूप देऊ, जय देऊ, यश देऊ, शत्रु नाश गर । आफ्ना भक्तजनलाई विद्वान्, यशस्वी, लक्ष्मीवान् गराई रूप देऊ, जय देऊ, यश देऊ, शत्रु नाश गर । प्रचण्ड दैत्यहरूको घमण्ड नाश गर्ने हे चण्डिके ! शरणागत भएको मलाई रूप देऊ, जय देऊ, यश देऊ, शत्रु नाश गर । चतुर्मुखी ब्रह्माले स्तुति गरिएकी चार भुजावाली हे परमेश्वरी ! रूप देऊ, जय देऊ, यश देऊ, शत्रु नाश गर । नित्य निरन्तर कृष्णले भक्तिले स्तुति गरिएकी हे अम्बिके देवी ! रूप देऊ, जय देऊ यश देऊ शत्रु नाश गर । हिमाचलकी पुत्री पार्वतीका नाथ महादेवले प्रशंसा गरिएकी हे परमेश्वरी ! रूप देऊ, जय देऊ, यश देऊ शत्रु नाश गर । इन्द्राणीका पति इन्द्रले सद्भावले पूजिएकी हे परमेश्वरी ! रूप देऊ, जय देऊ, यश देऊ, शत्रु नाश गर । प्रचण्ड भुजदण्डवाला दैत्यको घमण्ड नाश गर्नेवाली हे देवी ! रूप देऊ, जय देऊ, यश देऊ, शत्रु नाश गर । भक्तजनलाई असीम आनन्द, अभ्युदय दिने हे देवी अम्बिके ! रूप देऊ, जय देऊ, यश देऊ शत्रु नाश गर । हे देवी, मलाई सन्तान देऊ, धन देऊ, सब इच्छा भएका सुख भोग पनि देऊ, रूप देऊ, जय देऊ, यश देऊ,

शत्रु नाश गर । दुर्गम संसार सागर तर्ने ठूलो कुलमा उत्पन्न भएका कन्या कुमार जो मेरो मनको इच्छाअनुसार चल्ने जोडा मिलाईदऊ । जो मानिस यो स्तोत्र पाठ गरेर सप्तशती महास्तोत्र पाठ गर्दछ, त्यसैले सप्तशतीको जप संख्याले मिल्ने श्रेष्ठ फल प्राप्त गर्दछ, प्रशस्त सम्पत्ति पनि प्राप्त गर्दछ ।

अथार्गलास्तोत्र समाप्त भयो ।



ॐ

अथकीलकम्

ॐ चण्डिका देवीलाई प्रणाम छ ।

मार्कण्डेयले भने- विशुद्ध ज्ञानमय देह भएका, तीन वेद नै दिव्य तीन नेत्र भएका, कल्याण प्राप्तिका हेतु भएका मस्तकमा अर्धचन्द्रको मुकुट धारण गरेका भगवान् शिवलाई (शङ्करलाई) प्रणाम छ । मन्त्रहरूको अभिकीलक अर्थात् बिघ्न नाश गर्ने- यस सप्तशती स्तोत्रलाई सम्पूर्ण रूपले जान्नु पर्दछ । यद्यपि सप्तशतीको अतिरिक्त अन्य मन्त्रका जपमा निरन्तर लागिरहन्छ, त्यसले पनि कल्याण प्राप्त गर्दछ र उच्चाटन, मारण, मोहन आदि सबै कर्म सिद्ध गर्दछ । साथै, दुर्लभ वस्तुहरू पनि प्राप्त गर्दछ । तैपनि जो अन्य मन्त्रको जप नगरेर केवल यिनै सप्तशती नामक स्तोत्र पाठद्वारा नै देवीको स्तुति गर्दछन् उनीहरूलाई स्तुति मात्रबाट पनि सच्चिदानन्दस्वरूपिणी देवी सिद्ध हुन्छिन् । उनीहरूलाई आफ्नो कार्यसिद्धिका लागि मन्त्र, औषधि तथा अन्य कुनै साधन साधनाको आवश्यकता पर्दैन । बिनाजप नै उनीहरूलाई समस्त अभिचारिक कर्म सिद्ध हुन्छन्, यति मात्र नभएर उनीहरूका इच्छित अप्राप्त वस्तु सबै प्राप्त हुन्छन् । मानिसहरूको मनमा शङ्का थियो कि सप्तशतीको पाठ र अन्य मन्त्रको जपबाट पनि समान रूपले सबै कार्यसिद्धि हुने भएकोले यीमध्ये श्रेष्ठ कुन साधन हो ? मानिसहरूको यो

शङ्कालाई भगवान् (शङ्करले) शिवले नै स्वयं जिज्ञासुहरूलाई यो सप्तशती नामको सम्पूर्ण स्तोत्र नै सर्वश्रेष्ठ एवं कल्याणमय छ भनेर भन्नुभएको छ ।

त्यसपछि भगवती चण्डिकाको सप्तशती नामक स्तोत्रलाई महादेवले गुप्त गरिदिनुभयो । सप्तशतीको पाठबाट जुन पुण्य प्राप्त हुन्छ, त्यो कहिल्यै समाप्ति हुँदैन, नासिँदैन तर अरू मन्त्रको जपबाट प्राप्त पुण्यको समाप्ति हुन्छ, नासिन्छ । त्यसकारण भगवान् शिवले अन्य मन्त्रको अपेक्षा दुर्गा सप्तशती चण्डीको नै श्रेष्ठताको पक्षमा निर्णय दिनुभएकाले यसलाई यथार्थ जान्नुपर्दछ । अरू मन्त्रहरूको जप गर्नेले पनि यदि सप्तशती स्तोत्रको अनुष्ठान जप गरेमा ऊ पनि पूर्णरूपमा कल्याणका भागी हुन्छ, कल्याण प्राप्त गर्दछ । यसमा सन्देह छैन । जो साधक कृष्णपक्षको चतुर्दशी अथवा अष्टमीमा एकाग्र चित्त भएर भगवतीका सेवामा आफ्नो सर्वस्व समर्पण गरेर त्यसलाई प्रसादका रूपमा ग्रहण गर्दछ । उसैसँग भगवती प्रसन्न हुन्छिन् अन्यथा उनी प्रसन्न हुन्नन् । त्यसैले यसरी समर्पण गरेको धन, धान्य भगवती आमाले भनिरहेकी छन् कि गृहस्थ र व्यवहार सञ्चालनका लागि प्रसादका रूपमा दिएको धन, धान्य ग्रहण गर भनेपछि त्यसमा मेरोपन हटाएर प्रसाद दृष्टिले ग्रहण गर्नुपर्दछ । यसरी सिद्धिको प्रतिबन्ध रूप कीलकद्वारा महादेवले यो सप्तशती स्तोत्रलाई कीलित गरिएको छ । जो सप्तशती स्तोत्रलाई निष्कीलन गरेर नित्य प्रस्ट उच्चारणले पाठ

गर्दछन् । ती मनुष्यहरू सिद्ध, गन्धर्व, भगवतीको गण र पार्षद् पनि हुन्छन्, यस संसारमा सर्वत्र डुलिरहे पनि त्यसलाई कहीं कुनै प्रकारको डर हुँदैन । अकाल मृत्युका वशमा पनि पर्दैन, शरीर, देहत्यागपश्चात् मोक्षपद पाउँछ । अत: कीलकलाई जानेर त्यसलाई हटाएर नै सप्तशती स्तोत्र पाठ गरोस् । त्यसो नगर्ने नासिन्छ । कीलक र निष्कीलनको ज्ञान प्राप्त गरेर नै यो स्तोत्र निर्दोष हुन्छ । विद्वान्हरू निर्दोष नै पाठ गर्दछन् । स्त्री जातिमा जे-जे सौभाग्यादि देखिन्छ, त्यो सब देवीकै प्रभावले हो । तसर्थ यो कल्याणदायक स्तोत्र सधैं पाठ गर्नु उचित छ । यो स्तोत्र मन्दस्वरले पाठ गर्नाले थोरै फल मिल्दछ, उच्च स्वरले पाठ गर्नाले समग्र फल प्राप्त हुन्छ, त्यसकारण प्रस्ट र उच्च स्वरले नै पाठ गर्नुपर्दछ । जुन देवी जगदम्बाका प्रसादले ऐश्वर्य, सौभाग्य, आरोग्य, सम्पत्ति, शत्रु नाश, परंमोक्ष पनि सिद्ध हुन्छन् । अनि ती जगदम्बाको मनुष्यहरूले किन स्तुति पाठ नगरून् ? जसरी भए पनि जगदम्बा देवीको स्तुतिपाठ गर्दछन् । स्तुति पाठअनुरूप लाभ पनि प्राप्त गर्दछन् ।

दुर्गा सप्तशती कीलक समाप्त भयो ।



ॐ क्लीं नमः



माता श्री महाकाली

श्रीदेव्यर्थवशीर्ष

सबै देवताहरू देवीका अगाडि नम्रतापूर्वक सोध्न लागे हे महादेवी ! तपाईं को हुनुहुन्छ ?

उनले भनिन्– म ब्रह्मस्वरूप हुँ । मबाट नै प्रकृति-पुरुषात्मक सद्रूप र असद्रूप जगत् उत्पन्न भएको हो । म नै आनन्द र अनान्दरूप हुँ । म नै विज्ञान र अविज्ञान रूप हुँ। अवश्य जान्नैपर्ने ब्रह्म र अब्रह्म पनि म नै हुँ। पञ्चकृत अपञ्चकृत महाभूत पनि मै हुँ । यो सारा दृश्य जगत् म नै म हुँ । वेद र अवेद म नै हुँ । विद्या र अविद्या पनि म नै हुँ। प्रकृति र प्रकृतिभन्दा फरक माथि, तल, दायाँ, बायाँ पनि म नै म हुँ ।

म नै रूद्र र वसुरूपले संचालन गर्दछु । म नै सूर्य र विश्वेदेवका रूपमा घुम्दछु। म नै मित्र, वरूण, इन्द्र र अग्निका साथै अश्विनी कुमारहरूसमेतलाई भरण-पोषण गर्दछु । मै सोम, त्वष्टा, पुषा र भगलाई धारण गर्दछु । तीनै लोकलाई आक्रान्त गर्नका लागि विशाल पाउ भएका (वासुदेव) विष्णु, ब्रह्मदेव र प्रजापतिलाई म नै धारण गर्दछु ।

देवताहरूलाई उत्तम हवि पुऱ्याउने र सोमरस निकाल्ने यजमानका लागि हवि र द्रव्यले युक्त धन धारण गर्दछु । म सम्पूर्ण जगत्को ईश्वरी, उपासकहरूलाई धन दिने ब्रह्मरूप र पूजा गर्न योग्य देवहरूमा मुख्य मै हुँ। म आत्मास्वरूपमा आकाशादि निर्माण गर्दछु । मेरो स्थान आत्मास्वरूप धारण

गर्ने बुद्धिवृद्धिमा छ । जो यो कुरा बुझ्दछ, जान्दछ, उसैले दैवी सम्पत्ति प्राप्त गर्दछ ।

त्यसपछि ती देवताहरूले भने ! देवीलाई नमस्कार छ । ठूला-ठूलाहरूलाई पनि आ-आफ्ना कर्ममा प्रवृत्त गराउने कल्याणकर्तीलाई नमस्कार छ ।

गुणसाम्यावस्थारूपिणी मङ्गलमयी देवीलाई नमस्कार छ । नियमयुक्त भएर हामीहरू उनलाई प्रणाम गर्दछौं ।

ती अग्निजस्तो वर्ण भएकी, ज्ञानले जगमगाइरहेकी, प्रकाशले पूर्ण, कर्मफल प्राप्तिका लागि सेवा गरिने दुर्गादेवीका हामी शरणमा छौं । (दैत्यहरूलाई) दानवहरूलाई नाश गर्ने हे देवी ! तिमीलाई नमस्कार छ ।

प्राणरूप देवताले जुन प्रकाशवान् वैखरी वाणीलाई उत्पन्न गरे, त्यसैले अनेक प्रकारका प्राणीहरू बोल्दछन् । तिनै कामधेनु समान आनन्द र अन्न, बलसमेत दिने वाग्रूपिणी भगवती हाम्रा उत्तम स्तुतिले सन्तुष्ट भएर हाम्रा नजिक आउन ।

काललाई पनि नाश गर्ने भएकी, वेदहरूले स्तुति गरिएकी विष्णुशक्ति, स्कन्दमाता (शिवशक्ति), सरस्वती (ब्रह्मशक्ति), देवमाता, आदिती र दक्षकन्या (सती) पापनाशिनी कल्याणकारिणी भगवतीलाई हामी प्रणाम गर्दछौं ।

हामी महालक्ष्मीलाई जान्दछौं र उनै सर्वशक्तिस्वरूपिणीको ध्यान गर्दछौं । उनै देवीले हामीलाई ज्ञान र ध्यानमा लगाउन ।

हे दक्ष ! तिम्री र जुन छोरी आदिती छिन्, उनी सुत्केरी भइन् र उनीबाट मृत्युरहित कल्याणमय देवता उत्पन्न भए ।

काम (क), योनि (ए), कमला (ई), वज्रपाणि - इन्द्र (ल), गुहा (ह्री) ह, स-वर्ण, मातरिश्वा-वायु (क), अभ्र (ह), इन्द्र (ल), पुन गुहा (ह्रीं), स क, ल वर्ण और माया ह्रीं- यी सबैकी आत्मास्वरूपिणी जगन्माताको मूल विद्या हो र यिनी नै ब्रह्मरूपिणी हुन् ।

"शिवशक्त्यभेदरूपा, ब्रह्मा-विष्णु-शिवात्मिका, सरस्वती, लक्ष्मी, गौरीरूपा, अशुद्धमिश्र, शुद्धोपासनात्मिक, समरसीभूत, शिवशक्त्यात्मक ब्रह्मस्वरूपको निर्विकल्प ज्ञान दिने सर्वतत्त्वात्मिका महात्रिपुरासन्दरी यही यो मन्त्रको भावार्थ हो । यो मन्त्र सबै मन्त्रहरूको मुकुटमणि हो र मन्त्रशास्त्रमा पञ्चदशी आदि श्रीविद्याका नामले प्रसिद्ध छ । यसको छ प्रकारको अर्थ अर्थात् भावार्थ, वाच्यार्थ, सम्प्रदायार्थ, लौकिकार्थ, रहस्यार्थ र तत्त्वार्थ "**नित्यषोडशिकार्णव**" ग्रन्थमा बताइएको छ । यस्तै "**वरिवस्यारहस्य**" आदि ग्रन्थमा यसको अरू पनि अनेक अर्थ देखाइएको छ । श्रुतिमा पनि यो मन्त्रलाई यस प्रकारको अर्थात् कहीं स्वरूपोच्चार, कहीं लक्षणा र लक्षित लक्षणाले र कहीं वर्णका पृथक्-पृथक् अवयव दर्शाएर जानी-बुझिकन विशृंखल रूपले कहिएको छ । यसबाट यो बुझिन्छ कि यो मन्त्र कति गोप्य र महत्त्वपूर्ण छ ।"

यिनै परमात्माकी शक्ति हुन् । यिनै विश्वमोहिनी हुन् । यिनै पाश, अंकुश, धनुष र वाण धारण गर्ने हुन् । यिनै "श्रीमहाविद्या" हुन् । जो यो जान्दछ, उसले शोकलाई पार गर्दछ ।

भगवती ! तिमीलाई नमस्कार छ । माता ! आमा सबै प्रकारले हाम्रो रक्षा गर्नुहोस् ।

(मन्त्रद्रष्टा ऋषि भन्दछन्– उनै यी अष्ट वसु हुन् । उनै यी एकादश रूद्र हुन् । उनै (द्वादश आदित्य) बाऱ्ह सूर्य हुन् । उनै सोमरस पान गर्ने र नगर्ने विश्वदेव हुन् । उनै यी यातुधान (एक प्रकारको राक्षस), असुर राक्षस, पिशाच, यक्ष र सिद्ध हुन् । उनै यी सत्व, रज, तम हुन् । उनै यी ब्रह्मा, विष्णु, रूद्ररूपिणी हुन् । उनै यी प्रजापति इन्द्र, मनु हुन् । उनै यी ग्रह, नक्षत्र र ताराहरू हुन् । उनै कला-काष्ठादि कालरूपिणी हुन् । तीनै पाप नाश गर्ने भएकी, भोग र मोक्ष दिने, अन्तरहित, विजयाधिष्ठात्री, निर्दोष, शरण पर्न योग्य कल्याणदात्री र मंगलरूपिणी देवीलाई हामी सदा प्रणाम गर्दछौं ।

वियत् - अकाश (ह) तथा 'ई' कारले युक्त, वीतिहोत्र - अग्नि (र) सहित अर्धचन्द्र (ँ) - ले अलंकृत जुन देवीको बीज हो, त्यो सबै मनोरथ पूर्ण गर्नेवाला छ । यसप्रकारले यो एकाक्षर ब्रह्म (ह्रीं) - को यस्ताले ध्यान गर्दछन् कि, जसको चित्त शुद्ध छ, जो निरतिशयानन्दपूर्ण र ज्ञानको सागर छ । यो मन्त्रलाई देवी प्रणव मानिन्छ । ॐकार समान यो प्रणव पनि व्यापक अर्थले पूर्ण छ । संक्षेपमा यसको अर्थ इच्छा, ज्ञान, क्रियाको आधार, अद्वैत, अखण्ड, सच्चिदानन्द, समरसिभूत, शिवशक्तिस्फूरण हो ।

वाणी (ऐं) माया (ह्रीं) ब्रह्मसू-काम (क्लीं) यसपछि छैटौं ब्यञ्जन अर्थात् च, उही वस्त्र अर्थात् आकारले युक्त (चा),

सूर्य (म), अवाम स्रोत - दक्षिण कर्ण (उ) र विन्दु अर्थात् अनुस्वारले युक्त (मुं) टकारबाट तेस्रो उ, उही नारायण अर्थात् 'आ' सँग मिस्सिएको (डा), वायु (य), उही अधर अर्थात् 'ऐ' सँग युक्त (यै) साथै 'विच्चे' यो नवार्णमन्त्र उपासकलाई आनन्द र ब्रह्मसायुज्य दिनेवाला छ ।

यो मन्त्रको अर्थ– हे चित्स्वरूपिणी महासरस्वती ! हे सद्रूपिणी महालक्ष्मी ! हे आनन्दरूपिणी महाकाली ! ब्रह्मविद्या प्राप्त गर्नका लागि हामी सधैं तपाईंको ध्यान गर्दछौं । हे महाकाली-महालक्ष्मी-महासरस्वती-स्वरूपिणी चण्डिका ! तिमीलाई नमस्कार छ । अविद्यारूपी डोरीको बलियो गाँठो खोलेर मलाई मुक्त गर ।

हृदयकमलको बीचमा रहने, उदयका लिन सूर्य समान तेज भएकी, पाश र अंकुश धारण गर्ने, मनोहर रूप भएकी, वरद र अभय मुद्रा धारण गरेका हात भएकी, तीन नेत्रले युक्त, रातो बस्त्रले शोभिएकी र कामधेनु समान भक्तहरूको मनोरथ पूरा गर्ने देवीलाई म भज्दछु ।

महाभयलाई नाश गर्ने, महासंकटलाई शान्त गर्ने । महाकरूणाकी साक्षात् मूर्ति तिमी महादेवीलाई म नमस्कार गर्दछु ।

जसको स्वरूप ब्रह्माआदिहरूले पनि जान्दैनन्, त्यसैले जसलाई अज्ञेया भनिन्छ, जसको अन्त छैन, त्यसैले जसलाई अनन्ता भनिन्छ, जसको लक्ष्य देखिदैन, त्यसैले जसलाई अलक्ष्या भनिन्छ । जसको जन्म छैन, त्यसैले जसलाई अजा भनिन्छ ।

जो एक्लै सर्वत्र व्याप्त छ, त्यसैले जसलाई एका भनिन्छ। जो एक्लै विश्वरूपमा रहेकी छिन्, त्यसैले यिनलाई नैका भनिएको छ। यसैले गर्दा उनी अज्ञेया, अनन्ता, अलक्ष्या, अजा, एका र नैका भनिएकी हुन्।

सबै मन्त्रमा "मातृका" मूल अक्षर रूपले रहने, शब्दहरूमा ज्ञान अर्थ रूपले रहने, ज्ञानमा "चिन्मयातीता" शून्यमा "शून्यसाक्षिणी" तथा जोभन्दा अरू कुनै श्रेष्ठ छैन, त्यो नै दुर्गाको नामबाट प्रसिद्ध छ।

ऊनै दुर्विज्ञेय, दुराचारनाशक साथै संसारसागरबाट तारनेवाली दुर्गादेवीलाई संसारदेखि डराइरहेको म नमस्कार गर्दछु।

यो अथर्वशीर्षलाई जो पढ्दछ, उसलाई पाँच अथर्वशीर्ष जपको फल मिल्दछ। यो अथर्वशीर्षलाई नजानेर जो प्रतिमा स्थापना गर्दछ, उसले सय करोडौं लाख जप गरेर पनि पूजा गरेको फल प्राप्त गर्दैन। एक सय आठपटक (१०८) जप इत्यादि यसको पुरश्चरणविधि हो। जो यसलाई दसपटक पाठ गर्दछ, ऊ त्यसै क्षण पापबाट मुक्त हुन्छ र महादेवीका प्रसादले ठूलाठूला संकटबाट पनि पार पाउँछ।

यसलाई साँझमा पाठ गर्नाले दिनमा गरेको पाप नाश हुन्छ। बिहान जप गर्नाले राती गरेको पाप नाश हुन्छ र दुवै समय पाठ गर्नाले ऊ निष्पाप हुन्छ। मध्यान्ह पाठ गर्नाले वाक्सिद्धि प्राप्त हुन्छ। नयाँ प्रतिमामा पाठ गर्नाले देवता सान्निध्य प्राप्ति हुन्छ। प्राणप्रतिष्ठाको समयमा पाठ

गरेमा प्राणप्रतिष्ठा हुन्छ । भौमाश्विनी (अमृतसिद्धि) योगमा महादेवीको सान्निध्यमा जप गरेमा महामृत्युबाट पार पाउँछ । जसले यसरी यो जान्दछ, उ, महामृत्युबाट तर्दछ, पार पाउँछ । यस्ती यी अविद्यानाशिनी ब्रह्मविद्या छिन् ।



श्री दुर्गा भवानीलाई - प्रणाम छ ।

मधु-कैटभ वध भएको पहिलो अध्याय

श्री दुर्गा सप्तशतीका प्रथम चरित्रको ब्रह्मा, ऋषि, महाकाली, देवता, गायत्री छन्द, नन्दा शक्ति, रक्तदन्तिका बीज, अग्नि तत्त्व र ऋग्वेद स्वरूप हुन् । श्री महाकाली देवताको प्रसन्नताका लागि प्रथम चरित्रको जपमा विनियोग लिन्छु ।

ध्यान

श्री भगवान् विष्णु सुत्नु भएपछि मधु र कैटभलाई मार्नाका लागि कमलबाट उत्पत्ति हुनुभएका ब्रह्माजीले जसको सम्झना र ध्यान गर्नुभयो, तिनै महाकाली देवीलाई प्रणाम गर्दछु । ती आफ्ना दस हातमा खड्ग, चक्र, गदा, वाण, धनुष, परिध, शूल, भुशुण्डी, मस्तक र शङ्ख धारणा गर्दछिन् । उनका तीन आँखा छन् । उनका समस्त अङ्गहरू दिव्य आभूषणहरूले विभूषित छन् । उनको शरीरको तेज नीलमणिका समान छन् । उनी दस मुख र दस पाउले युक्त छिन् ।

ॐ ऐं

ॐ

श्री चण्डिकालाई प्रणाम छ ।

मार्कण्डेयले भने- जो आठौं मनु भनिन्छन्, ती सावर्णी सूर्यका पुत्र हुन् । तिनको उत्पत्तिको कथा मबाट सुन । ती सूर्यका पुत्र महाभाग सावर्णी महामायाका अनुग्रहले कसरी मन्वन्तरका अधिपति भए त्यो कथा भन्दछु । अघि स्वारोचिष मनवन्तरमा चैत्र वंशमा उत्पन्न भएका एक सुरथ नाम गरेका क्षेत्रीय राजा थिए । उनको समस्त भूमण्डलमा अधिकार राज थियो । प्रजाहरूलाई आफ्नै छोराजस्तै गरेर यिनले पालना गर्दथे । त्यतिबेला कोलविध्वंसी (एउटा कुलका राजा जसले दक्षिणमा पर्ने कोल नाम गरेको प्रसिद्ध प्राचीन नगरमा समेत आक्रमण गरी विध्वंस गरेका थिए) शत्रुहरूको संख्या कमै भए तापनि राजा सुरथले युद्धमा हार खानुपऱ्यो । त्यसरी हार खाएर आएपछि सुरथ आफ्ना देशको मात्र राजा भएर बस्न थाले । तर उनकै राज्यमा पनि आई शत्रु राजाहरूले आक्रमण गरे । उता राजा सुरथ दुर्बल हुँदै गएका बखतमा आफ्नै मन्त्री राज्य, धन, शस्त्र र सेनासमेत हटाएर र दुर्बल हुँदै गएका राजाबाट दरबारी सेना र सम्पत्ति पनि उनीहरूले नै हटाए । यी सब क्रियाकलाप देखेर हेर्न नसकी राजा सुरथ सिकारको बहानामा घोडा चढेर दरबारबाट हिंडी घना जङ्गलभित्र प्रवेश गरे र जाँदाजाँदा उनी त्यहाँ पुगे, जहाँ शान्त स्वभावका हिंस्रक भएर पनि हिंस्रक स्वभाव छाडेका वन्यजन्तुले

भरिएको मुनिका शिष्यहरूले शोभिएको ब्राह्मणमा श्रेष्ठ, मेधा ऋषिको आश्रम देखे। ती मुनिले सत्कार गरिएका राजा श्रेष्ठ मुनिको त्यस आश्रममा यता-उता हेरेर केही काल रहे। माया ममताले मन खिचिएर फेरि तिनी यस्तो चिन्ता गर्न लागे कि, मेरा पुर्खाहरूले राज्य गरेको सहर, पालन गरेका प्रजालाई मेरा दुष्ट दुराचारी भृत्यहरूले रक्षा, पालना गरेका होलान् कि नहोलान् ? मेरो साह्रै शूरो मदमत्त हात्ती अहिले शत्रुका हातमा परेर के अवस्थामा कस्तो भोग भोग्दै होला ? जो मानिसहरू सधैं मेरो कृपा, धन, भोजन पाएर मेरै पछि-पछि लाग्दथे। अब उनीहरू अवश्य अहिलेका मेरा शत्रु राजाहरूकै पछि लाग्दा हुन्। ती फजुल खर्चीहरूका हातमा परेर मेरो धेरै दुःख कष्टले आर्जेको ढुकुटी खाली भइसक्यो होला। यस्तै धेरै कुराहरू विचार गरी राजा सुरथ चिन्तामग्न रहन्थे। एकदिन त्यहाँ मेधा ऋषिकै आश्रमछेउमा एक वैश्यलाई देखे र उसलाई सोधे– "भाइ तिमी को हौ ? यहाँ तिमी आउनुको कारण के छ ? तिमी किन असन्तुष्ट र चिन्ताले ग्रस्तजस्ता देखिन्छौ ?" राजाका यस्ता वचन सुनी त्यो वैश्यले नम्रतापूर्वक प्रणाम गरी भन्न लाग्यो। वैश्यले भन्यो– "म धनी कुलमा जन्मेको समाधि नामको वैश्य हुँ। हजुरले मलाई जस्तो देख्नुभएको छ, त्यो ठीक हो। तर के गरौं, मेरो मन निष्ठुर भएर बस्न सक्तैन। जसले धनको लोभमा परेर बाबुलाई श्रद्धा, स्नेह, पतिलाई प्रेम र आत्मीयनजहरूलाई तिलाञ्जली दिएर छोरा, पत्नी र बान्धवहरूले मलाई घरबाट निकालि-

दिए । उनीहरूकै लागि हृदयमा स्नेह र ममताले गुणहीन दाज्युभाइ र परिवारप्रति नै मेरो मन भने झन्-झन् शोक मग्न भइरहेको छ । यो के भएको हो, म जानेर पनि जान्दिनँ । उनीहरूकै माया र ममताले गर्दा म निसास्सिई-रहनुका साथै हृदय पनि एकदम दुःखित भइरहन्छ । उनीहरू एकदम प्रेमले रहित र दुष्ट स्वभावले गर्दा अति निष्ठुर छन् तापनि मेरो भने निष्ठुरताको सट्टा उनीहरूकै कल्याण, भलाइ र माया, ममताको कारणले गर्दा उतै मन खिचिइरहेछ, म के गरौं ?

मार्कण्डेयले भने– "हे ब्राह्मण !" त्यसपछि ती श्रेष्ठ राजा र समाधि नामका वैश्य दुवै साथसाथै मुनिका अगाडि गए । उनीसँग यथायोग्य विनयपूर्वक बर्ताब गरेर बसेका ती वैश्य र राजाले केही कथा (वार्तालाप) आरम्भ गरे । राजाले भने, भगवान् ! म तपाईंलाई एउटा कुरा सोध्न चाहन्छु, त्यो बताउनुहोस् । मेरो चित्त वशमा नभएकाले एउटा कुराले मेरो मनलाई दुःख दिइरहेको छ । अर्काको हातमा गएको राज्य र उसका सम्पूर्ण अङ्गहरूमा मेरो ममत्व उत्तिकै बनिरहेकै छ । हे मुनि ! श्रेष्ठ जानेर पनि अज्ञानीझैं मनमा दुःख हुन्छ, यो क्या हो ? यी वैश्य पनि छोरा स्त्री र दाज्युभाइहरूले अपमान गरेर निकालिएको रहेछ । स्वजनले पनि त्यागिएको रहेछ । तापनि ऊ भने हृदयमा तिनैमा अत्यन्त स्नेह गर्दो रहेछ । यस प्रकार यी र म दुवै अति दुःखी छौं । प्रत्यक्ष दोष देखिएको कुरामा पनि ममत्वले मन खिचिएका छौं ।

हे महाभाग ! हामी दुवै जाने-सुनेका भएर पनि जुन यो मोह छ, त्यो के हो ? विवेकले शून्य भएका मनुष्यमा जस्तै हामी दुईमा पनि अहिले विवेकशून्य भई यो मोहले ढाकेर यो मूढता प्रत्यक्ष नै देखिएको छ ।

ऋषिले भने– "महाभाग ! विषयका मार्गको ज्ञान सब जन्तुलाई छ । विषय पनि सबका अलग-अलग छन् । कति प्राणी दिनमा अन्धा हुन्छन् । कति रातमा अन्धा हुन्छन् । कति प्राणी दिनमा र रातमा समेत बराबरै देख्ने हुन्छन् । मनुष्य समझदार हुन्छन् सत्य हो, किन्तु केवल ती मात्र त समझदार हुँदैनन् किनकि पशु, पंक्षी, मृग आदि सब ज्ञानी नै हुन्छन् । जुन समझदारी ती मृग पंक्षीहरूमा छ त्यही समझदारी मनुष्यहरूमा पनि छ । मनुष्यमा जे छ, त्यही पशुपंक्षीहरूमा पनि छ । त्यस्तै अरू व्यवहार पनि प्राय: दुवैमा पशुपंक्षीहरूमा पनि छ । त्यस्तै अझ व्यवहार पनि प्राय: दुवैमा समानै छन् । ज्ञान समझदारी भए तापनि यी चराहरूलाई हेर आफू भोकले पीडित भएर पनि बच्चाका चुच्चामा कति स्नेहले कनिकाका दान हाल्दछन् । हे नर श्रेष्ठ ! हर मनुष्यहरू पनि प्रत्युपकार गर्ला भन्ने लोभले नै पुत्रहरूका प्रति अभिलाषा भएका हुन्छन्, के तिनलाई देख्दैनौ ? तिनमा ज्ञानको कमी छैन, तथापि संसारको (स्थिति) लोकव्यवहार चलाउने भगवती महामायाको प्रभावले ममतारूपी भुमरी भएका मोहका गहिरा खाडलमा गिराइएका छन् । त्यसकारण यसमा आश्चर्य मान्नुपर्दैन । जगत्पति भगवान् विष्णुका योगनिन्द्रा,

जो महामाया छन्, उनैद्वारा जगत् मोहित भएको छ । उनै महामाया भगवती देवी ज्ञानीहरूका चित्तलाई पनि बलात् खिचेर मोहमा पार्दछिन् यो सम्पूर्ण चराचर जगत् सृष्टि गर्ने उनै हुन् र उनैका प्रसन्नतामा मानिसहरूले मुक्तिको वरदान पाउँछन् । उनै पराविद्या संसारका बन्धन र मोक्षकी कारण पनि हुन् । उनै भुक्ति र मुक्तिदायिनी देवी सबै ईश्वरकी पनि अधिश्वरी हुन् र संसार बन्धनको कारण पनि हुन् ।"

राजाले सोधे– "हे ब्रह्मन् ! हे भगवान् ! जसलाई तपाईं महामाया भन्नुहुन्छ, ती देवी को हुन ! बह्मन् ! ती कसरी भइन् ? तिनका चरित्र के-के कुन-कुन हुन् ? हे ब्रह्मवेत्ताहरूमा श्रेष्ठ महर्षे ! ती देवीका प्रभाव चरित्र, प्रादुर्भाव, स्वरूप आदि सबै विवरण म हजुरबाट सुन्न चाहन्छु ।"

ऋषिबाट आज्ञा भयो– "राजन् ! वास्तवमा ती देवी त नित्य स्वरूपा नै छन् । यो सारा जगत् नै उनको रूप हो र उनी यो सारा विश्वमा व्याप्त भएर रहेकी छन् । तापनि उनी अनेक प्रकारले प्रकट हुन्छिन् । त्यो मबाट सुन । यी देवी नित्य अजन्मा हुन् तापनि जब देवताहरूको दु:ख निवारण र कार्यसिद्धिका लागि प्रकट हुन्छिन् । तब संसारमा (उत्पन्न) प्रकट भएकी भनिन्छिन् । कल्पान्तमा सम्पूर्ण जगत् एकार्णव जलामय भएको बेलामा भगवान् प्रभु विष्णु जब शेषको शय्या विछ्याएर योगनिन्द्रामा मस्त सुतेका थिए । तब विष्णुका कानेगुजीबाट उत्पन्न भएका भयङ्कर दुईटा असुर जो मधुकैटभ नामले प्रसिद्ध थिए । यी दुवै ब्रह्मालाई मार्न तत्पर

भए । ती प्रजापति ब्रह्मा विष्णुका नाभीकमलमा बसेका थिए। ती दुई उग्ररूपका असुरलाई र मस्त सुतिरहेका भगवान् जनार्दनलाई देखेर हरि भगवान्लाई जगाउनका लागि जो उनका नेत्रमा निवास गरेकी विश्वेश्वरी जगत् धारण, पालन र संहार गर्ने तेज स्वरूप भगवान् विष्णुकी अनुपम शक्ति हुन् ।" उनै भगवती निन्द्रादेवीको भगवान् ब्रह्माजीले एकाग्र हृदयले स्तुति गर्न लागे ।

ब्रह्माले भने– "हे देवी ! तिमी स्वाहा, तिमी स्वधा, तिमी नैवषट्कार र स्वर स्वरूप हौ । तिमी नै सुधा, (अमृत) हौ, नित्य अक्षर प्रणवमा "अ उ म" यी तीन मात्राका रूपमा जुन ऐं ह्रीं क्लीं का रूपमा तिमी नै स्थित छौं । जो विशेष रूपले उच्चारण गरिंदैन, त्यो नित्य अर्ध मात्रामा तिमी नै रहेकी छौ । तिमी नै सन्ध्या, सावित्री, परा (श्रेष्ठ) जननी हौ । तिमीले नै यो विश्व ब्रह्माण्डलाई धारण गरेकी छौ । हे देवी तिमीबाट नै यो जगत्को सृष्टि हुन्छ । तिमीले नै यसको पालन गर्छ्यौ र कल्पको अन्तमा सबलाई तिमी नै आफ्नो ग्रास बनाउछ्यौ । जगत्माता देवी ! यो जगत्को उत्पत्तिका समयमा तिमी सृष्टिरूपा हौ, पालन गर्दा स्थितिरूपा हौ र कल्पान्तका समयमा संहाररूप धारण गर्दछ्यौ । तिमी नै महाविद्या, महामाया, महामेधा, महास्मृति, महामोहरूपा, महादेवी र महाईश्वरी हौ । तिमी नै तीन गुणहरूलाई उत्पन्न गर्ने सबकी प्रकृति पनि हौ । भयङ्कर कालरात्रि, महारात्रि र मोहरात्रि पनि तिमी नै हौ । तिमी नै ईश्वरी तिमी नै ह्रीं र

तिमी नै बोध स्वरूपा बुद्धि हौ । यस्तै लज्जा, पुष्टि, तुष्टि, शान्ति र क्षमा पनि तिमी नै हौ । तिमी डरलाग्दी खड्गधारिणी, शूलधारिणी, गदाधारिणी र चक्रधारिणी हौ । शङ्ख, धनुष, वाण, भुशुण्डी र परिधजस्ता अस्त्र धारण गर्ने पनि तिमी नै हौ । तिमी राम्री छौ, अत्यन्त राम्री छौ, सम्पूर्ण सुन्दर पदार्थभन्दा अति सुन्दरी छौ । तिमी नै पर अपर सबमा श्रेष्ठ परमेश्वरी हौ । सबैकी आत्मास्वरूपी हे देवी ! जहाँ कहीं पनि सत् असत् जे जति वस्तु छन्, ती सबको जे जो शक्ति छ, त्यो तिमी नै हौ । सर्वशक्तिमयी यस्ती तिमी भएकीले तिम्रो स्तुति कसरी हुनसक्तछ ? कसरी तिमी स्तुति गरिन्छचौ । जो यस जगत्को सृष्टि पालन र संहार गर्दछन्, त्यस्ता भगवान्लाई पनि जुन तिमीले वशमा गरायौ भने यस संसारमा तिमीलाई स्तुति गर्न कसको सामर्थ्य छ ? मलाई, भगवान् शङ्करलाई र भगवान् विष्णुलाई पनि तिमीले नै शरीर धारण गराएकी हौ भने तिम्रो स्तुति गर्ने शक्ति भएको को हुन सक्छ ? हे देवी ! त्यस्ती तिमी आफ्ना उदार प्रभावले नै प्रशंसित छौ । अहिले यी दुईटा दुष्ट असुर मधु र कैटभलाई मोह गराई जगत्का स्वामी अच्युत विष्णुलाई चाँडै जगाऊ । साथै यी महा असुरहरूलाई मार्ने बुद्धि पनि यिनमा उत्पन्न गरिदेऊ ।

ऋषिले भने– राजन ! त्यसबेला जहाँ मधु-कैटभलाई मार्नका लागि विष्णुलाई जागा गराउन ब्रह्माजीले यसप्रकार स्तुति गरिएकी तामसी गुणकी अधिष्ठात्री देवी योगनिन्द्रा भगवान्का आँखा, मुख, नाक, हात, हृदय, वक्षस्थलबाट निस्केर अव्यक्त

अजन्मा ब्रह्माजीका दृष्टिका समक्ष खडा भइन् । अनि तिनले छोडिएका जगत्का स्वामी भगवान् जनार्दन त्यस एकार्णव जलमा शेष नागका शय्याबाट उठेपछि अत्यन्त बल पराक्रमले युक्त भएका, क्रोधले राता-राता आँखा गरेर ब्रह्मालाई खान उद्योग गरिरहेका ती दुरात्मा मधु-कैटभलाई देखे । तब विष्णु भगवान् हरिले उठेर पाँच हजार वर्ष केवल बाहु प्रहार गरी तिनका साथ युद्ध गरे । ती दुई असुर पनि बलका कारण धेरै उन्मुक्त भएका थिए । उता महामायाले उनीहरूलाई मोहका वशमा पारिदिनाका कारणले गर्दा उनीहरू भगवान् विष्णुसँग भन्न लागे ।" हामीहरू तिम्रो वीरताले सन्तुष्ट भयौं, हामीसँग इच्छा भएको कुनै वर माग भनेर केशवलाई भने यही मौकामा भगवान्ले आज्ञा भयो- यदि आज मेराउपर तिमीहरू प्रसन्न छौ भने तिमी दुवै नै मेरा हातबाट मारिने हो ओ । यहाँ अरू वरको मतलबै के छ र ? मैले यही वर तिमीहरूसँग मागें । ऋषिले भने– यसरी धोखमा परेका (ठगिएका) तिनले त्यतिखेर जताततै जलमग्न देखेर कमल नयन भगवान्लाई भने– जहाँ पृथ्वी जलले डुबेको छैन । त्यहाँ ओबाना ठाउँमा हामीलाई मार । ऋषिले भने– त्यसपछि "तथास्तु" भने र शङ्ख, चक्र, गदा, पद्मधारी भगवान्ले त्यसै गर्छु भनेर ती दुवैको शीर आफ्ना जाँघमा राखेर चक्रले काटे । यस प्रकार ती देवी महामाया ब्रह्माको स्तुतिले स्वयं उत्पन्न भएकी थिइन् अब फेरि ती देवीको प्रभाव तिमीलाई वर्णन गर्दछु, सुन ।

मधु-कैटभ वध भएको पहिलो अध्याय समाप्त भयो ।



ॐ ह्रीँ नमः



माता श्री महालक्ष्मी

ॐ

श्री दुर्गा भवानीलाई प्रणाम छ।

महिषासुरका सेनाहरू मारिएको दोस्रो अध्याय

देवताहरूको तेजबाट देवीको प्रादुर्भाव र महिषासुरका सैन्यहरूको बध।

ॐ मध्यम चरित्रको विष्णु ऋषि, महालक्ष्मी देवता, उष्णिक छन्द, शाकम्भरी शक्ति, दुर्गा बीज, वायु तत्त्व र यजुर्वेदः स्वरूप हुन्। श्री महालक्ष्मीका प्रसन्नताका लागि मध्यम चरित्रको पाठमा विनियोग लिन्छु।

ध्यान

म कमलका आसनमा बसेकी प्रसन्न मुख भएकी महिषासुर मर्दिनी भगवती महालक्ष्मीको भजन गर्दछु। जो आफ्नो हातमा अक्षमाला, फरसा, गदा, वाण, बज्र, पद्म, धनुष, कुण्डिका, दण्ड, शक्ति, खड्ग, ढाल, शङ्ख, घण्टा, मधुपात्र, शूल, पाश र चक्रं धारण गर्दछिन्।

ॐ ह्रीं

ऋषिले भने– अघि पूर्वकालमा देवता र दैत्यहरूको पूर्ण सय वर्षसम्म घोर संग्राम भयो। त्यसमा दैत्यको मालिक महिषासुर थियो, देवगणका मालिक इन्द्र थिए। त्यस युद्धमा महाबलि दैत्यले देव सैन्यलाई जिते। सम्पूर्ण देवगणलाई जितेर

महिषासुर इन्द्र भयो। तब ती दैत्यले जितेका देवताहरू प्रजापति ब्रह्मालाई अगाडि लाएर उहाँ गए। जहाँ महादेव र विष्णु विराजमान थिए। देवताले महिषासुरको विजय र आफ्नो पराजयको यथार्थ वृत्तान्त ती दुवै देवेश्वरलाई विस्तारपूर्वक भने। तिनले बिन्ती गरे, भगवान्! सूर्य, चन्द्र, इन्द्र, अग्नि, वायु, यम, बरूण र अरूहरूको पनि अधिकारीमा ऊ स्वयं डटेर बसेको छ। त्यस दुरात्मा महिषसुरले स्वर्गबाट निकालेका सम्पूर्ण देवताहरू, देवणहरू मनुष्यझैं पृथ्वीतलमा घुमिरहेका छन्। यो दैत्यहरूको अन्याय, बिजाइँ सब तपाईंहरूलाई भनें, हामी शरणमा आएका छौं। त्यो असुरको वधको कुनै उपाय (सोच्नुहोस्) विचार गर्नुहोस्।

यस प्रकारका देवताहरूको वचन सुनेर विष्णुले र शिवले दैत्यका उपर ठूलो क्रोध गरे। उनीहरूको आखीभौं, मुख टेडो हुन थाल्यो। त्यसपछि अत्यन्त रिसले (मुर्मुरिएका) चुरिएका चक्रपाणि श्री विष्णुका मुखबाट एक महान् तेज प्रकट भयो। यसैगरी ब्रह्मा, शङ्कर र इन्द्रादि अरू सम्पूर्ण देवताहरूका शरीरबाट पनि ठूलो-ठूलो तेज निक्ल्यो र त्यो सब एकत्र भयो। महान् तेजको थुप्रो तेजिलो प्रकाशैप्रकाशको पहाडजस्तो देखियो। ती देवताहरूले उहाँ जताततै सबै दिशामा ज्वालाले व्याप्त भएको देखे। त्यहाँ सबै देवताका शरीरबाट निस्केर एकट्ठा भएको त्यो कुनै पनि तेजसँग तुलना गर्न नसकिने तेजका प्रकाशले तीनै लोकलाई व्याप्त गरेर नारी रूपमा परिणत भयो। शम्भुको जो तेज थियो, त्यसबाट मुख बन्यो,

यमराजका तेजले टाउकोमा कपाल बने। श्री भगवान् विष्णुका तेजबाट उनका हातहरू (बाहु) बने । चन्द्रमाका तेजले दुई स्तन बने । इन्द्रका तेजले मध्यभाग (कटिप्रदेश) बन्यो । बरूणका तेजले जाँघ, तिघ्रा बने । पृथ्वीका तेजले नितम्ब बन्यो । ब्रह्माका तेजले पाउ बने । सूर्यका तेजले तिनका पाउमा औंलाहरू बने, बसुहरूका तेजले हातका औंला प्रकट भए। कुवेरका तेजले नासिका बन्यो। प्रजापतिका तेजले दाँत भए, वायुका तेजले कान उत्पन्न भए। अग्निका तेजले तीन आँखा भए। यसैगरी अन्य अन्य देवताहरूको तेजबाट समेत ती कल्याणमयी देवी उत्पन्न भइन्। त्यसपछि सबै देवताहरूका तेजराशिबाट उत्पन्न भएकी ती देवीलाई देखेर महिषासुरले सताइएका देवताहरू बहुतै प्रसन्न भए। देवताहरूले तिनलाई आ-आफ्ना हतियारहरू पनि दिए। पिनाकधारी शङ्करले आफ्नो शूलबाट शूल निकालेर उनलाई दिए। विष्णुले आफ्नो चक्रबाट चक्र निकालेर दिए। त्यसैगरी बरूणले शङ्ख दिए, अग्निले शक्ति दिए । वायुले धनुषवाणले भरिएका दुई ठोक्रा दिए । देवताका अधिपति इन्द्रले आफ्नो बज्रबाट बज्र नै झिकेर दिए । ती सहस्राक्षले ऐरावत हात्तीको घण्टाबाट निकाले र घण्टा पनि उनलाई दिए, यमराजले आफ्नो कालदण्डबाट निकालेर दण्ड दिए, बरूणले पाश दिए। प्रजापतिले अक्षमाला, ब्रह्माले कमण्डलू दिए भने सूर्यले समस्त रौंका प्वालहरूमा आफ्ना किरण भरिदिए। कालले निर्मल ढाल र तरबार दिए, क्षीर सागरले उज्ज्वल हार कहिल्यै जीर्ण नहुने दुइटा दिव्य

बस्त्र दिए । साथै, उनले दिव्य चूडामणि, दिव्य कुण्डल, दिव्य बाला, उज्ज्वल अर्धचन्द्र, सब बाहुमा बाजु निर्मल पाउजेब, त्यस्तै घाँटीमा उत्तम हँसुली, सब औंलामा लगाउनलाई रत्नमय औंठीहरू पनि दिए । विश्वकर्माले अति निर्मल फर्सा (बञ्चरो) दिए, साथै अनेक प्रकारका अस्त्र र अभेद्य कवच पनि दिए । माथमा र छातीमा धारण गर्नलाई कहिल्यै नओइलाउने अति उत्तम कमलको माला पनि दिए । जलधिले उनलाई अति राम्रो कमल दिए । हिमालयले वाहन सिंह र नाना प्रकारका रत्नहरू दिए, धनका स्वामी कुवेरले मदिरा कहिल्यै खाली नहुने पानपात्र दिए । जो यस पृथ्वीलाई धारण गर्दछन्, ती नागराज शेषले महामणिले शोभिएको नागहार दिए । त्यस्तै अरू देवताहरूले पनि हतियार र आभूषणले सम्मान गरिएकी देवी अट्टहासपूर्वक बारम्बार उच्च स्वरले गर्जना गर्न थालिन् । तिनको घोर गर्जनाको शब्दले सारा आकाश भरियो । त्यस घोर महान् सिंहनादको प्रतिध्वनि भयो । जसले गर्दा समुन्द्र काम्न थाल्यो । समस्त विश्वमा हलचल भयो । पृथ्वी डगमगाउन लागिन् र पर्वतहरू हल्लन लाग्यो । त्यसै अवस्थामा सब देवताहरूले प्रसन्नतापूर्वक सिंहबाहिनी भवानीसँग भन्न थाले– देवी ! तिम्रो जय हो । साथै महर्षिहरूले पनि भक्तिपूर्वक विनम्र भएर देवीको स्तुति गरे । त्यतिखेर सम्पूर्ण त्रैलोक्य क्षुब्ध भएको देखेर सारा ती देव शत्रु दैत्य सैन्यहरू कवच पहिरिएर आ-आफ्ना हतियार लिएर खडा भए । महिषासुर क्रोधले 'आ' ! यो के भयो भनेर

सारा दैत्यले घेरिएर त्यो शब्दतिर दौडयो। तब त्यसले आफ्ना तेजले तीनै लोकलाई व्याप्त गरेकी ती देवीलाई देख्यो। उनको पाउका भारले पृथ्वी दबेर जाँदै थिइन् । माथि मुकुटले आकाशमा रेखाहरू खिचिरहेको जस्तो देखिन्थ्यो र उनी आफ्नो धनुषको टंकारले सातवटै पातालालाई शब्ध गराउँदै हजारौं हातहरूले सबै दिशा ढाकेर बसेकी देवीलाई देखे अनि ती दैत्यहरूले देवीका साथ युद्ध आरम्भ गरे। दैत्यहरू र देवीका बीच युद्ध भयो। नाना प्रकारका शस्त्र-अस्त्रका प्रकाशले सारा दिशाहरू प्रकाशित भए। पहिले अगाडिपट्टिबाट चिक्षूर नामको महाअसुर महिषासुरको सेना नायक नै भिडयो। ऊ देवीसँग युद्ध गर्न लाग्यो। अरू घोडा, हात्ती, रथ, पैदल चतुरागिणी सेनासमेत भएर चामर पनि युद्ध गर्न थाल्यो। साठी हजार रथ साथमा लिएर उदग्र नामको महाअसुर पनि लड्न लाग्यो। एक करोड रथले सहित भएर महाहनु लड्न थाल्यो, जसका रौं नै तरबार समान थिए। पाँच करोड रथि सैनिक साथमा लिएर असिलोचन महादैत्य युद्ध गर्न लाग्यो। साठी लाख सेनाले सहित भई त्यस युद्ध भूमिमा बास्कल नामको दैत्य पनि युद्ध गर्न थाल्यो। 'परिवारित' नामको राक्षस हात्ती र घोडा सवार भएका अनेक दल तथा एक करोड सेना-समेत लिएर युद्ध गर्न थाल्यो। पाँच अरब रथिहरूलाई साथमा लिएर बिडाल नामको दैत्य पनि युद्ध गर्न थाल्यो। यसका अतिरिक्त अरू धेरै महादैत्यहरू ठूलो सेना र रथ घोडा हात्तीहरू लिएर देवीसँग त्यस युद्ध भूमिमा लड्न लागे। स्वयं

महिषासुर पनि उक्त रणभूमिमा कोटीकोटी रथ, हात्ती, घोडा र सेनासमेतले युक्त भएर रहेको थियो । त्यो दैत्यले देवीसँग तोमर, भिन्दीपाल, शक्ति, मुसल, खड्ग, परशु र पट्टिश आदि अस्त्र र शस्त्र प्रहार गरेर युद्ध गरिरहेको थियो । कसैले देवीलाई शक्ति प्रहार गरे, कसैले पाश फ्याँके र अरू दैत्यहरूले खड्ग प्रहार गरेर मार्ने उद्योग गर्न थाले । देवीले पनि रिसले चूर भएर ख्यालख्यालमै अस्त्र र शस्त्रको वर्षा गरेर दैत्यहरूको समस्त अस्त्र र शस्त्र काटिन् । यसो गर्दा उनका मुख मण्डलमा थकाई र परिश्रमका कुनै लक्षण थिएनन् । देवता र ऋषिहरू उनको स्तुति गर्दथे र ती भगवती परमेश्वरी भने दैत्यहरूका शरीरमा अस्त्र र शस्त्र वर्षाइरहेकी थिइन् ।

देवीको वाहन सिंह पनि (गर्धनका) रौं जगर हल्लाउँदै रिसले चूर भएर दैत्य सेनामा वनमा डढेलो लागेर आगो फैलिएझैं कुद्न र उफ्रन लाग्यो । रणभूमिमा दैत्यका साथ युद्ध गर्दा अम्बिकादेवीले जति निःश्वास छोडिन् । त्यसबाट सयकडौं हजारौं गणका रूपमा प्रकट भएर परशु, भिन्दी-पाल, खड्ग र पट्टिश आदि अस्त्रद्वारा दैत्यहरूसँग युद्ध गर्न लागे । देवीका शक्तिबाट बढ्दै गएका गणहरूले दैत्यहरूको नाश गर्दै नगाडा र शङ्ख आदि बाजाहरू बजाउन लागे । त्यस युद्ध महोत्सवमा कति गणहरू त मृदङ्ग बजाइरहेका थिए । त्यसैबेला देवीले त्रिशूल, गदा, खड्ग आदि शक्तिको वर्षाबाट सैयौं महादैत्यहरूलाई मारिन् । कत्ति त घण्टाकै आवाजले मूर्छा भई मरेका थिए । धेरै दैत्यहरूलाई पाशले

बाँधेर पृथ्वीमा घिसारिन्, कत्ति दैत्यहरू देवीका तरबारका चोटले दुई टुक्रा भए, देवीका गदाका चोटले पनि कत्ति दैत्यहरू जमिनमा पछारिए । कत्ति त मुसलको चोटले गर्दा कराउँदै रगत नै छाद्न लागे । देवीको शूलले छाती फुटेर कत्ति दैत्यहरू पृथ्वीमा लडे । त्यस युद्ध प्राङ्गणमा देवीका वाण वृष्टिबाट कत्ति दैत्यहरूको कम्मर टुट्यो । बाघले जस्तो झम्टिएर देवताहरूलाई पीडा दिने दैत्यहरूले धमाधम प्राणबाट हात धुन लागे । कसैका हात नै खसे, कसैका गर्दन नै छिनेर टाउको जमिनमा खस्यो, कसैका कम्मर नै टुक्रा-टुक्रा भए । कत्ति महादैत्यहरू तिघ्रा काटिएर लड़खडाउँदै जमिनमा लडे । यत्तिले नपुगेर देवीले दैत्यहरूलाई एक खुट्टा, एक हात एक आँखा, एकातिर हुनेगरी दुई चिरा गरी जमिनमा फ्याँक्न थालिन् । कति दैत्यहरू त टाउका काटिंदा पनि धड़ले मात्रै राम्रा, राम्रा अस्त्र र शस्त्र हातमा लिएर देवीसँग युद्ध गर्न लाग्दथे । कत्ति बाज जस्तो नाच्दथे । कत्ति खड्ग, शक्ति, सृष्टि, हातमा लिएका, शिर काटिएर धडहरू देवीलाई झम्टन्थे, ठूला-ठूला योद्धा दैत्यहरू देवीलाई पख-पख भनेर लल्कार्थे । जहाँ यो घोर संग्राम भएको थियो, उहाँ देवीले ढालेका, लडाएका, गिराएका रथ, हात्ती, घोडा र दैत्यहरूको लासले भरिएर टेक्ने जमिन कतै नभई हिंड्ने, चल्ने ठाउँ देखिएन । दैत्यहरूका सेनामा हात्ती, घोडा र दैत्यहरूको शरीरबाट यति (अधिक) धेरै रगत बगेको थियो कि केहीबेरमै त्यहाँ रगतका ठूला-ठूला नदीहरू बग्न लागे । जगदम्बाले दैत्यहरूको विशाल

सेनालाई क्षणभरमै नष्ट गरिदिइन् । जसरी कि घाँस र काठको ठूलो थुप्रोलाई अग्निले एकैछिनमा भस्म गरिदिन्छ । साथै त्यो सिंह पनि जगर हल्लाइहल्लाई घोर शब्दले गर्जेर दैत्यहरूको प्राणै हर्देला जस्तो गर्दथ्यो । त्यहाँ देवीका गणहरूले पनि ती महादैत्यहरूका साथ यस्तो सफल युद्ध गरे कि जसबाट आकाशमा रहेका देवताहरू बहुत सन्तुष्ट भई फूल बर्साउन लागे ।

महिषासुरका सेनाहरू मारिएको दोस्रो अध्याय समाप्त भयो ।



ॐ

श्री दुर्गा भवानीलाई प्रणाम छ ।

महिषासुर मारिएको तेस्रो अध्याय

जगदम्बाका श्री अङ्गको कान्ति उदाउन लागेका सहस्र सूर्यका समान तेजले पूर्ण छ । उनले रातो रेशमको साडी लगाएकी छन् । गलामा मुण्डलमाला शोभिएको छ । दुवै स्तनमा रक्त चन्दनका लेप लगाइएका छन् । उनी आफ्ना कोमल हातहरूमा जपमाला, विद्या, अभय र वर नाम गरेका मुद्राहरू धारण गरेर रहेकी छन् । तीन नेत्रले शोभा पाएको मुखारविन्दले युक्त छिन् । उनका मस्तकमा चन्द्रमाका साथ रत्नमय मुकुट सजिएको छ र उनी कमलका आसनमा बसेकी छिन् । यस्ती देवीलाई म भक्तिपूर्वक प्रणाम गर्दछु ।

ऋषिले भने– दैत्यका सेनाहरू यसरी तहस-नहस भएको देखेर महादैत्य सेनापति चिक्षुर क्रोधले अम्बिकासित लड्न अघि सऱ्यो । त्यो दैत्यले वर्षाकालमा मेघले जल बर्साएझैं देवीका उपर वाणहरू बर्साउन थाल्यो । देवीले सजिलैसित दैत्यका वाणहरू आफ्ना वाणहरूले काट्नुका साथै घोडा र सारथिसमेत मारिदिइन् । तत्कालै त्यसका उच्च ध्वजा र धनु पनि काटिन् र धनु काटिएको दैत्यलाई तिखा र बेगिला वाणहरूले प्रहार गरिन् । त्यसपछि त्यो धनु, रथ र सारथि-विहीन दैत्य ढाल र तरवार लिएर देवी भएतिर दौडयो । त्यसले तिखो र लाग्ने धारवाला तरबारले सिंहलाई चोट लाग्ने

गरी हान्नुका साथै देवीका बायाँ हातको पाखुरामा समेत हान्यो । देवीका हातमा प्रहार गर्दा त्यस दैत्यको तरबार टुक्रा-टुक्रा भयो । त्यसपछि रिसले चूर भएर राता राता आँखा पारेर त्यस राक्षसले शूल लिएर भद्रकालीलाई प्रहार गऱ्यो । आकाशबाट सूर्यमण्डल गिरेझैं तेजले आफूतिर आइरहेको शूललाई देखेर देवीले पनि शूल छोडिन्, त्यो शूलले दैत्यको शूललाई सयौं टुक्रा पारेर त्यस महादैत्यलाई पनि खतम पाऱ्यो । महिषासुरको महापराक्रमी त्यो सेनापति मारिएपछि देवगणलाई सताउने 'चामर' हात्तीमा चढेर आयो र त्यसले देवीका उपर शक्ति छोड्यो तर जगदम्बाले हुँकारले नै त्यस शक्तिलाई प्रभावहीन बनाई पृथ्वीमा गिराइदिइन् । आफूले प्रयोग गरेको शक्ति टुक्रा भएको र खसेको देखेर क्रोधले जलेका चामरले शूल प्रहार गऱ्यो तर देवीले त्यो शूल आफ्ना वाणले काटिन् । यत्तिकैमा देवीको सिंह उफ्रिएर हात्तीको कुम्भस्थलमा चढ्यो र दैत्यका साथ बलैले युद्ध गर्न थाल्यो । हात्तीबाट ती दुवै लड्दालड्दै तल भुईंमा झरेर अत्यन्त क्रुद्ध भई युद्ध गर्न थाले । युद्ध गर्दागर्दै सिंह जमिनबाट आकाशमा एक्कासि उफ्रिएर भुईंमा झर्दा उसका पन्जाका प्रहारले चामरको गर्दन काटी शिर र धड अलग गरिदियो । उदग्रलाई पनि देवीले रथैमा शिला, रूख आदिको प्रहारले मारिन् । करालालाई पनि दाँत, लात र मुक्काका प्रहारले मारिन् । क्रोधले पूर्ण भएकी देवीले गदाले हानेर उद्यतलाई चूर्ण पारिन् र भिन्दीपालको प्रयोगले बास्कललाई र वाणले ताम्र र अन्धलाई

मारिन् । तीन आँखा भएकी देवी परमईश्वरीले त्रिशूल रोपेर उग्रास्य, उग्रवीर्य र महाहनु नाम भएका दैत्यलाई पनि मारिन् । विडाललाई तरबारले शिर काटेर र दुर्धर र दुर्मुख दुवैलाई वाणले यमलोक पठाइन् । सेनापतिसहित देवीले यस प्रकार आफ्ना सेनाहरूको संहार गरेको देखेर महिषासुरले राँगाको स्वरूप धारण गरेर देवीका गणहरूलाई डराउन, तर्साउन थाल्यो । कत्तिलाई थुतुनोको प्रहारले, कत्तिलाई खुरले कुल्चेर, कत्तिलाई पुच्छरले हानेर, कत्तिलाई सिङले हानेर, कत्तिलाई बेगले, कत्तिलाई सिंहनादले, कत्तिलाई उफ्रँदै घुमेर र कत्तिलाई स्वाँ-स्वाँ गरेर पनि सोत्तर पाऱ्यो । त्यसले फेरेको नि:श्वासका रूपमा निस्केको हावाले भुइँमा लडाउँथ्यो । यसरी गणहरूलाई लडाई तितरबितर गरेपछि त्यो दैत्य देवीको सिंहलाई मार्न भनेर झम्टयो । यो देखेर देवीलाई साह्रो रिस उठ्यो भने महिषासुर पनि रिसले चूर भएर पृथ्वीलाई खुरले खोस्रन, सिङले ठूला-ठूला पर्वतहरूलाई उठाएर फ्याँक्न र गर्जन लाग्यो । त्यो राँगो रूप महिषासुरको बेगसित भएको कुदाईबाट पृथ्वी क्षुब्ध भएर फाट्न लाग्यो । पुच्छरले हानेको समुन्द्रले पृथ्वीलाई डुबाउन लागिन् । हल्लाएका सिङले बादल छिन्न-भिन्न भएर टुक्रिएर त्यसका श्वासका वायुले नै सयकडौं पर्वतहरू आकाशबाट गिर्न लागे । यसरी क्रोधले आफूतिर आउन लागेको त्यो महादैत्य महिषासुरलाई देखेर तब ती चण्डिकाले त्यसलाई मार्न महाक्रोध गरेर देवीले पाश फ्याँकेर त्यस महा-असुरलाई बाँधिन् । त्यस महासंग्राममा

त्यस दैत्यले पनि बाँधिनेबित्तिकै राँगाको रूप त्याग गऱ्यो । तुरून्तै सिंह भयो । जब अम्बिकाले त्यसको टाउको काट्न तयार भइन्, तत्काले त्यो खड्ग हातमा लिएको पुरूष भएर देखियो । जब देवीले ढाल-तरबारसहित त्यस पुरूषलाई वाणको वर्षा गरेर काटिन्, फेरि तुरून्तै त्यो महान् विशाल हात्ती भयो र सुँडले देवीको विशाल सिंहलाई खिच्न र गर्जन थाल्यो । खिच्न लागेका बेलामा देवीले त्यसको सूँड काटिन् । त्यसपछि त्यस महादैत्यले फेरि (भैंसी) राँगाको नै रूप धारण गरेर पहिलेकै जस्तो तीनै लोकलाई व्याकुल गर्न थाल्यो । त्यतिखेर क्रोधले मस्त भएकी जगन्माता चण्डिका बारम्बार उत्तम मधुको पान गर्दै राता-राता आँखा पारेर हाँस्न लागिन् । उता त्यो बल र पराक्रमको मद्दतले उन्मत्त भएको राक्षस गर्जन लाग्यो र आफ्नो सिङले पर्वतहरू उठाएर चण्डीतर्फ फ्याँक्न थाल्यो । त्यसले फ्याँकेका पर्वतहरूलाई आफ्ना वाणहरूले चूर्ण गर्दै देवी भन्न लागिन् जब मधुका प्रभावले उनका ओठ राता र बोली तिखारिएको थियो ।

देवीले भनिन्– हे मूर्ख ! म जबसम्म मधु पिउँछु त्यतिबेलासम्म खूब गर्जी । अब केहीछिनमै मेरो हातबाट तेरो मृत्यु भएपछि देवताहरू पनि गर्जने छन् ।

ऋषि भन्नुहुन्छ– यति भनेर देवी उफ्रिएर त्यो महादैत्य माथि चढेर आफ्ना खुट्टाले त्यो दैत्यलाई कुल्चिएर शूलले त्यसको कण्ठमा रोपिन् । देवीले कुल्चिँदा कुच्चिएको हुँदा महिषासुर आफ्नो मुखबाट अर्कै रूपमा निक्लन

लाग्यो । तर त्यो देवीको प्रभावले गर्दा रोकियो । आधा निस्किएको भए तापनि त्यो महादैत्य देवीसँग युद्ध गर्न थाल्यो । त्यसपछि देवीले आफ्नो विशाल तरबारले त्यस दैत्यको शिर काटेर भुईंमा खसालिदिइन् । अनि हाहाकार गरेर दैत्यका सबै सेनाहरू भागे । उता सबै देवताहरू भने अत्यन्त प्रसन्न भए । देवताहरूले दिव्य महर्षिहरूका साथमा दुर्गा देवीको स्तुति गरे । गन्धर्व-राजाहरूले गाना गाए र अप्सराहरू नाचे ।

महिषासुर वध भएको तेस्रो अध्याय समाप्त भयो ।



ॐ

श्री दुर्गा भवानीलाई प्रणाम छ ।

देवताहरूबाट श्री चण्डीदेवीको स्तुति गरिएको चौथो अध्याय

सिद्धिको इच्छा राख्ने पुरूष जसको सेवा गर्दछन् । देवताहरूले जसलाई चारैतिरबाट घेरेर बस्दछन्, त्यस्ती ती "जया" नाम भएकी दुर्गा देवीको ध्यान गरौं । उनका श्रीअङ्गका आभा कालो मेघ समान कालो छ र उनी आफ्ना दृष्टिले नै शत्रुहरूलाई भय प्रदान गर्दछिन् । उनको शिरमा रहेको चन्द्रमाले गर्दा झन् शोभिएकी छिन् ।

उनी आफ्ना हातमा शङ्ख, चक्र, कृपाण र त्रिशूल धारण गर्दछिन् । उनका तीन आँखा छन् । ती सिंहलाई वाहन बनाएर त्यसैमाथि विराजमान छिन् । साथै आफ्ना तेजले तीनै लोकलाई परिपूर्ण गरेकी छिन् ।

ऋषिले भने– अति पराक्रमी, दुरात्मा, देवद्रोही त्यस महिषासुरलाई र दैत्यका सैन्यहरूलाई समेत देवीले मारेपछि खुसीले हर्षपूर्वक इन्द्रादि देवगणले गर्धन, काँध, नमाएर प्रणाम गर्दै उत्तम-उत्तम वाणीले देवीको स्तुति गरे । समस्त देवतालाई हर्षले गर्दा त्यतिबेला रोमाञ्च भएको थियो । समस्त देवताहरूका शक्तिकी समूह मूर्ति जुन देवीले आफ्ना शक्तिले यो सम्पूर्ण जगत् व्याप्त गरेको छ । सबै देवता र महर्षिहरू समेतले पूज्य भएकी ती अम्बिकालाई भक्तिले नमस्कार गर्दछौं । तीनले सर्वदा हाम्रो कल्याण गरून् । ती देवीका अतुल

प्रभाव र बलको वर्णन गर्न भगवान् शेष, ब्रह्मा-शङ्कर पनि समर्थ छैनन् । तीनै चण्डिका देवीले समस्त जगत्को पालना र अशुभ भयहरू नाश गर्ने गरून् । जो पुण्यात्मा जनका घरमा स्वयम् लक्ष्मी रूपले र पापीहरूको घरमा दरिद्रता रूपले शुद्ध अन्तस्करणवाला पुरूषका हृदयमा बुद्धि स्वरूपले सत्य पुरुषमा श्रद्धा रूपले कुलीन जनमा लज्जा रूपले निवास गर्नुहुन्छ । त्यस्ती तपाईंलाई हामी नमस्कार गर्दछौं । हे देवी ! विश्वको पालना गर्नुहोस् । हे देवी । तपाईंको यस सम्पूर्ण अचिन्त्य रूपको, असुरको संहार गर्ने अतुल महापराक्रमको र देवता र असुरका समक्ष युद्धमा प्रकट गरेका तपाईंका अद्भुत चरित्रको पनि हामी के वर्णन गरौं । समस्त जगत्को कारण, तीन गुणले युक्त भए तापनि तपाईं, दोषका साथ संसर्ग भएकी जानिनुहुन्न, हरि, हर आदि देवताहरूले पनि तपाईंको पार पाउँदैनन् । सबको आश्रय भएकी यो सम्पूर्ण जगत् तपाईंकै अंशभूत हो किनकि सबकी आदि अभ्याकृत परमा प्रकृति तपाईं नै हुनुहुन्छ । हे देवी ! सकल यज्ञहरू जसको उच्चारणले समस्त देवतागण तृप्ति लाभ गर्दछन्, त्यो स्वाहा तपाईं नै हुनुहुन्छ । पितृगणका तृप्तिको कारण पनि तपाईं नै हुनुहुन्छ । त्यसकारण स्वधा भनेर उच्चारण गरिने पनि तपाईं नै हुनुहुन्छ । मुक्तिकी हेतु भएकी अचिन्त्य महाव्रत स्वरूपा जुन तपाईं सम्पूर्ण दोष नाशिएका, जितेन्द्रिय, तत्त्वलाई नै सार मान्ने र मोक्षका चाहना भएका मुनिजनले जो अभ्यास गरिनुहुन्छ, त्यो पराविद्या भगवती

देवी तपाईं नै हुनुहुन्छ । शब्दस्वरूपा तपाईं अति विमल ऋग्वेद, यजुर्वेद र उद्गीयका मनोहर पदका पाठले युक्त भएको सामवेदको पनि निधान (आधार) हुनुहुन्छ । हे देवी ! त्रया भगवती र लोकका कल्याणका लागि व्यवहारस्वरूप पनि तपाईं नै हुनुहुन्छ, सब जगत्को घोर पीडा नाश गर्ने पनि तपाईं नै हुनुहुन्छ । देवी ! सम्पूर्ण शास्त्रको सार जान्ने मेधाशक्ति र दुर्गम भवसागर पार उतार्ने असंग नौकास्वरूप दुर्गा तपाईं नै हुनुहुन्छ, मधुकैटभका शत्रु भगवान् विष्णुका हृदयमा एकमात्र निवास गर्नेवाली लक्ष्मी र चन्द्रशेखर शङ्करले सम्मान गरिएकी गौरी पनि तपाईं नै हुनुहुन्छ । मन्दमुस्कानले शोभिएको विमल, पूर्णचन्द्र विम्बको अनुकरण गर्ने उत्तम सुवर्णको कान्ति समान सुन्दर तपाईंको मुहार देखेर तथापि क्रोधिएको महिषासुरले सहसा प्रहार गऱ्यो । यो बडो अद्भुत हो ! हे देवी ! उही मुख जब क्रुद्ध हुँदा उदाउन लागेको चन्द्रमाको जस्तो लाल कान्तिवाला, टेढिएका भृकुटीले विकराल भएको देखेर पनि जो महिषासुरले तुरून्त प्राण त्यागेन । त्यो झन् अत्यन्त विचित्र हो, किनकि रिसाएका यमराजलाई देखेर को जीवित रहन सक्तछ । हे देवी ! परमात्मा स्वरूपा तपाई जगत्को कल्याणका निमित्त प्रसन्न हुनुहोस् । रिसाएकी तपाईले कैयौं कुलको तत्काल नाश गर्नुहुन्छ, यो कुरा अहिले हामीले जान्यौं जो कि महिषासुरको यो विशाल सैन्य क्षणभरमा नाश गर्नुभयो । सर्वदा अभ्युदय दिने तपाई जसका उपर प्रसन्न रहनुहुन्छ, तिनै देशमा

सम्मानित हुन्छन्, तिनैको धन हुन्छ, तिनैको यश हुन्छ, तिनैको धर्म कहिल्यै शिथिल हुँदैन र तिनै आफ्ना हृष्ट-पुष्ट स्त्री, पुत्र, पुत्री, भृत्यले युक्त भएका छँदा धन्य मानिन्छन् । हे देवी ! तपाईंकै कृपा प्रसादले पुण्यात्मा पुरूष प्रतिदिन श्रद्धापूर्वक सदैव सब प्रकारका धर्म, कर्म गर्दछन् र त्यसका प्रभावले स्वर्गलोकमा जान्छन्, त्यसैले तपाई तीनै लोकका निश्चय नै मनोवाञ्छित फल दिनेवाली हुनुहुन्छ । हे दुर्गे ! तपाईको स्मरण गर्नाले सम्पूर्ण प्राणीको भय हर्नुहुन्छ, स्वस्थ चित्त भएकाले स्मरण गर्दा तिनलाई अत्यन्त शुभ कल्याणमयी मति दिनुहुन्छ, दरिद्रता, दु:ख, भय नास्ने र सबको उपकार गर्नलाई सधैं दयाले आर्द्रचित्त भएकी तपाईंसिवाय अरू को छ ? देवी ! यी दैत्यहरूलाई मार्नाले जगत् सुखमा प्राप्त हुन्छ, यिनले धेरै काल नरकमा रहनलाई पाप गरेका होऊन् तापनि संग्राममा मरेर स्वर्ग जाऊन् भन्ने विचारले नै पक्का तपाईं शत्रुहरूलाई मार्नुहुन्छ । तपाईं सम्पूर्ण दैत्यहरूलाई दृष्टिपातले नै भस्म किन गर्नुहुन्छ ? शत्रुहरूमा जो शस्त्र प्रहार गर्नुहुन्छ, त्यो वैरीहरू पनि शस्त्रले पवित्र भएर उत्तम लोकमा जाउन् भन्ने विचारले हो । ती दुष्टहरूमा पनि तपाईको यस्तो असल मति हुन्छ । खड्गको तेजपुञ्जको उग्र भयङ्कर चमकले र शूलका अग्रभागको चमक समूहले पनि जो ती असुरका आँखा फुटेन । त्यो त तपाईंको मनोहर चन्द्रिकाले युक्त चन्द्रमण्डल-जस्तो सुन्दर मुख देखनाले । देवी ! दुराचारीका दुर्व्यवहार दूर गर्ने तपाईको शील छ, त्यस्तै तपाईंको यो रूप कसैसँग तुलना

नहुने अचिन्त्य छ । तपाईंको पराक्रम पनि देवताहरूको पराक्रम नाश गर्ने दैत्यहरूलाई निभाउने छ, शत्रुहरूमा पनि तपाईंले यस्तो दया नै प्रकट गर्नुभयो । हे वरदायिनी देवी । तपाईंको यस पराक्रमको तुलना कसका साथ होस् ? शत्रुलाई भय दिने र अति मनोहर पनि यस्तो रूप कहाँ ? चित्तमा कृपा र संग्राममा निष्ठुरता यी दुई कुरा तीनै भुवनमा केवल तपाईंमा नै देखियो । तपाईंले शत्रु नासेर यो समस्त त्रैलोक्यलाई नै रक्षा गर्नुभयो, ती शत्रु गणलाई पनि रणभूमिमा मारेर स्वर्ग पुऱ्याउनुभयो ! उन्मत्त दैत्यबाट भएको हाम्रो भयलाई पनि नाश गरिदिनुभयो, तपाईंलाई नमस्कार छ । हे देवी ! अम्बिके ! हामीलाई शूलले रक्षा गर्नुहोस्, खड्गले रक्षा गर्नुहोस्, घण्टाको शब्द र धनुषको टङ्कारले पनि हाम्रो रक्षा गर्नुहोस् । हे चण्डिके ! आफ्नो शूल घुमाएर पूर्व, पशिंचम र दक्षिण दिशामा हाम्रो रक्षा गर्नुहोस्, त्यस्तै हे ईश्वरी ! उत्तर दिशामा पनि रक्षा गर्नुहोस् । तीनै लोकमा तपाईंका जो सुन्दर रूप र जो अत्यन्त घोर भयङ्कर रूप विचरण गर्दछन्, ती सबले हाम्रो भूलोकको पनि रक्षा गर्नुहोस् । हे अम्बिके ! तपाईंका करकमलमा शोभिएका खड्ग, शूल, गदा आदि जो अस्त्र छन्, ती सबले हाम्रो सबैतिर रक्षा गर्नुहोस् ।

ऋषिले भने– देवताहरूले यसप्रकार स्तुति गरिएकी नन्दन वनमा भएका दिव्य फूलले र सुगन्धित चन्दन आदिले पूजा गरिएकी तथा समस्त देवगणले भक्तिपूर्वक दिव्य धूपहरूले पनि आराधना गरिएकी जगन्माताले

प्रणाम गरिरहेका समस्त देवगणलाई प्रसन्न मुखले भनिन् ।

देवीले भनिन्– हे देवता हो ! तिमीहरू सबैले मबाट जे इच्छा छ, त्यो माग । देवताहरूले भने– भगवतीले सबै इच्छा पूर्ण गरिदिनुभयो अब केही पनि बाँकी छैन, जो कि यो हाम्रो शत्रु महिषासुरलाई मारिदिनुभयो । हे महेश्वरी ! यदि हामीलाई अरू वर दिन चाहनुहुन्छ भने जब-जब हामी स्मरण गरौंला, तब-तब दर्शन दिएर हाम्रो ठूला-ठूला आपत्‌हरूलाई नाश गर्नुहोला । हे प्रसन्नमुखी अम्बिके ! जो मनुष्य यी स्तोत्रले तपाईंको स्तुति गर्ला, त्यसको वित्त समृद्ध वैभवसाथै धन, स्त्री आदि सम्पत्तिहरूले पनि वृद्धि गर्नलाई तपाईं सर्वदा हाम्राउपर प्रसन्न रहनुहोला । ऋषिले भने– राजन् ! जब देवताहरूले आफ्नो र जगत्‌को कल्याणका निमित्त यसप्रकार प्रसन्न गरे तब 'तथास्तु' भनेर भद्रकाली अन्तर्ध्यान भइन् । हे राजा ! अघि पूर्वकालमा तीन लोकको हित चाहनेवाली देवी देवगणका शरीरबाट जसरी प्रकट भएकी थिइन्, यो सब कथा मैले भने । फेरि पनि देवताहरूको उपकार गर्ने देवी दुष्ट दैत्यहरूको र शुम्भ-निशुम्भको वध गर्न तथा लोकको पनि रक्षा गर्न गौरीका देहबाट जसरी प्रकट भइन्, त्यो सब कथा मैले बताएको सुन, तिमीलाई म सबै भन्छु ।

॥ ह्रीं ॐ ॥

श्री चण्डी देवीको देवताहरूबाट स्तुति गरिएको चौथो अध्याय समाप्त भयो ।

ॐ ऐँ नमः



माता श्री महासरस्वती

ॐ

श्री दुर्गा भवानीलाई प्रणाम छ ।

देवी महात्म्यको पाचौं अध्याय

ॐ क्लीं

जसले आफ्ना कर-कमलहरूमा घण्टा, शूल, हलो, शङ्ख, मुसल, चक्र, धनुष र वाण धारण गर्दछिन्, जसको मनोहर कान्ति शरद ऋतुका पूर्ण चन्द्रमा समान छन्, जो तीनै लोकको आधार स्वरूप र शुम्भ आदि दैत्यहरूलाई मारने हुनुका साथै गौरीका शरीरबाट जो प्रकट भएकी छन्, तिनै महासरस्वती देवीको म निरन्तर भजन गर्दछु ।

'ॐ क्लीं'

ऋषि भन्दछन्– अघि पूर्वकालमा शुम्भ, निशुम्भ नामका दैत्यले बलको घमण्डले इन्द्रको त्रैलोक्य यज्ञको पनि हरण गरे । ती दैत्य नै सूर्यको, चन्द्रमाका, कुवेरको, यमराजको र वरूणको पनि अधिकार आफैं गर्न थाले । वायु र अग्निका कार्य पनि तिनै गर्न लागे । तब ती दुईटा महाअसुरले बलले जितेर राज्यभ्रष्ट पारेर सब अधिकार हरेर अपमानपूर्वक स्वर्गबाट निकालिएका सम्पूर्ण देवताहरूले अपराजिता देवीको स्मरण गरेर आपत् परेका बेलामा स्मरण गऱ्यो भने तिमीहरूका सम्पूर्ण आपत् तत्काल नाश गर्नेछु भन्ने तिनले

हामीलाई वर दिइएको थियो । यस्तो मति गरेर देवताहरू गिरिराज हिमालय पर्वतमा गए । अनि उहाँ तिनले विष्णुमाया देवीको स्तुति गरे । देवताहरूले भने– देवीलाई नमस्कार छ । महादेवी शिवालाई निरन्तर नमस्कार छ । प्रकृति र भद्रालाई नमस्कार छ, हामी भक्तिपूर्वक ती जगदम्बालाई प्रणाम गर्दछौं । रौद्रालाई नमस्कार छ । नित्या, गौरी धात्रीलाई बारम्बार नमस्कार छ, ज्योत्स्नामयी, चन्द्ररूपिणी, सुखस्वरूपा देवीलाई निरन्तर नमस्कार छ । शरणागतको कल्याण गर्ने ऋद्धिस्वरूपा, सिद्धस्वरूपा र कर्मस्वरूपा भगवतीलाई बारम्बार नमस्कार छ, राजाहरूकी लक्ष्मी स्वरूप सर्वाणी (शिव-पत्नी), तपाईंलाई बारम्बार नमस्कार छ । दुर्गा, दुर्गपारा, सारस्वरूपिणी, सर्वकारिणी, ख्याति र त्यस्तै कृष्णा, घुम्रादेवीलाई निरन्तर नमस्कार छ । अति सौम्य र अति रूद्ररूपवालीलाई हामी नमस्कार गर्दछौं । बारम्बार नमस्कार छ । जुन देवी सब प्राणीमा विष्णुमाया नामले कहन्छिन्, तिनलाई नमस्कार, तिनलाई नमस्कार, तिनलाई नमस्कार छ । जुन देवी सब प्राणीमा चेतना रूपले रहेकी छिन्, तिनलाई हाम्रो बारम्बार नमस्कार छ । जगत्की आधारभूत जो प्रकृति देवी कहिन्छिन्, तिनलाई नमस्कार, तिनलाई नमस्कार, तिनलाई नमस्कार छ । जुन देवी सब प्राणीमा वृद्धिरूपले रहेकी छिन्, तिनलाई नमस्कार, तिनलाई नमस्कार, तिनलाई नमस्कार छ । जुन देवी सब प्राणीमा निद्रारूपले रहेकी छिन्, तिनलाई नमस्कार, तिनलाई नमस्कार, तिनलाई नमस्कार छ । जुन

देवी सब प्राणीमा क्षुधा रूपले रहेकी छिन्, तिनलाई नमस्कार, तिनलाई नमस्कार, तिनलाई नमस्कार छ । जुन देवी सब प्राणीमा छायाँरूपले रहेकी छिन्, तिनलाई नमस्कार, तिनलाई नमस्कार, तिनलाई नमस्कार छ । जुन देवी सब प्राणीमा तृष्णारूपले रहेकी छन्, तिनलाई नमस्कार, तिनलाई नमस्कार, तिनलाई नमस्कार छ । जुन देवी सब प्राणीमा क्षमारूपले रहेकी छिन्, तिनलाई नमस्कार, तिनलाई नमस्कार, तिनलाई नमस्कार छ । जुन देवी सब प्राणीमा जाति रूपले रहेकी छिन्, तिनलाई नमस्कार, तिनलाई नमस्कार, तिनलाई नमस्कार छ । जुन देवी सब प्राणीमा लज्जारूपले रहेकी छिन्, तिनलाई नमस्कार तिनलाई नमस्कार, तिनलाई नमस्कार छ । जुन देवी सब प्राणीमा शान्तिरूपले रहेकी छिन्, तिनलाई नमस्कार, तिनलाई नमस्कार, तिनलाई नमस्कार छ । जुन देवी सब प्राणीमा श्रद्धारूपले रहेकी छिन्, तिनलाई नमस्कार, तिनलाई नमस्कार, तिनलाई नमस्कार छ । जुन देवी सब प्राणीमा कान्तिरूपले रहेकी छिन्, तिनलाई नमस्कार, तिनलाई नमस्कार, तिनलाई नमस्कार छ । जुन देवी सब प्राणीमा लक्ष्मीरूपले रहेकी छिन्, तिनलाई नमस्कार, तिनलाई नमस्कार, तिनलाई नमस्कार छ । जुन देवी सब प्राणीमा वृत्तिरूपले रहेकी छिन्, तिनलाई नमस्कार, तिनलाई नमस्कार, तिनलाई नमस्कार छ । जुन देवी सब प्राणीमा स्मृतिरूपले रहेकी छिन्, तिनलाई नमस्कार, तिनलाई नमस्कार, तिनलाई नमस्कार छ । जुन देवी सब प्राणीमा दया रूपले रहेकी छिन्,

तिनलाई नमस्कार, तिनलाई नमस्कार, तिनलाई नमस्कार छ । जुन देवी सब प्राणीमा तुष्टि रूपले रहेकी छिन्, तिनलाई नमस्कार, तिनलाई नमस्कार, तिनलाई नमस्कार छ । जुन देवी सब प्राणीमा मातारूपले रहेकी छिन्, तिनलाई नमस्कार, तिनलाई नमस्कार, तिनलाई नमस्कार छ । जुन देवी सब प्राणीमा भ्रान्तिरूपले रहेकी छिन्, तिनलाई नमस्कार, तिनलाई नमस्कार, तिनलाई नमस्कार छ । जुन देवी सब प्राणीमा इन्द्रियको अधिष्ठात्री र सम्पूर्ण प्राणीहरूमा निरन्तर व्यापक रूपले रहेकी छिन्, ती देवीलाई बारम्बार नमस्कार छ । जुन देवी चैतन्यरूपले यो समस्त जगत्लाई व्याप्त गरेर रहेकी छिन्, तिनलाई नमस्कार, तिनलाई नमस्कार, तिनलाई नमस्कार छ ।

अघि पूर्वकालमा अभीष्ट वस्तु प्राप्त भएकाले देवताहरूले स्तुति गरिएकी तथा देवराज इन्द्रले बहुत दिनसम्म सेविएकी ती कल्याणकी कारण भएकी ईश्वरी हाम्रो शुभ कल्याण गरून् र सारा आपत् हरून् । यस बखत उद्यत दैत्यले सताइएका हामी देवताहरूले जुन ईश्वरीलाई नमस्कार गर्दछौं । भक्तिले विनम्र देह भएका पुरूषहरूले स्मरण गर्दा जो सम्पूर्ण आपत् तत्क्षणमा नै नाश गर्दछिन्, ती हाम्रो सङ्कट हटाइदिऊन् । ऋषिले भने– राजन ! जब देवताहरूले यस्तो स्तुति गरेथे तब पार्वती जान्हवीका जलमा स्नान गर्न त्यहाँ आइन् । सुन्दर भौंवाली तिनले देवताहरूलाई भनिन्– तिमीहरू यहाँ कसको स्तुति गर्दछौ ? तब उनैका शरीरबाट प्रकट भएर

शिवा देवी बोलिन् । संग्राममा निशुम्भले जितेर शुम्भ दैत्यले स्वर्गबाट निकालेका यी देवताहरूले जम्मा भएर मेरै स्तुति गरिन्छ । तब ती पार्वतीका शरीरको रौंबाट निस्केकी अम्बिका समस्त लोकमा कौशिकी नामले कहिन्छिन् । कौशिका निस्केपछि ती पार्वती पनि कालो वर्णकी भइन् । त्यसकारण ती हिमालयमा रहेनेवाली 'कालिका' नामले विख्यात भइन् । तब अत्यन्त उत्तम मनोहर रूप धारण गरेकी अम्बिकालाई शुम्भ-निशुम्भका नोकरहरू चण्ड र मुण्डले देखे । तिनीहरूले शुम्भलाई भने- महाराज ! कुनै अत्यन्त मनोहर सुन्दरी स्त्री आफ्ना दिव्य कान्तिले हिमालय नै झलमल पारेर रहेकी छ । त्यस्तो उत्तम रूप कहीं कसैको पनि होवैन हे असुरेश्वर ! त्यो देवी को रहिछ, जान्नुहोस् र ग्रहण पनि गर्नुहोस् । सर्वाङ्ग सुन्दर भएकी त्यो स्त्री-रत्न कान्तिले सब दिशा प्रकाश पार्दै हिमालयमै रहेकी छ, दैत्येन्द्र ! त्यसलाई तपाईले हेर्नु योग्य छ । प्रभो ! तीनै लोकमा मणि, हात्ती, घोडा आदि जति रत्न छन्, ती सब यसबखत तपाईंका घरमा शोभित छन् । यो गजरत्न ऐरावत, यो पारिजात वृक्ष, त्यस्तै यो उच्चै श्रवा घोडा इन्द्रबाट ल्याउनुभयो । यो हंसयुक्त विमान पनि तपाईका आँगनमा रहेको छ । जुन रत्नभूत विमान पहिले ब्रह्माजीको थियो, अहिले यहाँ ल्याइएको छ । यो महापद्म निधि धनेश्वर कुवेरबाट ल्याउनुभएको छ । समुन्द्रले कहिल्यै नओइलाउने केसरले शोभिएको किञ्जल्किनी माला दिए । सुन बर्साउने बरूणको छाता तपाईंकै

घरमा छ, त्यस्तै जो अघि प्रजापतिको थियो, यो श्रेष्ठ रथ पनि अहिले तपाईंको पासमा मौजुद छ। हे दैत्यश्वर ! मृत्युको उत्क्रान्तिदा नाम भएको शक्ति पनि तपाईंले हरण गरेको छ र बरूणको पाश र समुद्रमा पैदा भएका सब प्रकारका रत्नहरू तपाईंका भाइ निशुम्भका अधिकारमा छन् । अग्निले आफैंले शुद्ध पारेका दुईवटा दिव्य वस्तु तपाईंलाई दिएका छन् । हे दैत्यराज ! यसप्रकार तपाईले समस्त रत्न जम्मा गर्नुभएको छ । अनि यो कल्याणमयी स्त्रीरत्न किन ग्रहण गर्नुहुन्न ? । ऋषिले भने- चण्डमुण्डका यस्ता वचन सुनेर त्यो शुम्भले महाअसुर सुग्रीवलाई देवीका पासमा दूत पठायो । तैंले गएर वचनले त्यसलाई यसो-यसो भन्नू र जसरी त्यो खुसीले झट्टै यहाँ आउँछे, त्यस्तै काम गर्नू। तब त्यो दूतले पर्वतको अत्यन्त रमणीय प्रदेशमा जहाँ ती देवी थिइन्, उहाँ गएर मधूर वचनले कोमलतापूर्वक झुकेर भन्यो। दूतले भन्यो– हे देवी ! दैत्येश्वर शुम्भ तीनै लोकका राजा छन्, उनैले पठाएको दूत म यहाँ तिम्रा पासमा आएको हुँ । दैत्यका शत्रु समस्त देवगणलाई जितेर जो सदा सम्पूर्ण देवताहरूमा बेरोकटोक आज्ञा गर्दछन्, उनले जे भनेको छ, त्यो सुन ! सम्पूर्ण त्रैलोक्य मेरो अधिकारमा छ, सबै देवता मेरा आज्ञाका अधीनमा चल्दछन्, सम्पूर्ण यज्ञको भाग पृथक्-पृथक्मै भोग्दछु । तीनै लोकका सम्पूर्ण असल-असल रत्न मेरा वशमा छन्, देवेन्द्रको वाहन गजरत्न ऐरावत हात्ती पनि मैले हरेको छु। क्षीर सागर मथन गर्दा उत्पन्न भएको उच्चैःश्रवा नामको अश्वररत्न मलाई

देवताहरूले पाउ परेर समर्पण गरेका छन्। हे सुन्दरी ! अरू पनि रत्नभूत पदार्थ देवता, गन्धर्व, नागहरूमा जेजति थिए, ती सब मेरै पासमा आएका छन्। हे देवी ! हामी तिमीलाई लोकमा स्त्रीहरूमा रत्न भएको मान्दछौं। तसर्थ त्यस्ती तिमी हाम्रा पासमा आऊ किनकि रत्न भोग गर्ने हामी नै हौं। हे चञ्चल कटाक्षवाली सुन्दरी ! मलाई अथवा मेरो भाइ महापराक्रमी निशुम्भलाई भज किनकि तिमी रत्नरूपा छचौ। मलाई वरण गर्नाले अतुल उत्तम ऐश्वर्य पाउने छौ, यो कुरा बुद्धिले राम्रो विचार गरेर मेरी भार्या होऊ। ऋषिले भने– त्यसबखत यस्तो भनिएकी ती देवी, जसले यो जगत् धारण गरिन्छ, कल्याणस्वरूपिणी दुर्गा भगवतीले गम्भीर भावले मनमनै मुस्कुराएर भनिन्। देवीले भनिन्। हे दूत ! तैंले साँचो, भनिस्, यसमा अलिकति पनि मिथ्या कुरा भनिनस्। हो, शुम्भ तीनै लोकको अधिपति छ, निशुम्भ पनि त्यस्तै पराक्रमी छ। परन्तु यस विषयमा मैले जो अघि प्रतिज्ञा गरेकी छु, त्यो मिथ्या कसरी गरूँ ? मैले अल्पबुद्धिका कारण अघि जो प्रतिज्ञा गरेकी छु त्यो सुन्। जो मलाई संग्राममा जित्दछ, जो मेरो अभिमान तोड्दछ, जो लोकमा मेरो समान बलवान् छ, उही मेरो भर्ता हुनेछ। तसर्थ शुम्भ झट्ट यहाँ आओस् र मलाई जितेर विवाह गरोस्, यसमा विलम्बको के काम छ। दूतले भन्यो– हे देवी ! तिमी घमण्डले फुलेकी रहिछचौ, मेरा अगाडि यस्ता कुरा नगर, त्रैलोक्यमा शुम्भ-निशुम्भका अगाडि कुन पुरुष खडा हुन सक्तछ ? अरे देवी ! अरू दैत्यका पनि सम्मुखमा सवै देवता युद्धमा ठहर्न सक्तैनन् भने फेरि तिमी एक्ली स्त्री कसरी ठहरौली। जुन

शुम्भ-निशुम्भ आदि दैत्यहरूका सामने इन्द्रादि सम्पूर्ण देवता युद्धमा खडा भएनन्, तिनका सम्मुख तिमी स्त्रीजाति कसरी जाउली। त्यसकारण तिमी मेरै भनाइले शुम्भ-निशुम्भका पासमा सुरूक्क जाऊ, यसो गर्नाले जगल्टचाएर गौरव गुमाएर जानुपर्ने छैन देवीले भनिन्; तेरो भनाइ ठीक छ, शुम्भ बलवान् छ, निशुम्भ पनि त्यस्तै छ तर के गरूँ जो कि अघि मैले बिनाविचारले प्रतिज्ञा गरें। त्यसकारण तँजा, मैले जो तँलाई भनें, त्यो सब कुरा दैत्यराजलाई आदरपूर्वक सुना, जो उचित हुन्छ, त्यो उही गरोस्।"

देवी महात्म्यको पाँचौं अध्याय समाप्त भयो।



ॐ

श्री दुर्गा भवानीलाई प्रणाम छ ।

शुम्भले अम्बिकालाई पक्रेर ल्याउन भनेको छैटौं अध्याय

ॐ म सर्वज्ञेश्वर भैरवका अङ्गमा निवास गर्ने परमोत्कृष्ट पद्मावती देवीको चिन्तन गर्दछु । उनी नागराजको आसनमाथि बसेकी छिन्, नागका फणामा शोभा पाउने मणिहरूको विशाल मालाले उनको देह चम्किरहेको छ । सूर्यका समान उनको तेज छ । तीन आँखाले उनको शोभा बढाइरहेका छन् । उनी हातमा माला, कुम्भ, कपाल र कमल लिएकी छिन् र उनका मस्तकमा अर्धचन्द्रको मुकुट सजिएको छ ।

ऋषिले भने– देवीका यस्ता वचन सुनेर रिसले चूर भएको त्यस दूतले गएर दैत्यराजलाई विस्तारपूर्वक सब समाचार कहेर सुनायो । तब त्यसका ती कुरा सुनेर क्रुद्ध भएको असुरराज शुम्भले दैत्यहरूको सेनापति धूम्रलोचनलाई भन्यो । हे धूम्रलोचन शीघ्र आफ्ना सेना लिएर जा र त्यस दुष्टलाई जबर्जस्ती केशमा पक्रेर घिस्याउँदै लिएर आइज । त्यसको रक्षक बनेर यदि अर्को कोही खडा भयो भने देवता, यक्ष वा गन्धर्व जो होस्, त्यसलाई मार्नू । ऋषिले भने– तब त्यसले आज्ञा दिएको त्यो दैत्य धूम्रलोचन साठी हजार असुर सैन्य लिएर तुरून्तै गयो । अनि त्यसले हिमालय पर्वतमा

बसेकी देवीलाई देखेर कराएर भन्यो– शुम्भ-निशुम्भका चरणमा हिंड । यदि अहिले सोझो रायले खुसी भएर तिमी मेरा मालिकका पासमा जान्नौ भने तिम्रो म बलैले जगल्टा पक्रेर घिस्याउँदै विह्वल पारेर लैजाने छु । देवीले भनिन्– दैत्यका राजाले पठाएको तँ बलियो छस्, सेना पनि साथमा छन्, मलाई यसरी बलपूर्वक लैजान्छस् भने तब तेरो म के गर्न सक्तछु र । ऋषिले भने– देवीले यस्तो भनिएको त्यो धूम्रचोचन असुर तिनलाई पक्रन दौड्यो तब ती अम्बिकाले त्यसलाई हुँकारले नै भस्म गरिन् । अनि क्रुद्ध भएका असुरका विशाल सेनाले र अम्बिकाले तीखातीखा वाण र शक्ति बञ्चराहरूको परस्पर वर्षा गरे । तब जगगर हल्लाउँदै क्रोधले भयङ्कर गर्जना गरेर देवीको आफ्नै वाहन सिंह असुरका सेनामा उफ्रचो । त्यसले कति दैत्यलाई पञ्जाका प्रहारले, कतिलाई मुखले, कतिलाई दाँतले कम्चेर ठूला-ठूला असुरहरूलाई मा-यो । त्यस सिंहले नङ्ग्राले कतिका कोखा फो-यो, त्यस्तै पञ्जाका प्रहारले कतिका शिर धडबाट अलग गरायो । त्यसले कतिका बाहु मस्तक छिन्नभिन्न पा-यो, जगगर हल्लाउँदै कतिका कोखा फोरेर रगत पियो । अत्यन्त क्रोधिएकी देवीको वाहन महाबलि सिंहले क्षणभरमा असुरका सारा सेनालाई संहार ग-यो । तब देवीले त्यस असुर धुम्रलोचनलाई मारेको र देवीको सिंहले सारा सेनालाई संहारेको पनि सुनेर दैत्यको अधिपति शुम्भले ओठ फट्फटाउँदै अत्यन्त क्रोधिएर महाअसुर चण्ड-मुण्डलाई आज्ञा ग-यो– हे चण्ड !

हे मुण्ड ! तिमीहरू धेरै सैन्य साथमा लिएर उहाँ जाओ गएर अनि त्यसलाई जगल्टा पक्रेर घिस्याउँदै अथवा बाँधेर झट्टै यहाँ ल्याओ, यदि त्यसरी ल्याउन तिमीहरूलाई सन्देह भयो भने सबै दैत्यले समस्त हतियारले मार। त्यस दुष्टलाई र त्यो सिंहलाई पनि मारेपछि अनि त्यो अम्बिकालाई बाँधेर लिएर चाँडै आओ।

छैटौं अध्याय समाप्त भयो।



ॐ

श्री दुर्गा भवानीलाई प्रणाम छ ।

चण्डमुण्ड मारिएको सातौं अध्याय

म ती मातङ्गी देवीको ध्यान गर्दछु । उनी रत्नमय सिंहासनमा बसेर पढिरहेका सुगाहरूका मधूर शब्द सुनिरहेकी छिन् ! उनको शरीरको श्याम वर्ण छ । उनी आफ्नो एक पाउ कमलमा राखेर बसेकी छिन् र मस्तकमा चन्द्रमालाई धारण गरेकी छिन् । कल्हार पुष्पको माला धारण गरेर वीणा बजाइरहेकी छिन् । उनको शरीरमा कस्सिएको चोलीले शोभा बढाएको छ । रातो साडी लगाएकी र हातमा शङ्खमय पात्र लिएकी छिन् । उनको शरीरबाट हल्का हल्का मधुको गन्ध आइरहेको छ भने निधारमा टीकाले शोभा दिइरहेको छ ।

ऋषि भन्दछन्– तब शुम्भले आज्ञा दिएका ती चण्ड-मुण्ड आदि दैत्यहरू घोडा, हात्ती, रथ-पैदल, चतुरङ्गिगी सेनाले युक्त भएर हातहतियार उजाएर गए । अनि गिरिराज हिमालयको सुवर्णमय ठूलो टाकुरामा सिंहमाथि बसेर मन्द-मन्द मुस्कुराएकी देवीलाई स्पष्ट देखे । तिनलाई देखेर ती दैत्यले तत्पर भएर पक्रने उद्योग गर्न थाले । कतिले धनु, खैचें, कतिले तरबार पक्रे, कति उनका समीपमा गएर खडा भए । तब अम्बिकाले ती शत्रुहरूका प्रति अत्यन्त क्रोध गरिन्,

त्यस बखत क्रोधले उनको मुख मसीजस्तो कालो वर्णको भयो। तिनका भृकुटी टेढिएका विशाल भालबाट तुरून्तै विकराल मुख भएकी, तरबार, पास हातमा लिएकी काली निक्लिइन्। विचित्र खट्वाङ्ग धारण गरेकी नरमुण्डका माला लगाएकी, चितुवाको छाला पहिरिएकी, मासु सारा सुकेकी, अत्यन्त डर लाग्दी। अति विशाल मुख भएकी, जिब्रो लपलपाउने भयङ्कर स्वरूपकी, धसिएका गहिरा राता आँखावाली, गर्जनाले सम्पूर्ण दिशा थर्काउने ती काली ठूला-ठूला असुरलाई मार्दै बेगले दैत्य सैन्यमा उफ्रेर तिनलाई खान थालिन्। पार्श्वरक्षक अंकुश लिएका माहुते योद्धा, घण्टसहितका हात्तीहरूलाई एकै हातले मुखमा हाल्दथिन्। त्यसगरी घोडा सारथिसहितका रथ र रथी योद्धालाई मुखमा हाली अत्यन्त भयानक चालले दाँतले चपाउँथिन्। कसैलाई जगल्टा पक्रेर, कसैलाई गला निमोठेर, कसैलाई लात्तले हानेर, कसैलाई छातीले धक्याएर मारिन्। त्यस्तै ती असुरहरूले छोडेका बडा-बडा शस्त्रास्त्र मुखले पक्री रिसले चपाउँथिन् पनि। त्यसबखत बलिया दुरात्मा दानवका ती सारा सेना खेदिन्, खाइन् र कतिलाई ठोकेर भगाइन्। कति तरबारले काटिए, कति खट्वाङ्गले ठटाइए, कति दानव दाह्राका प्रहारले नासिए। एकैछिनमा सारा दानव-शैन्यलाई मारेको देखेर ती अति भयङ्कर कालीतर्फ चण्डले झम्टचो। महाअसुर मुण्डले पनि ती भयानक आँखावाली कालीलाई महाभयङ्कर वाणवर्षाले र प्रहार गरेका हजारौं चक्रले पनि ढाकिदियो। तिनका मुखमा पसेका ती अनेक चक्र बादलभित्र

घुसेका धेरै सूर्यविम्बजस्ता शोभिए । त भयङ्कर गर्जना गर्नेवाली हेरिनसक्नु दाँतका कान्तिले उज्ज्वल विकराल मुख भएकी कालीले अति क्रोधले भयानक हाँसो हाँसिन् । अनि ती देवीले ठूलो तरबार लिएको हुँ, गरेर उफ्रेर चण्डलाई झम्टिन् र उसका केशमा समाई त्यसै तरबारले शिर काटिन् । चण्डलाई मारेको देखेर मुण्डले तिनलाई झम्टचो तब तिनले रिसले त्यसलाई पनि तरबारले काटेर भुइँमा गिराइन् । तब चण्डलाई र महापराक्रमी मुण्डलाई पनि मारेको देखेर मारबाट बाँचेका बाँकी सेना भयले व्याकुल भएर चारैतिर भागे । कालीले पनि चण्डको र मुण्डको शिर हातमा लिएर चण्डिकाका पासमा गएर प्रचण्ड अट्टहास गर्दै भनिन्– देवी, मैले चण्ड-मुण्ड नामका महापशु यहाँ तिमीलाई चढाएँ, अब युद्ध-यज्ञमा शुम्भ र निशुम्भलाई आफैं मारौंली । ऋषिले भने– तब उहाँ ल्याएका ती महा असुर चण्डलाई देखेर कल्याणी चण्डिकाले कालीलाई सुन्दर वचन भनिन् । जुन हेतुले चण्ड र मुण्डलाई लिएर तिमी यहाँ आयौ, त्यसैले अब लोकमा चामुण्डा भन्ने नामले प्रख्यात हुने छचौ ।

चण्डमुण्ड वध भएको सातौं अध्याय समाप्त भयो ।



ॐ

श्री दुर्गा भवानीलाई प्रणाम छ ।

रक्तबीज मारिएको आठौं अध्याय

म अणिमा आदि सिद्धिमय किरणहरूले युक्त सजिएको भवानीको ध्यान गर्दछु । उनका शरीरको रङ्ग रातो छ । आँखामा दयाको आभा छ साथै हातमा पाश, अंकुश, वाण र धनुषले शोभा पाएकी छिन् ।

ऋषिले भने– चण्ड र मुण्ड दैत्य पनि मारिएपछि धेरैजसो सैन्य पनि मारिएपछि दैत्यराज पापी शुम्भ मनमा अत्यन्त क्रोधियो, तब उसले दैत्यका सम्पूर्ण सेनालाई युद्धका लागि तयार भई हिंड्ने आज्ञा दियो । आजै उदायुध नामका छयासी दैत्यसेनापति आफ्ना सब सैन्यका साथ युद्ध गर्न प्रस्थान गरून् । कम्बुका चौरासी सेना-नायक आफ्ना फौजले युक्त भएर निक्लिऊन् । पचास करोड वीर्यकुलका, सय धुम्रक-कुलका असुरहरूका सेनापति मेरा आज्ञाले आ-आफ्ना सेनासहित चलून् । कालक, दौर्हृद, मौर्य र कालकेय नामक असुरहरू पनि मेरो आज्ञाले हतारिएर युद्धका निम्ति तुरून्तै तयार भएर प्रस्थान गरून् । भयङ्कर शासन भएको असुर-राज शुम्भ यस्तो आज्ञा दिएर धेरै ठूलो सैन्य हजारौंसहित भएर आफू पनि निक्लेर गयो । अत्यन्त भयानक त्यो सैन्य आइरहेको देखेर चण्डिकाले धनुको टङ्कारले पृथ्वी र आकाशको

बीचलाई पूर्ण भरिदिइन् । राजन ! सिंह पनि अत्यन्त ठूलो शब्दले गर्ज्यो, अम्बिकाले घण्टाको शब्दले ती शब्दलाई झन् बढाइन् । धनुको टङ्कार, सिंहको गर्जाइ, घण्टाको शब्दले सारा दिशा शब्दैशब्दले भरिए, झन् मुख फैलिएकी कालीको भीषण गर्जनाले सब शब्दलाई जितिन् । त्यो तुमुल शब्द सुनेर क्रोधिएका दैत्य-सैन्यले देवी, सिंह र कालीलाई चारै दिशाबाट घेरे । राजन् । यसैबीचमा असुरहरूको विनाश भएका ब्रह्मा, शिव, कार्तिकेय, विष्णु र इन्द्र आदि देवताका शक्तिहरू तिनका शरीरबाट निक्लेर त्यस्तै रूपले चण्डिकाका पासमा आए । जुन देवताको जस्तो रूप, जस्तो भूषण, जस्तो वाहन छ, ठीक त्यस्ते नै तिनका शक्ति दैत्यसँग युद्ध गर्न आए र हंसयुक्त विमानमा बसेकी अक्षसूत्र, कमण्डल लिएकी ब्रह्माकी शक्ति आइन्, जो ब्रह्माणी कहिन्छिन् । साँढेमा चढेकी, तीखो त्रिशूल लिएकी, महानागका बालावाली चन्द्ररेखाले माथ शोभिएकी महेश्वरकी शक्ति माहेश्वरी उहाँ आइन् । मयूरमा चढेकी गुहरूपिणी, अम्बिका कौमारी शक्ति हातमा लिएर दैत्यका साथ युद्ध गर्न आइन् । त्यस्तै वैष्णवी शक्ति गरूडमा चढेकी शङ्ख, चक्र, गदा, पद्म र धनु हातमा लिएकी उहाँ आइन् । अतुलयज्ञ बराह रूप धारण गर्ने हरिकी जो शक्ति हुन्, वाराही ती पनि वराह रूप धारण गरेर उहाँ आइन् । जगगर हल्लाउँदा आकाशका तारा झर्ने नारसिंही, नृसिंहकै जस्तो देह धारण गरेर त्यहाँ आइन् । ऐरावत हात्तीमा चढेकी, बज्र हातमा लिएकी, हजार आँखा भएकी, इन्द्रजस्तै रूपकी

ती ऐन्द्री पनि आइन् । त्यसपछि ती देवशक्तिहरूले घेरिएका महादेवले चण्डिकालाई भने– मेरो प्रसन्नताका लागि असुरलाई चाँडै मार । तब देवीका शरीरबाट सयकडौं स्यालिनी कराएझै शब्द गर्ने अति भयानक उग्र रूपकी चण्डिकाशक्ति प्रकट भइन् । ती अपराजिताले कैलाजटा भएका महादेवसित भनिन्– भगवान् ! तपाईं दूत बनेर शुम्भ-निशुम्भका पास जानुहोस् । अत्यन्त गर्विला दानव शुम्भ-निशुम्भलाई र अरू पनि त्यहाँ जो दानव युद्ध गर्न आएका छन्, ती सबलाई भन्नुहोस् । यदि बाँच्न इच्छा गर्छौ भने इन्द्र त्रैलोक्य पाउन्, देवताहरू यज्ञका भाग पाऊन् । तिमीहरू पाताल जाओ । बलका घमण्डले यदि तिमीहरू युद्ध नै गर्न चाहन्छौ भने आओ । तिमीहरूका मासुले मेरा योगिनीहरू तृप्त होऊन् । जैले ती देवीले शिवलाई स्वयं दूतको काममा नियुक्त गरिथिइन्, तैंलेदेखि ती यस लोकमा 'शिवदूती' भन्ने नामले प्रख्यात भइन् । ती महाअसुरहरू पनि शिवले भनेका देवीका वचन सुनेर क्रोधले भरिएका छँदा जहाँ-जहाँ कात्यायनी विराजमान थिइन्, उहीं गए । तब क्रोधले उद्यत भएका दानवहरूले नै पहिले ती देवीका उपर शर, शक्ति, सृष्टि आदि हतियार बर्साए । अनि देवीले पनि लीलैले बेसरी टङ्कारेको धनुद्वारा छोडेका बडा-बडा वाणहरूले दानवले हानेका वाण, शूल, शक्ति, फरसा सब काटिन् । त्यस्तै कालीका अघि-अघि शत्रुलाई शूलका प्रहारले विदीर्ण पार्दै कतिलाई खट्वाङ्गले थिचेर मार्दै त्यस बखत रणमा बिचर्न लागिन् । ब्राह्मणी पनि जस-जसलाई झम्टिन्थिन्, कमण्डलूको

जल छर्केर शत्रुको तेज र पराक्रम नष्ट पार्थिन् । माहेश्वरी त्रिशूलले, वैष्णवी चक्रले त्यस्तै अति क्रोधिनी कौमारीले शक्तिले दैत्यहरूलाई मारे । द्रन्द्रायणीका वज्र-प्रहारले विदीर्ण भएर सयकडौं दानव रक्तका धारा बगाउँदै पृथ्वीमा सोत्तर भए र बराहमूर्ति देवीले कतिलाई थुतुनाको प्रहारले ध्वस्त पारिन् । दाह्राका टुप्पाले कतिका छाती फोरिन्, कति चक्रका चोटले विदीर्ण भएर गिरे । नरसिंही पनि अरू ठूला-ठूला असुरहरूलाई नङ्ग्राले चिथोरेर खाँदै, गर्जनाले दस दिशा आकाश सब थर्काउँदै रणमा विचरण गर्दथिन् । कति दैत्य शिवदूतीका प्रचण्ड अट्टहासले बेहोस भएर पृथ्वीमा गिरे, तब ती गिरेकालाई तिनैले खपाखप खाइन् । त्यसरी क्रोधित भएका मातृगणले नाना प्रकारका उपायले ठूला-ठूला असुरहरूलाई मारमुर गरेको देखेर देव शत्रु दैत्यहरू अड्न सकेनन् र भागे । मातृगणले पीडित गरिएका दानवहरूलाई भाग्न लागेका देखेर रक्तबीज नामको महाअसुर क्रुद्ध भएर युद्ध गर्न अघि सऱ्यो । जब यसको शरीरबाट रगतको थोपा भुइँमा (झर्दछ) गिर्दछ, तब त्यस्तै शक्तिशाली असुर पृथ्वीमा उत्पन्न हुन्छन् । त्यो महा-असुर रक्तबीज हातमा गदा लिएर इन्द्रशक्तिका साथ युद्ध गर्न थाल्यो, तब ऐन्द्रीले आफ्नो बज्रले रक्तबीजलाई ठोकिन् । बज्रले घायल भएको त्यसको धेरै रगत भुइँमा झऱ्यो र त्यस्तै रूप त्यस्तै पराक्रम भएका अरू रक्तबीज योद्धाहरू धेरै उत्पन्न भए । त्यसका शरीरबाट जति रगतका विन्दु गिरेका थिए, रक्तबीजकै समान बल, वीर्य

पराक्रम भएका त्यति नै पुरूष उत्पन्न भए । ती रगतबाट उत्पन्न भएका पुरूष पनि त्यहाँ अति उग्र शस्त्रास्त्र बर्साएर मातृगणका साथ भयङ्कर युद्ध गर्न थाले । फेरि बज्र हानेर त्यसको शिर काटिन्, रगतको भल बग्यो र त्यसबाट हजारौं रक्तबीज पुरूष पैदा भए । त्यस दैत्य सेनापतिलाई समरमा वैष्णवीले चक्रले हानिन्, ऐन्द्रीले गदाले ठोकिन् । वैष्णवीको चक्रले छिन्न-भिन्न भएको त्यसको बेगको रगतबाट उत्पन्न भएका त्यस्तै प्रमाणका हजारौं महाअसुरले जगत् ढाके । तब त्यस महाअसुर रक्तबीजलाई कौमारीले शक्तिले, वाराहीले तरबारले, महेश्वरीले त्रिशूलले हाने । क्रोधले मुर्मुरिएको महाअसुर रक्तबीजले पनि ती सब मातृगणलाई एक-एक गरेर गदाले हान्यो । शक्ति शूल आदिले धेरै प्रकारले घायल भएका त्यसका देहबाट जो रगतका झरना भुइँमा झरे, त्यसबाट पनि लाखौं असुर उत्पन्न भए । असुरका रगतबाट उत्पन्न भएका ती दैत्यहरूले जब सब जगत् व्याप्त भएथ्यो, तब देवताहरू अत्यन्त भयभीत भए । ती देवगणहरूलाई खिन्न भएका देखेर चण्डिकाले कराई कालीलाई भनिन्– हे चामुण्डे ! आफ्नो मुख फैलाऊ । मेरा शस्त्र-प्रहारले गिरेका रक्तविन्दु र रक्तविन्दुबाट उत्पन्न भएका महाअसुरहरूलाई पनि तिम्रो यो बेगिलो मुखले खाँदै जाऊ । रगतबाट उब्जेका ठूला दैत्यहरूलाई खाँदै तिमी रणमा दौडिरहू । त्यसो गर्नाले सारा रगत समाप्त भएर दैत्य नाशिने छ । तिमीले खाएपछि ती उग्र दानव फेरि अझ उत्पन्न हुने छैनन् । कालीलाई यति

भनेर अनि देवीले तिनलाई शूलले मार्न थालिन् र कालीले जताततै दौडेर रक्तबीजको रगत मुखले खाइन् । तब त्यो दैत्यले पनि त्यहाँ चण्डिकालाई गदाले हान्यो, किन्तु गदाको प्रहारले तिनलाई अलिकति पनि पीडा भएन । घायल भएका त्यसका देहबाट धेरै रगत गिऱ्यो तर चामुण्डाले जताततै दौडेर त्यो सब रगत खाइन् । रगत गिर्नाले कालीका मुखबाट जो महादैत्य उत्पन्न भए चामुण्डाले तिनलाई पनि खाइन्, त्यसको रगत पनि पिइन् । चामुण्डाले रगत पिएको त्यस रक्तबीजलाई देवीले शूलले, बज्र, वाण, तरबार, सृष्टिहरूले धमाधम हानिन् । राजन् ! यसप्रकार शस्त्र-समूहले त्यो महादैत्य रक्तबीज रगतरहित भएर भूतलमा गिऱ्यो । नरेश्वर ! तब ती देवताहरू अत्यन्त हर्षित भए । ती दैत्यहरूको रगत पिएर उन्मत्त भएका मातृगण नाच्न लागे ।

रक्तबीज वध भएको आठौं अध्याय समाप्त भयो ।



ॐ

श्री दुर्गा भवानीलाई प्रणाम

निशुम्भ मारिएको नवौं अध्याय

म अर्धनारेश्वरका श्रीविग्रहको सधैं शरणमा पर्दछु। उनको वर्ण बन्धुकपुष्प र सुन मिसिएजस्तो रातो र पहेंलो रङ्ग मिश्रण गरेजस्तो छ । उनको आफ्ना हातमा सुन्दर अक्षमाला पाश, अंकुश र वरद-मुद्रा धारण गरेकी छिन्। अर्ध चन्द्र उनको गहना हो भने उनी तीन आँखाहरूले सुशोभित छिन्।

राजाले भने– हे भगवान् ! रक्तबीजको वध भएको देवीको चरित्रको यो विचित्र महात्मय तपाईंले कहनुभयो । अब फेरि रक्तबीजलाई मारेपछि अत्यन्त क्रुद्ध भएका शुम्भ-निशुम्भले जुन कर्म गरे, त्यो म सुन्न चाहन्छु । ऋषिले भने– युद्धमा रक्तबीज र अरू असुरहरूलाई मारेपछि शुम्भ दैत्यले पनि अत्यन्त क्रोध गरेर आफ्नो विशाल सेना मारिएको देखेर क्रोधले मुर्मुरिएको निशुम्भले मुख्य दैत्यसैन्य साथमा लिएर देवीमाथि धावा गऱ्यो। त्यसका अगाडि पछाडि र अगल-बगलमा क्रोधले ओठ टोकिरहेका महाअसुरहरू देवीलाई मार्न नजिकै आए । महापराक्रमी शुम्भ पनि मातृगणका साथ युद्ध गरेर आफ्ना सेनासहित क्रोधले चण्डिकालाई मार्न आयो। तब मेघले जल वर्षाएझैं अति उग्र

वाण वर्षा गरेर शुम्भ-निशुम्भको र देवीको अति भयङ्कर घोर युद्ध भयो । चण्डिकाले तिनले हानेका शर सबै आफ्ना वाणका प्रहारले काटेर दुवै दैत्यराजका अङ्गहरूमा शस्त्रहरूका प्रहारले बेसरी ठोकिन् । निशुम्भले तीक्ष्ण धार भएको तरबार र चम्किलो ढाल लिएर देवीको उत्तम वाहन सिंहलाई टाउकामा हान्यो । वाहनलाई ठोकेपछि देवीले क्षुरप्र नामको वाणले निशुम्भको उत्तम तरबार तुरुन्तै काटिन् र आठ चन्द्रमा भएको ढाल पनि टुक्रा पारिन् । ढाल र तरबार काटिएपछि त्यस असुरले शक्ति प्रहार गऱ्यो, सम्मुख आएको त्यसलाई पनि चक्रले दुई टुक्रा पारिन् । रिसले जाज्वल्यमान भएको निशुम्भ दानवले शूल लियो र आउन लागेको त्यसलाई पनि देवीले मुड्कीले हानेर चूर्ण पारिन् । तब त्यसले गदा घुमाएर चण्डिकाका उपर प्रहार गऱ्यो । त्यो पनि देवीको त्रिशूलले काटिएर भष्म भयो । तब बञ्चरो हातमा लिएर झम्टन आएको वीर दैत्यलाई देवीले बाणका पर्राले भूतलमा गिराइन् । त्यो भयङ्कर पराक्रमी भाइ निशुम्भ भुईंमा गिरेपछि बिछट्टै रिसाएको शुम्भ अम्बिकालाई मार्न अघि सऱ्यो । रथमा बसेको त्यो उत्तम हतियार लिएका बडाबडा लामा आठ बाहुले सब आकाश ढाकेर शोभियो । त्यसलाई आएको देखेर देवीले शङ्ख बजाइन्, धनुको अत्यन्त दुसह टङ्कार पनि गरिन् । समस्त दैत्य सैन्यको तेजोबध गर्ने आफ्नो घण्टाको शब्दले सम्पूर्ण दिशा घन्काइन् । साथै सिंहले पनि गजराजको मद उतार्ने ठूलो गर्जनाले आकाश पृथ्वी दसै दिशा पूर्ण पाऱ्यो

अनि कालीले आकाशमा उफ्रेर दुवै हातले पृथ्वीमा ठटाइन् र त्यो शब्दले पहिलेका सबै शब्द दबिए । शिवदूतीले पनि दैत्यहरूलाई मङ्गल गर्ने भयङ्कर अट्टहास गरिन् । त्यस शब्दले ती सारा असुर भयभीत भए र शुम्भ झन् क्रुद्ध भयो । जब अम्बिकाले 'दुरात्मा ! खडा हो' भनिन्, तब आकाशमा रहेका देवताहरूले 'जय जय', भने । शुम्भले आएर जो भयङ्कर जाज्वल्य शक्ति छोडयो, अग्निमय पर्वतको टाकुरोझैं आउन लागेको त्यो शक्तिलाई ठूलो उल्काजस्तो राँकोले हटाइन् । शुम्भको सिंहनादले तीनै लोक भरियो, राजन् ! बज्रपात जस्तो त्यो घोर शब्दले सबै शब्दलाई जित्यो । तब शुम्भले हानेका सरशब्दलाई देवीले र देवीले हानेका शर शुम्भले आफ्ना भयङ्कर वाणहरू सयकडौं हजारौं टुक्रा पारेर काटे । अनि रिसाएकी चण्डिकाले त्यसलाई शूलले हानिन्, तब त्यस आघातले मूर्छा परेर त्यस भूमिमा गि‍र्‍यो । अनि शुम्भले चेत पायो र धनु हातमा लिएर देवीलाई, कालीलाई र सिंहलाई पनि वाणले बेसरी ठोक्यो । फेरि त्यो दैत्यराजले दस हजार हात बनाएर चक्र नामक हतियारले चण्डिकालाई ढाकिदियो । तब रिसाएर चूर भएकी दुर्गा ती पीडा नाश गर्ने दुर्गादेवी भगवतीले आफ्ना वाणले चक्रहरूलाई र ती वाणहरूलाई पनि काटिन् । तब दैत्य सेनाले घेरिएको निशुम्भ गदा लिएर चण्डिकालाई मार्न बेगले दौडयो । आउँदाआउँदै त्यसको गदा चण्डिकाले तीक्ष्ण धार भएको तरबारले तुरून्तै काटिन् र अनि त्यसले शूल लियो । शूल हातमा लिएर

झम्टन आएको देवीपीडक त्यस दानवलाई चण्डिकाले वेगले शूलले छातीमा रोपिन् । शूलले छेडिएको त्यसको छातीबाट महाबलि महापराक्रमी अर्को पुरूष पख् पख् भन्दै निक्ल्यो । तब ठूलो शब्दले हाँसेर देवीले निस्कन लागेको त्यसको शिर खड्गले काटिन् अनि असुर भूमिमा गिर्‍यो । त्यसपछि सिंहले ती दैत्यका घाँटी दाह्राले चूर्ण पारेर भयङ्कर चालले खायो, त्यस्तै कालीले र शिवदूतीले पनि अरू-अरू दैत्यहरूलाई चपाए । कौमारीका शक्तिले विदीर्ण भएर कति महाअसुर नाशिए, ब्रा मणीका मन्त्रले पवित्र भएका जलले कति निस्तेज भएर भागे । त्यस्तै माहेश्वरीका त्रिशूलले, छिन्न-भिन्न भएर कति असुर पछ्यारिए, वाराहीको थुतुनाको आघातले कति भुईंमा चूर्ण भए । कति दानवलाई वैष्णवी चक्रले टुक्रा-टुक्रा पारिन् । ऐन्द्रीका हातबाट छुटेका वज्रले पनि अरू दैत्य संहारिए । असुरहरू कति नाशिए, कति महायुद्धबाट भागे कतिलाई काली, शिवदूती र मृगराजले पनि खाए ।

निशुम्भ मारिएको नवौं अध्याय समाप्त भयो ।



ॐ

श्री दुर्गा भवानीलाई प्रणाम छ ।

शुम्भलाई चण्डीकाले मारेको दसौं अध्याय

म मस्तकमा अर्धचन्द्र धारण गर्ने शिवशक्तिस्वरूप कामेश्वरी देवीको हृदयदेखि नै चिन्तन गरिरहन्छु। ती तपाईंको सुन समान सुन्दर छिन् । सूर्य, चन्द्र र अग्नि जसका तीन आँखा छन् । आफ्ना सुन्दर हातमा जसले धनुषवाण अंकुश, पास र शूल धारण गरेकी छन् ।

ऋषिले भने– प्राणसमान प्यारो भाइ निशुम्भलाई मारेको र सेनालाई पनि संहारेको देखेर क्रुद्ध शुम्भले यो वचन भन्यो । दुष्टिनी दुर्गे ! बलका अभिमानले तँ घमण्ड नलिई अति मानीनि भएकी तँ अरूका बलका आडले युद्ध गर्दछेस् । देवीले भनिन्– अरे दुष्ट यस जगत्मा म एउटी नै छु, मेरा सिवाय अर्की दोस्री को छ ? यी मेरा विभूति ममा नै प्रवेश गरेको हेर । तब ब्राह्मणी आदि समस्त देवीहरू तिनै देवीका देहमा लय भए अनि त्यसबेला केवल अम्बिकादेवी एउटी नै मात्र भइन् । देवीले भनिन्– म यहाँ आफ्ना ऐश्वर्य शक्तिले धेरै रूपले रहेकी थिएँ, मैले ती सब समेटें । अब अकेली नै रहन्छु तँ रणमा स्थिर हो । ऋषिले भने– तब देवी र शुम्भ दुवैको सब देवताका र दैत्यका समक्ष भयङ्कर युद्ध आरम्भ भयो । वाण वर्षा र तीखा शस्त्र महाभयङ्कर अस्त्रले

पनि फेरि ती दुईको सब लोकलाई भयभीत पार्ने घोर युद्ध भयो । तब अम्बिकाले सयकडौं दिव्यास्त्र छोडिन्, दैत्येन्द्रले तिनलाई निवारण गर्ने अस्त्रले सब काट्यो । त्यसले छोडेका दिव्यास्त्रहरूलाई पनि परमेश्वरीले उग्र हुँकारको उच्चारण आदिले लीलैले नष्ट गरिन् । तब त्यो असुरले सयकडौं वाणले देवीलाई ढाक्यो, देवीले पनि कुपित भएर वाणले त्यसको धनु काटिन् । धनु काटिएपछि फेरि दैत्येन्द्रले शक्ति लियो, देवीले त्यो पनि चक्रले त्यसका हातैमा काटिदिइन् । तब सय चन्द्रमा भएको चम्कने ढाल र तरबार लिएर दैत्यको अधीश्वर शुम्भले देवीमाथि धावा गऱ्यो । चण्डिकाले आउँदा-आउँदै त्यसको सूर्यकिरण समान उज्ज्वल ढाल र तरबार पनि धनुबाट छोडेका तीखा वाणले तुरुन्तै काटिदिइन् । घोडा र सारथि-सहित रथ पनि ध्वस्त पारिन्, त्यसबखत घोडा सारथि मारिएर धनु काटिएको त्यस दैत्यले अम्बिकालाई मार्न उद्यत भएर घोर मुद्गर लिएर हान्यो । आफूतिर आउन लागेको त्यसको मुद्गरलाई तीखा वाणले काटिन् तथा त्यो मुड्की उजाएर बेगले तिनलाई झम्टन गयो र त्यो वीर दैत्यले देवीका छातीमा मुड्कीले हान्यो । ती देवीले त्यसलाई पनि लात्तले छातीमा हानिन्, त्यस लात्ती प्रहारको आघातले भूमितलमा पछारियो । फेरि त्यो दैत्यराज सहसा उठेर देवीलाई समातेर लिएरै वेगले उफ्रेर आकाशमा गयो । त्यहाँ पनि निराधारमा ती चण्डिका त्यसका साथ युद्ध गर्न लागिन् । त्यसबखत दैत्य र चण्डिकाले आकाशमा परस्पर पहिले सिद्ध, मुनि

सबलाई-चकित पार्ने युद्ध गरे । तब अम्बिकाले त्यसका साथ निकैबेर युद्ध गरेर त्यसलाई उचालेर घुमाइन् र भूतलमा फ्याँकिन् । फ्याँकिएको त्यो दुष्टात्मा पृथ्वीमा पुगेर फेरि मुड्की उजाएर चण्डिकालाई मार्ने इच्छाले दौडेर गयो । तब बेगले आउन लागेको सब दैत्यको राजा शुम्भलाई देवीले शूलले छातीमा छेडेर पृथ्वीमा गिराइन् । देवीको शूलको तीखो टुप्पाले बेधिएको त्यो प्राण गएर समुद्र, द्वीप, पर्वतसहित सम्पूर्ण पृथ्वीलाई कम्पाउँदै भूमिमा गिऱ्यो । तब त्यस दुरात्मालाई मारेपछि सम्पूर्ण जगत् प्रसन्न औ स्वस्थ भयो, आकाश पनि निर्मल भयो । पहिले जो उत्पात-सूचक मेघ, उल्का थिए ती सब शान्त भए, त्यहाँ त्यसलाई मारेपछि नदीहरू पनि ठीक मार्गमा बग्ने भए । तब सबै देवगण हर्षले मन भरिएका भए, त्यसलाई मारेपछि गन्धर्वहरूले सुन्दर गीत गाए । त्यस्तै अरू-अरू गन्धर्वले बाजा बजाई अप्सरागण नाचे, पवित्र स्वच्छ हावा बहन थाल्यो, सूर्य उज्ज्वल प्रभावशाली भए ।

शुम्भलाई चण्डिकाले मारेको दशौं अध्याय समाप्त भयो ।



ॐ

श्री दुर्गा भवानीलाई प्रणाम छ ।

देवताहरूले देवीको स्तुति गरी वरदान पाएको एघारौं अध्याय

म भुवनेश्वरी देवीको ध्यान गर्दछु । उनको श्रीअङ्गको तेज उदाउन लागेका बिहानका सूर्य समान छ । मस्तकमा चन्द्रमाको मुकुट धारण गरेकी छिन् । उनी उठेका पुष्ट स्तन र तीन आँखाले युक्त छिन् । उनका मुख सधैं मुस्काइरहेको हुन्छ र हातमा वरदान, अंकुश, पाश र अभय मुद्राले शोभा पाइरहेका छन् ।

ऋषिले भने– देवीले उहाँ महादैत्यपति शुम्भलाई मारेपछि इष्ट प्राप्तिमा उज्ज्वल भएका मुखकमलले दिशालाई जगमग पार्दै इन्द्रसहितका देवगण अग्निलाई अघि सारेर ती कात्यायनीको स्तुति गरे । शरणागतको दुःख दूर गर्ने देवी प्रसन्न होऊ, सकल जगत्की माता ! प्रसन्न होऊ, हे विश्वेश्वरी ! प्रसन्न होऊ, विश्वको रक्षा गर, हे देवी ! चराचरकी ईश्वरी तिमी नै हौ । तिमी एक मात्र जगत्की आधार हौ । किनकि पृथ्वी स्वरूपले तिमी नै रहेकी छयौ, अलङ्घ्य पराक्रम भएकी हे देवी ! जलस्वरूपले रहेकी तिमीद्वारा नै यो सम्पूर्ण जगत् तृप्त हुन्छ । तिमी अनन्त बलवाली वैष्णवी शक्ति हौ, हे देवी ! तिमी नै विश्वकी बीज परामाया हौ, हे देवी ! तिमीले यो समस्त जगत्लाई मोहित

पारेकी छ्यौ । प्रसन्न भएकी तिमी नै भुक्ति-मुक्तिको कारण हौ । हे देवी ! समस्त विद्या तिम्रै भिन्न-भिन्न स्वरूप हुन्, जगत्मा भएका सम्पूर्ण स्त्रीहरू तिम्रै मूर्ति हुन्, तिमी एउटी जगदम्बाले नै यो विश्व भरिएको छ, अनि तिम्रो स्तुति के हुन सक्छ, तिमी त स्तुति गरिने वचनदेखि पर रहेकी परावाणी हौ । जब तिमी भुक्ति-मुक्ति दिनेवाली सर्वस्वरूप देवी स्तुति गरियौ, अब तिम्रो स्तुतिलाई यीभन्दा उत्तम उक्ति के हुन सक्छन् । सब जनाका हृदयका बुद्धिरूपले रहेको, स्वर्ग, मोक्ष दिने हे देवी नारायणी ! तिमीलाई नमस्कार छ । कला काष्ठा आदि कालरूपले अवस्था परिवर्तन गर्दै लैजाने, विश्वको संहार मा समर्थ भएकी हे नारायणी ! तिमीलाई नमस्कार छ । सब मङ्गलमा माङ्गल्यारूप कल्याणस्वरूपिणी, सर्वथा सिद्ध गर्ने, शरणागतलाई शरण लिने तीन नेत्रवाली हे गौरी नारायणी ! तिमीलाई, नमस्कार छ । सृष्टि स्थिति विनाशकी शक्ति भूत सनातनी ! तिमीलाई नमस्कार छ । गुणका आधार र गुण स्वरूपिणी हे नारायणी ! तिमीलाई नमस्कार छ । सृष्टि स्थिति विनाशकी शक्ति भूत सनातनी ! तिमीलाई नमस्कार छ । गुणका आधार र गुण स्वरूपिणी हे नारायणी ! तिमीलाई नमस्कार छ । शरणमा आएका दीन-दु:खी जनलाई रक्षा गर्न तत्पर रहने, सबको पीडा हरण गर्ने हे देवी ! नारायणी ! तिमीलाई नमस्कार छ । ब्राह्मणी रूप धारण गरी हंसयुक्त विमानमा बसेकी कुशमिश्रित जल छर्कने हे देवीनारायणी ! तिमीलाई नमस्कार छ । माहेश्वरी

स्वरूपले त्रिशूल, चन्द्रमा, सर्प धारण गरेकी, ठूलो साँढेमा चढेकी हे नारायणी ! तिमीलाई नमस्कार छ । मयूर र कुखराले घेरिएकी महाशक्ति धारण गर्ने कौमारी स्वरूपिणी हे निष्पाप, नारायणी ! तिमीलाई नमस्कार छ । शङ्ख, चक्र, गदा, सङ्गै, अष्ठ आयुध धारण गर्ने वैष्णवी रूपवाली हे नारायणी ! प्रसन्न हौ, तिमीलाई नमस्कार छ । भयानक चक्र लिएको दाह्रामा पृथ्वीलाई धारेकी वराहरूपिणी कल्याणमयी हे नारायणी ! तिमीलाई नमस्कार छ । माथमा किरिट धारेकी हातमा महावज्र लिएकी हजार नयनले उज्ज्वल भएकी, वृत्रासुरको प्राण हर्ने हे ऐन्द्री नारायणी ! तिमीलाई नमस्कार छ । शिवदूती स्वरूपले दैत्यका विशाल सेना संहार गर्ने घोर रूप विकट गर्जना भएकी नारायणी ! तिमीलाई नमस्कार छ । दाह्राले विकराल मुखवाली मुण्ड मालाले विभूषित भएकी मुण्डलाई मथन गर्ने हे चामुण्डा नारायणी ! तिमीलाई नमस्कार छ । लक्ष्मी, लज्जा, महाविद्या, श्रद्धा, पुष्टि, स्वधा, ध्रुवा, महारात्रि, महामाया स्वरूपिणी हे नारायणी ! तिंमीलाई नमस्कार छ । मेधा, सरस्वती, सर्वश्रेष्ठ ऐश्वर्यरूपिणी तथा पार्वती स्वरूपिणी तामसी महाकाली स्वरूपिणी संयममा रहने वाली सबकी अधीश्वरी तिमी प्रसन्न हौ, हे नारायणी ! तिमीलाई नमस्कार छ । सर्वस्व रूपा, सर्वेश्वरी, सर्वशक्तिले युक्त भएकी हे देवी ! सब भयदेखि हामीलाई रक्षा गर, हे दुर्गे देवी ! तिमीलाई नमस्कार छ । हे कात्यायनी ! तीन नयनले शोभिएको तिम्रो यो सुन्दर मुख सब प्राणीबाट हामीलाई

रक्षा गरोस्, तिमीलाई नमस्कार छ । सम्पूर्ण असुरलाई संहार गर्ने ज्वालाले विकराल लप्का र उग्र त्रिशूलले भयबाट हामीलाई रक्षा गरोस् । हे भद्रकाली ! तिमीलाई नमस्कार छ । हे देवी ! जो शब्दले जगत्लाई व्याप्त गरेर दैत्यको तेज नाश गर्दछ, त्यो घण्टा स्वत: आमाले छोरालाई झैं रापबाट हामीलाई रक्षा गरोस् । दैत्यका रगत र बोसोका लेदाले लिपिएका तिम्रा हातको उज्ज्वल खड्ग हाम्रो कल्याणका निम्ति होस्, हे चण्डिका हामी तिमीलाई नमस्कार गर्छौं । प्रसन्न भएकी तिमी सब रोग नाश गर्दछचौ, रिसायौ भने सब अभीष्ट भोग गर्दछचौ, तिम्रा शरणमा परेका पुरूषलाई विपद पर्दैन, तिम्रा आश्रयमा रहेका जन अरूलाई आश्रय दिने हुन्छन् । हे देवी, अम्बिका ! तिमीले आफ्नो मूर्तिलाई धेरै गराएर अनेक रूपले आज धर्मद्रोही महाअसुरको जो यो नाश गऱ्यौ, यस्तो तिमीबाहेक अरू को गर्न सक्दछ । विद्याहरूमा, विवेक गर्ने शस्त्रहरूमा र आदि वाक्य-वेदहरूमा पनि तिमीबाहेक अरू को छ ? तैपनि अज्ञानमय महान्धकारले पूर्ण ममतारूपी खाल्डामा यस विश्वलाई निरन्तर घुमाइरहेकी छचौ । जहाँ राक्षसहरू छन्, उग्र विषवाला नागहरू छन्, जहाँ शत्रुहरू छन्, जहाँ चोर-डाँकुका दल छन्, जहाँ डढेलो छ, त्यस्तै समुन्द्रका बीचमा पनि तिमी साथै रहेर विश्वको रक्षा गर्दछचौ । हे विश्वेश्वरी ! तिमी विश्वलाई पालन गर्दछचौ, विश्वस्वरूपा तिमी नै यहाँ विश्वलाई धारण गर्दछचौ, विश्वका ईश्वरले नमस्कार गरिने हौ र जो तिमीमा भक्तिले

नम्र भएर झुक्दछन्, ती विश्वलाई आश्रय दिने हुन्छन् । हे देवी □प्रसन्न हुनुहोस्, यस्तै यस बखत असुरहरूका वधले हाम्रो शीघ्र नै रक्षा गर्‍यौ, त्यस्तै सर्वदा शत्रुका भयबाट हामीलाई रक्षा गर । सब जगत्को पाप शान्त गर, उत्पातका परिणामबाट पैदा हुने महामारी आदि उपद्रवहरूलाई पनि शीघ्र शान्त गर । विश्वको पीडा हरण गर्ने देवी, चरणमा परेका हाम्राउपर प्रसन्न होऊ, त्रैलोक्य निवासीकी पूजनीय तिमी लोकलाई वर दिनेवाली होऊ । देवीले भनिन्– हे देवगण हो □म वर दिन तयार छु, मनले जो इच्छा गर्छौ, त्यो माग । जगत्को उपकार गर्ने वर म दिन्छु । देवताहरूले भने– हे सर्वेश्वरी □त्रैलोक्यको सबै बाधा शान्त गर, यसैगरी तिमीले हाम्रा शत्रुलाई विनाश गर्दै रहू । देवीले भनिन्– वैवस्वत मन्वन्तरको अठ्ठाइसौं युग प्राप्त भएपछि शुम्भ-निशुम्भ नामका अर्का महाअसुर उत्पन्न हुनेछन् । तब म नन्दगोपका घरमा यशोदाका गर्भबाट पैदा भएर विन्ध्याचलमा निवास गर्नेछु र तिनलाई मार्ने छु । फेरि पनि अत्यन्त भयङ्कर रूपले पृथ्वीमा औतार लिएर वैप्रचित्त नाम गरेका दानवहरूलाई पनि मार्नेछु । ती भयङ्कर वैप्रचित्त महाअसुरलाई खाने छु र मेरो दाँत दारिमका फूलजस्ता राता हुनेछन् । तब स्वर्गमा देवताहरूले र मर्त्यलोकमा मनुष्यहरूले पनि स्तुति गर्दा सर्वदा नभएर पानीको अभाव हुँदा मुनिहरूले स्तुति स्मरण गरिएकी म अयोनिजा रूपमा प्रकट हुनेछु । अनि म सय आँखाले मुनिहरूलाई हेर्नेछु र मनुष्यहरूले मलाई

'शताक्षी' भनेर कीर्तन गर्नेछन् । हे देवता हो ! तब म वर्षा नहुन्जेल प्राण धारण गराउने आफ्ना देहबाट उत्पन्न भएका सागहरूले सम्पूर्ण लोकलाई पालना गर्नेछु । तब त्यसबेला म 'शाकम्भरी' भन्ने नामले प्रख्यात हुनेछु । त्यहीं नै दुर्ग नामको महाअसुरलाई पनि मार्ने छु र त्यसैले मेरो नाम 'दुर्गा देवी' भन्ने प्रसिद्ध हुनेछ । फेरि-फेरि पनि जुन बखतमा म भीमरूप धारण गरेर मुनिहरूका रक्षाका निमित्त हिमाचलमा राक्षसहरूलाई खानेछु । त्यसबखत सब मुनिहरू मस्तक नमाएर मलाई स्तुति गर्नेछन् । तब मेरो नाम 'भीमादेवी' भन्ने विख्यात हुनेछ । जब अरूण नामको दैत्यले तीनै लोकमा ठूलो बाधा गर्नेछ, तब म छ खुट्टावाला असंख्य भ्रमराको रूप धारण गरेर । तीनै लोकको हितका निम्ति त्यस महाअसुरलाई मार्ने छु, त्यसबखत लोकले मलाई सबतिर 'भ्रामरी' भनेर स्तुति गर्नेछन् । जब-जब लोकमा दानवबाट उठेका यस्ता बाधा हुनेछन्, तब-तब औतार लिएर शत्रुको नाश गर्नेछु ।

देवताहरूले देवीको स्तुति गरेको र देवीबाट देवताहरूले वरदान प्राप्त गरेको एघारौं अध्याय समाप्त भयो ।



ॐ

श्री दुर्गा भवानीलाई प्रणाम छ ।

देवीका चरित्रका पाठको महात्म्य बाह्रौं अध्याय

म तीन आँखा भएकी दुर्गा देवीको ध्यान गर्दछु । उनको श्रीअङ्गको चमक बिजुलीको जस्तो छ । उनी सिंहको काँधमा बसेकी भयङ्कर रूपकी देखिन्छिन् । हातमा तरबार र ढाल लिएका धेरै कन्याहरू उनका सेवामा खडा छन् । उनी आफ्नो हातमा चक्र, गदा, तलबार, ढाल, वाण, धनुष, पाश र तर्जनी मुद्रा धारणा गरेकी छिन् । उनको स्वरूप अग्निजस्तो छ । उनी आफ्ना माथमा चन्द्रमाको मुकुट धारणा गर्दछिन् ।

देवीले भनिन्– जो सावधाना भएर नित्य यी स्तोत्रहरूले मेरो स्तुति गर्ला, त्यसका सकल बाधा म अवश्य शान्त गर्नेछु । मधु-कैटभको नाश, महिषासुरको संहार र त्यस्तै शुम्भ-निशुम्भको वध जो पाठ गर्नेछन् र अष्टमीमा, चतुर्दशीमा, नवमीमा पनि जो एकाग्र चित्तले भक्तिपूर्वक मेरो उत्तम महात्म्य सुन्नेछन् । तिनीहरूलाई कुनै पापले छुनेछैन, पापबाट उठेका आपत् पनि पर्ने छैनन्, न दरिद्रता हुने छ, न प्रियजनको वियोग हुनेछ । शत्रुबाट, लुटेराबाट अथवा राज्यबाट शस्त्र, अग्नि, जलका प्रवाहबाट पनि तिनलाई कहिल्यै भय हुने छैन । त्यसकारण मेरो यो महात्म्य सर्वदा सबले एकाग्रचित भएर भक्तिपूर्वक पाठ गर्नु या सुन्नुपर्छ किनकि यो अत्यन्त

कल्याणदायक छ । मेरो महात्म्यले महामारीबाट उत्पन्न भएका सम्पूर्ण उपद्रवलाई र आधी भौतिक, आध्यात्मिक, आधिदैविक तीन प्रकारका उत्पातलाई शान्त गर्दछ । जहाँ मेरो मन्दिरमा नित्य यो मेरो महात्म्य राम्रो तरहले पाठ गरिन्छ, त्यस स्थानलाई म छोड्दिनँ । त्यहाँ सधैं मेरो सान्निध्य रहन्छ । बलिदानमा, पूजामा, होमादि, अग्निकार्यमा, ठूला उत्सवमा मेरो यो सम्पूर्ण महात्म्य पाठ गर्नुपर्दछ अथवा सुन्नुपर्दछ । यसो गर्दा जानी-नजानी बलि, पूजा र अग्निमा होम आदि जस्तो गरेको त्यो म प्रेमले ग्रहण गर्नेछु । शरदकालमा जो वार्षिकी महापूजा गरिन्छ, त्यसमा भक्तिपूर्वक मेरो यो महात्म्य सुनेर मनुष्य मेरा प्रसादले सब बाधाबाट छुटेर धन-धन्यादिले युक्त भएको हुन्छ, यसमा संशय छैन । मेरो यो महात्म्य त्यस्तै मेरो उत्पत्तिका शुभ कथा र युद्धमा गरेका मेरा पराक्रम पनि सुनेर मनुष्य निर्भय हुन्छ । मेरा महात्म्य सुन्ने पुरुषहरूका सब शत्रु नाशिन्छन् र उसको मेरा भक्तिले कल्याण हुन्छ, तिनको कुल पनि आनन्दित हुन्छ । सर्वत्र शान्ति कर्ममा सिद्धि त्यस्तै खराब सपना देखेमा र उग्र ग्रहका पीडाहरूमा पनि मेरो महात्म्य सुनोस् । यसले सब प्रकारका बिघ्नबाधा हटेर ग्रहपीडा पनि शान्त हुन्छन् । मनुष्यहरूले देखेको खराब सपना पनि राम्रो सपना हुन जान्छ । बालग्रहले आक्रान्त भएका बालकहरूलाई यो महात्म्य शान्तिकारक छ । मनुष्यहरूको सङ्गठनमा फुट भएमा उत्तम मैत्री गराउनेवाला छ । समस्त दुराचारीहरूको बल

नाश गर्ने यो उत्तम महात्म्य पाठ गर्दैमा राक्षस, भूत, पिशाचहरू सब नाशिन्छन् । मेरो यो सब महात्म्य मलाई समीप गराउनेवाला छ । पशु, पुष्प, अर्घ्य, धूपले र त्यस्तै चन्दन, दीप आदि उत्तम सामग्रीले पूजन गर्नाले, ब्राह्मणहरूलाई भोजन गराउनाले, होमले रात-दिन अभिषेक गर्नाले । ब्रह्मज्ञानीहरूले भने– पशुबलि नदिई कुभिण्डो, नरिवल, अन्य फल आदिको बलिदिन सक्नेछन्, जसबाट देवी प्रसन्न हुन्छिन् । अरू पनि नाना प्रकारका र दानादिले वर्षदिनसम्म मेरो आराधना गरेर जो मलाई प्रसन्न गरिन्छ, त्यो प्रसन्नता यो महात्म्य सुन्नाले सब पाप हर्दछ तथा आरोग्य प्रदान गर्दछु । युद्धमा दुष्ट दैत्यहरूको संहार गर्ने जो मेरो चरित्र छ, त्यो सुन्नाले पुरूषहरूलाई वैरीका कृत्यको भय हुँदैन । तिमीहरूले जो स्तुति गऱ्यौ, ब्रह्मर्षिहरूले जो स्तुति गरे, ब्रह्माले पनि गरेका ती सब स्तुतिहरूले कल्याणमय मति दिऊन् । वनमा दुर्गम मार्गमा, डढेलोले घेरिएमा अथवा निर्जन स्थानमा डाँकुहरूले घेरेमा, शत्रुहरूले पक्रेमा अथवा वनमा सिंह, बाघ, वन- हात्तीहरूले लखेटेमा वा क्रुद्ध भएका राजा र राज्यले मार्न वा बन्धनमा पार्न आज्ञा दिएमा अथवा महासागरमा नाउमा बसेका बेलामा, आकाशमा वायुयानमा बसेका बेलामा, रथ, घोडा र अन्य सवारीमा चढेका बेलामा अथवा वेदनाले पीडित भएमा र अरू पनि सब प्रकारका घोर बाधाहरूमा मेरा यी चरित्र स्मरण गर्नाले मनुष्य सङ्कटबाट छुट्दछ । मेरो प्रभावले मेरा चरित्र स्मरण गर्ने जनका सिंह

आदि हिंस्रक जन्तु र चोरहरू, डाँकुहरू, वैरीहरू टाढैबाट भाग्दछन् । ऋषिले भने– यति भनेर प्रचण्ड पराक्रम भएकी ती भगवती चण्डिका सबै देवताहरूले देख्तादेख्तै त्यही नै अन्तर्ध्यान् भइन् । सबै शत्रु मारिनाले आतङ्कले रहित भएका सम्पूर्ण देवताहरू पनि पहिलेझैं यज्ञका भाग भोग्ने भएर आ-आफ्ना अधिकार पालन गर्न थाले । जगत्को विध्वंस गर्ने महाभयेङ्कर अतुल पराक्रमी देव शत्रु शुम्भ र महाबलि निशुम्भलाई पनि देवीले युद्धमा मारेपछि बाँकी दैत्य पातालमा गए राजन् ! यस प्रकार नित्यस्वरूपा भएर पनि ती भगवती देवी बारम्बार प्रकट भएर जगत्को परिपालन् गर्दछिन् । उनैले यो विश्वमोह पारिन्छ, उनै सृष्टि गर्छिन् । प्रार्थना गर्दा प्रसन्न भएकी उनै विज्ञान र ऐश्वर्य पनि दिन्छिन् । हे नरेन्द्र, महाकाली, महालक्ष्मी, स्वरूपिणी उनै महादेवीले यो सकल ब्रह्माण्ड व्याप्त छ, उनैबाट बखत-बखतमा महामारी हुन्छिन् । उनै अजन्मा भएर पनि सृष्टि हुन्छन्, ती सनातनी देवी नै समय-समयमा प्राणीहरूको स्थिति पालन गर्दछिन् । मनुष्यका अभ्युदयका समयमा उनै फेरि नहुने बेलामा विनाशमा निमित्त अलक्ष्मी बन्छिन् । त्यस्तै फूलमालाहरूले धूप, दीप, चन्दन आदिले पूजा गरिएकी स्तुति गरिएकी ती भगवती धन, पुत्र र धर्ममा शुभ मति पनि दिन्छिन् ।

देवीका चरित्रका पाठको महात्म्यसमेतको बाह्रौं अध्याय समाप्त भयो ।



ॐ

श्री दुर्गा भवानीलाई प्रणाम छ ।

देवीले राजा सुरथ र समाधि वैश्यलाई वरदान दिएको तेह्रौं अध्याय

जो उदाउनेबित्तिकैका सूर्य समान कान्ति धारण गर्दछिन्, उनका तीन आँखा र चार हात छन्, जो आफ्ना हातहरूमा पाश, अंकुश, वर र अभय मुद्रा धारण गर्दछिन् । त्यस्ती ती शिवा देवीको म ध्यान गर्दछु ।

ऋषि भन्दछन्– राजन् ! देवीको यो उत्तम महात्म्य मैले तिमीलाई भनें । जसले यो जगत् धारण गरिन्छ, ती देवी यस्तै प्रभावकी छिन्, भगवान् विष्णुकी माया उनैले ज्ञान दिन्छिन् । उनैले तिमी, वैश्य र त्यस्तै अरू विवेकी जनहरू पनि मोह पारिए, कति मोहमा प्राप्त हुन्छन्, हुनेछन् । महाराज उनै परमेश्वरीका शरणमा परे, आराधना गरिएकी उनै मनुष्यहरूलाई भोग र स्वर्ग मोक्ष दिन्छिन् । मार्कण्डेयले भने । मेधा ऋषिका यस्ता वचन सुनेर ती राजा सुरथले उत्तम व्रत पालन गर्ने महाभाग ती ऋषिलाई प्रणाम गरे । हे महामुने अत्यन्त ममत्वलेर राज्य हरिनाले पनि खिन्न भएका ती राजा र त्यो वैश्ये पनि तुरून्तै तपस्या गर्न गए । जगदम्बाको दर्शनका निमित्त नदीका किनारमा बसेर उत्तम देवी सूक्त जपेर त्यो वैश्यले पनि तप गर्‍यो । ती दुई जनाले नदी तटमा माटाको देवीको मूर्ति बनाई पुष्प, धूप अग्निमा हवनादिले उनको

आराधना गरे । चित्त वशमा गरेर निराहार रही उनैमा मन लाएर एकाग्र भएका ती दुईले आफैलाई दुर्गा माताका पाउमा समर्पण गरे। यस प्रकार निश्चल चित्तले आराधना गर्ने भएका तिनलाई तीन वर्षमा प्रसन्न भएकी जगन्माता चण्डिकाले प्रत्यक्ष दर्शन दिएर देवीले भनिन् । राजन् ! तिमीले पनि जे चाहेका छौ, त्यो मबाट पाओ, प्रसन्न भएकी म सवै वस्तु दिन्छु । मार्कण्डेयले भने– तब राजाले अर्को जन्ममा नष्ट नहुने राज्य र यसै जन्ममा पनि बलले शत्रु सेनाले हरेको आफ्नो राज्य मागे । अनि विरक्त, मन भएको बुद्धिमान, त्यो वैश्यले चाहिँ मेरो भन्ने र म भन्ने आशक्ति नष्ट गर्ने ज्ञान माग्यो । देवीले भनिन्– राजन् ! थोरै दिनमा तिमी आफ्नो राज्य पाउने छौ र सबै शत्रुलाई मारेर तिम्रो राज्य स्थिर रहनेछ । फेरि मरेपछि विवश्वान (सूर्यदेव) बाट जन्म पाएर तिमी पृथ्वीमा 'सावर्णी' नामका मनु हुनेछौ वैश्य श्रेष्ठ ! तिमीले मबाट जे वर इच्छा गर्‍यौ, त्यो म दिन्छु, तिमीलाई मोक्षसिद्धिका निम्ति ज्ञान प्राप्त होला । मार्कण्डयले भने– ती दुईले भक्तिले स्तुति गरिएकी देवी दुवैलाई इच्छानुसारको वर दिएर तुरून्तै अन्तर्ध्यान भइन् । देवीबाट यस्तो वर पाई क्षत्रीयमा श्रेष्ठ सुरथ सूर्यबाट जन्म पाएर सावर्णी नामका मनु हुनेछन् ॥ ॐ क्लीं ॥

मार्कण्डेयपुराण देवी महात्म्यअन्तर्गत देवीले राजा सुरथ र समाधि वैश्यलाई इच्छानुसार वरदान दिनुभएको तेह्रौं अध्याय समाप्त भयो ।

२०४७-८-१ महाकाली, कञ्चनपुर, महेन्द्रनगर ।

उपसंहार

यसरी सप्तशती पाठ पूरा भएपछि पहिले नवार्णव जप गरेर फेरि देवी सूक्तको पाठ गर्ने विधान छ । त्यसैले यहाँ नवार्ण-विधि उध्दृत गरिएको छ, जुन पहिले जस्तै छ विनियोगः । ऋष्यादिन्यासः । करन्यासः । हृदयादिन्यासः । अक्षरन्यासः । दिङ्न्यासः । ध्यानः । पश्चात ॐ ऐं ह्रीं क्लीं चामुण्डायै विच्चे १०८ वा १००८ जप गर्नुपर्दछ । पाठ गर्दा सकेसम्म उच्च स्वरले र जप गर्दा ओठ पनि नचलाई माला पनि गुप्त रूपमा राखी गर्नुपर्दछ । यसरी शरणागत भई भगवती महामायाको बीजमन्त्र जप गर्दा छुटपुट र शुद्ध-अशुद्धीको कसर र गल्ती पनि माफी मिनाह भई देवी दुर्गा चण्डीकाले शरणमा ग्रहण गर्ने कुरा सत्य प्रमाणित भएको पाइन्छ । यस सप्तशती चण्डीको पाठ र अभ्यासबाट यस लोकमा सुख-समृद्धि र परलोकमा मोक्षसमेत मिल्छ र जुन-जुन कामना राखेर यस सप्तशतीको पाठ गरिन्छ, त्यो पूर्ण हुन्छ । त्यसैले प्रत्येक व्यक्तिले सके साथमा नसके घरमा मात्र भए पनि यस पुस्तक वा बीजमन्त्रको जप पाठबाट सर्व सिद्ध लाभ गर्दछन् ।



ॐ

ऋग्वेदमा उल्लेख भएको देवी सूक्त

जो सिंहका पीठमा विराजमान छिन्, जसका मस्तकमा चन्द्रमाको मुकुट छ, जो मरकटमणि समान तेज भएकी आफ्ना चार हातमा शङ्ख, चक्र, धनुष र वाण धारणा गर्दछिन्, तीन आँखाले शोभिएकी छिन्, जसका विभिन्न अङ्गहरू बाजुबन्द, हार, कङ्कणका मधुर आवाज र जसका कानमा रत्नजडित कुण्डल झिलमिलाइरहेको छ, तिनै भगवती दुर्गा हाम्रो दुर्गतिलाई हटाउने होऊन् ।

"महर्षि अम्भृणकी छोरीको नाम वाक् थियो । उनी ठूली ब्रह्मज्ञानी थिइन् । उनले देवीसँग अभिन्ता एकरूपता प्राप्त गरेकी थिइन् । यो उनैको उद्गार हो ।"

म सच्चिदानन्दमय सर्वात्मा देवी, रूद्र, वसु, आदित्य र विश्वदेवगणसमेतका रूपले विचरण गर्दछु । म नै मित्र र वरूण दुवैको, इन्द्र, अग्नि र दुवै अश्विनीकुमारहरूलाई धारण गर्दैछु । म नै शत्रुको नाश गर्ने आकाशमा विचरण गर्ने देवता, सोमको त्वष्टा प्रजापतिका साथै पुषा र भगसमेतको धारणा गर्दछु । जो हविष्यले देवताका लागि उत्तम हविष्य प्राप्त गराउँछ । सोमरसद्वारा तृप्तसमेत गराउँछ त्यस्ता यजमानलाई म नै उत्तम यज्ञको फल र धन प्रदान गर्दछु । म सम्पूर्ण जगत्की अधिश्वरी, आफ्ना उपासकहरूलाई धन प्राप्त गराउने, साक्षातकार गर्न योग्य परब्रह्मालाई

आफूबाट अभिन्न जान्ने र पूजनीय देवताहरूमध्ये म नै प्रधान हुँ । म प्रपञ्च रूपमा विभिन्न भावनामा स्थित छु । सबै भूतहरूमा मेरो प्रवेश छ । विभिन्न स्थानमा रहने देवताहरू जहाँ-जहाँ बसेर जे-जे गर्दछन्, ती सब मेरै लागि गर्दछन् । जे अन्न भोजन खान्छन्, ती मेरै शक्तिले खान्छन् किनकि म नै भोक्ता शक्ति हुँ । यसैगरी जो देख्दछन्, श्वास लिन्छन्, भनेको कुरा र शब्द सुन्दछन्, ती मेरै सहायताले सबै कर्म गर्न समर्थ भएका हुन् । जसले मलाई यस रूपले जान्दैनन्, त्यही नजान्नाको कारणबाट नै हीन दशामा प्राप्त हुन्छन् । हे बहुश्रुत ! म तिमीलाई श्रद्धाले मात्र प्राप्त हुने ब्रह्म तत्त्वको उपदेश गर्दछु सुन । म स्वयं नै देवता र मनुष्यहरूसमेतबाट सेवा गरिएको यो दुर्लभ तत्त्वको वर्णन गर्दछु । म जुन-जुन पुरुषको रक्षा गर्न चाहन्छु, उनीहरूलाई अरूहरूको अपेक्षा बढी शक्तिशाली बनाइदिन्छु । उसैलाई सृष्टिकर्ता ब्रह्मा, परोक्षज्ञानसम्पन्न ऋषि र उत्तम मेधाशक्तिले युक्त बनाइदिन्छु । म नै ब्रह्म द्वेषी हिंस्रक राक्षस दैत्यहरूलाई मार्नका लागि रूद्रको धनुषमा ताँदो चढाउँदछु । म नै शरणमा परेकाहरूको रक्षाका लागि शत्रुहरूसँग युद्ध गर्दछु र अन्तर्यामी रूपले पृथ्वी र आकाशभित्र पनि व्याप्त रहन्छु । म नै जगतपिता रूपले रहेका आकाशलाई सर्वाधिष्ठान स्वरूप परमात्मा माथि उत्पन्न गर्दछु । समुद्र (सम्पूर्ण भूतका उत्पत्तिस्थान परमात्मा) मा तथा जल (बुद्धिको व्यापक वृत्तिहरू) मा मेरो कारण (कारणस्वरूप चैतन्य ब्रह्म) को

स्थिति हो । त्यसकारणले म सबै भुवनहरूमा व्याप्त रहन्छु । साथै, त्यो स्वर्गलोकको पनि म शरीरले नै स्पर्श गर्दछु त अरूको प्रेरणाबिना नै स्वयं नै वायुजस्तै चल्दछु, स्वइच्छाले नै कर्ममा प्रेरित हुन्छु । म पृथ्वी र आकाश दुवैबाट पर छु । मेरो आफ्नै महिमाबाट म यस्ती भएकी हुँ ।



ॐ

तन्त्रोक्त देवी सूक्त

देवीलाई नमस्कार छ, महादेवी शिवालाई सदा सर्वदा प्रणाम छ । प्रकृति एवं भद्रालाई प्रणाम छ । हामीहरू नियम-पूर्वक जगदम्बालाई प्रणाम गर्दछौं । रौद्रालाई प्रणाम छ । नित्या, गौरी र धात्रीलाई पनि बारम्बार प्रणाम छ । ज्योत्सनामयी चन्द्ररूपिणी एवं सुखस्वरूपा देवीलाई बारम्बार प्रणाम छ । शरणागतको कल्याण गर्ने र बुद्धि र सिद्धिरूपी देवीलाई प्रणाम छ । नैर्ऋती (राक्षसहरूकी लक्ष्मी), राजाहरूकी लक्ष्मी तथा शर्वाणी (शिवपत्नी) स्वरूपी तिमी जगदम्बालाई बारम्बार प्रणाम छ । दुर्गा दुर्गपरा (दुर्गम सङ्कटबाट पार उत्तारने भएकी), सारा (सबकी सारभूत स्वरूप भएकी), सर्वकारिणी, ख्याति, कृष्णा र धुम्रादेवीलाई सर्वदा प्रणाम छ । अत्यन्त शान्त तथा अत्यन्त रौद्ररूपा देवीलाई हामी प्रणाम गर्दछौं । उनलाई हाम्रो बारम्बार प्रणाम छ । जगत्की आधार भएकी कृतिदेवीलाई बारम्बार प्रणाम छ । जुन देवी सब प्राणीहरूमा विष्णुमायाका नामले जानिन्छिन्, उनलाई प्रणाम छ, उनलाई प्रणाम छ, उनलाई बारम्बार प्रणाम छ । जुन देवी सब प्राणीहरूमा चेतना रूपले जानिन्छिन्, तिनलाई प्रणाम छ, तिनलाई प्रणाम छ, तिनलाई बारम्बार प्रणाम छ । जो देवी सब प्राणीमा बुद्धिरूपले रहेकी छिन्, तिनलाई प्रणाम छ, तिनलाई प्रणाम छ, तिनलाई बारम्बार प्रणाम छ । जो देवी

सब प्राणीहरूमा निन्द्रारूपले रहेकी छिन्, उनलाई प्रणाम छ, उनलाई प्रणाम छ, उनलाई बारम्बार प्रणाम छ । जो देवी सब प्राणीहरूमा क्षुधारूपले रहेकी छिन्, तिनलाई नमस्कार छ, तिनलाई नमस्कार, तिनलाई बारम्बार नमस्कार छ । जो देवी सब प्राणीहरूमा छायाँ रूपले रहेकी छिन्, उनलाई नमस्कार, उनलाई नमस्कार, उनलाई बारम्बार नमस्कार छ । जो देवी सब प्राणीहरूमा तृष्णारूपले रहेकी छिन्, उनलाई प्रणाम छ, उनलाई प्रणाम छ, उनलाई बारम्बार प्रणाम छ । जो देवी सब प्राणीमा क्षान्ति (क्षमा) रूपले रहेकी छिन्, उनलाई नमस्कार छ, उनलाई नमस्कार छ, उनलाई बारम्बार नमस्कार छ । जो देवी सबै प्राणीमा जातिरूपले रहेकी छिन्, तिनलाई प्रणाम छ, तिनलाई बारम्बार प्रणाम छ । जो देवी सबै प्राणीहरूमा लज्जारूपले रहेकी छिन्, तिनलाई नमस्कार छ, तिनलाई नमस्कार छ, तिनलाई बारम्बार नमस्कार छ । जुन देवी सबै प्राणीमा श्रद्धारूपले रहेकी छिन्, उनलाई प्रणाम छ, उनलाई प्रणाम छ, उनलाई बारम्बार प्रणाम छ । जो देवी सब प्राणीमा कान्तिरूपले रहेकी छिन्, उनलाई प्रणाम छ, उनलाई प्रणाम छ, उनलाई बारम्बार प्रणाम छ । जुन देवी सबै प्राणीमा लक्ष्मीरूपले स्थित छिन् । तिनलाई प्रणाम छ, तिनलाई प्रणाम छ, तिनलाई बारम्बार प्रणाम छ । जो देवी सब प्राणीमा वृत्तिरूपले रहेकी छिन्, तिनलाई प्रणाम छ, तिनलाई प्रणाम छ, तिनलाई बारम्बार प्रणाम छ । जो देवी सब प्राणीमा स्मृतिरूपले रहेकी छिन्, तिनलाई प्रणाम छ,

तिनलाई प्रणाम छ, तिनलाई बारम्बार प्रणाम छ । जो देवी सब प्राणीमा दयारूपले रहेकी छिन्, उनलाई नमस्कार छ, उनलाई नमस्कार छ उनलाई बारम्बार नमस्कार छ । जो देवी सब प्राणीमा तुष्टिरूपले रहेकी छिन्, तिनलाई नमस्कार छ, तिनलाई नमस्कार छ, तिनलाई बारम्बार नमस्कार छ । जो देवी सब प्राणीमा आमाको रूपमा रहेकी छिन्, तिनलाई प्रणाम छ, तिनलाई प्रणाम छ, तिनलाई बारम्बार प्रणाम छ । जो देवी सब प्राणीमा भ्रान्तिरूपले रहेकी छिन्, तिनलाई प्रणाम छ, तिनलाई प्रणाम छ, तिनलाई बारम्बार प्रणाम छ । जो जीवहरूका इन्द्रियवर्गका अधिष्ठात्री देवी एवं सबै प्राणीमा सदा व्याप्त रहनेछिन्, ती व्याप्ति देवीलाई बारम्बार प्रणाम छ । जो देवी चैतन्यरूपले यो सम्पूर्ण जगत्लाई व्याप्त गरेर रहेकी छिन्, तिनलाई प्रणाम छ, तिनलाई प्रणाम छ, तिनलाई बारम्बार प्रणाम छ । पूर्वकालमा आफ्नो अभीष्टको प्राप्ति भएपछि देवताहरूले जसको स्तुति गरे तथा देवराज इन्द्रले धेरै समयसम्म जसको सेवा गरे, तिनै कल्याणकी साधनस्वरूपा ईश्वरीले हाम्रो कल्याण र मङ्गल गरून् तथा सारा आपत्तिहरू नाशिदिऊन् । उद्दण्ड दैत्यहरूले सताइएका हामी सबै देवताहरू जुन परमेश्वरीलाई यतिखेर प्रणाम गरिरहेका छौं तथा जो देवी भक्तिपूर्वक नम्रभावले स्मरण गर्नाले तत्कालै सबै विपत्तिहरूको नाश गरिदिन्छिन् । तिनै जगदम्वाले हाम्रो सङ्कट हटाइदिऊन् ।



ॐ

प्राधानिक रहस्य

ॐ सप्तशतीका यी तीनै रहस्यका नारायण ऋषि अनुष्टुप छन्द तथा महाकाली, महालक्ष्मी एवं महासरस्वती देवता हुन् । शास्त्रोक्त फल प्राप्त गर्नका लागि जप गर्दा यिनको विनियोग हुन्छ ।

राजाले भने– भगवान् ! हजुरले चण्डिकाका अवतारहरूको कथा मलाई भन्नुभयो । ब्रह्मन् ! अब ती अवतारहरूको प्रधान प्रकृति निरूपण गरिदिनुहोस् । हे ब्राह्मण श्रेष्ठ ! म हजुरको चरणमा पर्दछु । मलाई देवीको कुन-कुन रूपको कुन-कुन विधिले आराधना गर्ने हो, त्यो सबै यथार्थ बताइदिनुहोस् । ऋषि भन्दछन्– हे राजन् ! यो रहस्य परम गोपनीय छ । यो जस कसैलाई भन्न नहुने भनिएको छ तर तिमी मेरा भक्त हौ । त्यसैले तिमीलाई भन्न नहुने मेरो केही छैन । त्रिगुणमयी परमेश्वरी महालक्ष्मी नै सबका आदि कारण हुन् । तिनीले नै (व्याप्त वा अव्याप्त) प्रकट वा अप्रकट रूपमा सम्पूर्ण विश्वलाई व्याप्त गरेर स्थित भएकी छिन् । राजन् ! ती आफ्ना चार हातहरूमा विमिरो, गदा, ढाल र पानपात्र लिएर रहेकी छिन् भने तिनको (निधारमा) मस्तकमा नाग, लिङ्ग र योनि यी वस्तुहरू धारण गर्दछिन् । अगेनुमा पोलेको पहेंलो भएको शुद्ध सुनका उनका गहना छन् । उनले आफ्नो तेजबाट यो शून्य जगत्लाई परिपूर्ण गरेकी छिन् ।


परमेश्वरी महालक्ष्मीले यो सम्पूर्ण जगत्लाई शून्य देखेर केवल तमोगुणी उपाधिबाट एउटा अर्को उत्कृष्ट रूप धारण गर्नुभयो। त्यो रूप एउटा नारीका रूपमा प्रकट भयो। जसको शरीरको रङ्ग राम्रोसँग निखार निकाली पारेको गाजलको जस्तो कालो रङ्ग थियो। उनका उत्तम मुखमा दाह्राहरूले शोभा पाइरहेका थिए। ठूला-ठूला आँखा र कम्मर पातलो थियो। उनका चार हातमा ढाल, तरबार, प्याला र काटिएको शीरले शोभा पाएका थिए। उनका बक्षस्थलमा धडहरूको र मस्तकमा मुण्डहरूको माला धारण गरेकी थिइन्। यसरी प्रकट भएकी स्त्रीहरूमा श्रेष्ठ तामसी देवीले महालक्ष्मीलाई भन्नुभयो– आमा तपाईंलाई नमस्कार छ। मलाई मेरो नाम र काम बताउनुहोस्। त्यसपछि महालक्ष्मीले स्त्रीहरूमा श्रेष्ठ तामसी देवीलाई भन्नुभयो– म तिम्रो नामकरण गरिदिन्छु र तिम्रा के-के काम छन्, ती कामहरू पनि बताइदिन्छु- महामाया, महाकाली, महामारी, क्षुधा, निन्द्रा, तृषा (तृष्णा), एकवीरा, कालरात्रि र दुरत्यया तिम्रा नाम हुन्। जुन कर्महरूले गर्दा लोकमा प्रसिद्ध पाउने छन्। यी नामहरूद्वारा जो तिम्रा कामहरूलाई जानेर तिनको पाठ गर्दछ, उसले सुखभोग गर्दछ। राजन्! महाकालीसँग यति भनिसकेर महालक्ष्मीले अत्यन्त शुद्ध सत्वगुणद्वारा अर्को रूपधारण गर्नुभयो। जसको चन्द्रमाको जस्तो सेतो वर्ण थियो। ती श्रेष्ठ नारीले आफ्ना चार हातहरूमा अक्षमाला, अंकुश, वीणा तथा पुस्तक धारण गरेकी थिइन्। महालक्ष्मीले उनलाई नाम पनि दिइन्।

महाविद्या, महावाणी, भारती, वाक्, सरस्वती, आर्या, ब्राह्मी, कामधेनु, वेदगर्भा र अधीश्वरी (बुद्धिकी स्वामिनी) यी तिम्रा नाम हुनेछन् । त्यसपछि महालक्ष्मीले महाकाली र महासरस्वतीलाई भन्नुभयो– देवी हो ! तिमीहरू दुवै जना आ-आफ्नो योग्य गुण भएका स्त्री-पुरूषका जोडा उत्पन्न गर । यति भनेर महालक्ष्मीले स्वयं स्त्री-पुरूषको एक जोडा उत्पन्न गरिन् । ती दुवै निर्मल ज्ञानले सम्पन्न सुन्दर थिए र कमलको आसनमा विराजमान देखिन्थे । तीमध्ये एक स्त्री र अर्को पुरूष थिए । त्यसपछि माता महालक्ष्मीले पुरूषलाई ब्रह्मन् ! विधे ! विरिञ्च ! तथा धातः ! यसरी सम्बोधन गरिन् र स्त्रीलाई श्री ! पद्मा ! कमला ! लक्ष्मी ! इत्यादि नामले पुकारिन् । यसपछि महाकाली र महासरस्वतीले पनि एक-एक जोडा उत्पन्न गरे । तिनीहरूको पनि रूप र नाम म तिमीलाई बताउँछु । महाकालीले कण्ठमा नीलो चिन्हले युक्त, राता-राता हात, सेतो शरीर र मस्तकमा चन्द्रमाको मुकुट धारण गरेको पुरूषको र गोरी रङ्गकी स्त्रीलाई उत्पन्न गरिन् । पुरूष रूद्र, शङ्कर, स्थाणु, कपर्दी र त्रिलोचन नामले प्रसिद्ध भए । स्त्रीलाई त्रयी, विद्या, कामधेनु, भाषा, अक्षरा र स्वरा नाम भए । राजन् ! महासरस्वतीले गोरी रङ्गकी स्त्री र श्याम रङ्गको पुरूष प्रकट गरिन् । ती दुवैको नाम पनि म तिमीलाई बताउँछु । पुरुषको नाम विष्णु, कृष्ण, हृषिकेश, वासुदेव र जनार्दन भए र स्त्रीको नाम उमा, गौरी, सती, चण्डी, सुन्दरी, सुभगा र शिवा यी नामहरूबाट प्रसिद्ध

भइन् । यसरी तिनै युवतीहरू तत्कालै पुरुष रूपमा प्राप्त भए। यो कुरा ज्ञान नेत्र भएका ज्ञनीहरू मात्र बुझ्दछन् । अरू अज्ञानीहरू यी रहस्यलाई बुझ्दैनन् । राजन् ! महालक्ष्मीले त्रयी विद्या रूपा सरस्वतीलाई ब्रह्माका लागि पत्नीका रूपमा समर्पित गरिन् । रूद्रलाई वरदायिनी गौरी र भगवान् वासुदेवलाई लक्ष्मी दिइन् । यसरी सरस्वतीसमेत संयुक्त भएर ब्रह्माजीले ब्रह्माण्डको उत्पत्ति गरे। परम्पराक्रमी भगवान् रूद्रले गौरीसहित मिलेर त्यसलाई भेदन गरे । राजन् ! त्यो ब्रह्माण्डमा प्रधान (महत्त्व) आदि कार्यसमूह-पञ्चमहाभूतात्मक समस्त स्थावर जङ्गम रूप जगतको उत्पत्ति भयो । फेरि लक्ष्मीसमेत भएर भगवान् विष्णुले त्यस जगत्को पालन-पोषण गर्नुभयो र प्रलयकालमा गौरीसहित महेश्वरले त्यो सम्पूर्ण जगत्को संहार गरे । महाराज ! महालक्ष्मी नै सर्वसत्वमयी तथा सर्वसत्वकी अधीश्वरी हुन्। उनै निराकार र साकार रूपमा रहेर नाना प्रकारका नाम धारण गर्दछिन्। सगुणवाचक सत्य, ज्ञान, चित्त, महामाया आदि नामादिबाट यी महालक्ष्मीलाई चिन्नुपर्दछ । केवल एक नाम महालक्ष्मी मात्रबाट अथवा अरू प्रत्यक्ष आदि प्रमाणका आधारमा उनको वर्णन हुन सक्तैन । महालक्ष्मी नै देवीहरूको समस्त अवतार हरूको प्रधान प्रकृति हुन्। उनी नै सबै प्रपञ्च तथा सम्पूर्ण देवदेवीका अवतारहरूका आदि कारण हुन् । तीनै गुणबाट पर प्रकृति पनि उनीभन्दा भिन्न छैनन्। स्थूल-सूक्ष्म, दृश्य-अदृश्य र व्यक्त र अव्यक्त सबै उनैका स्वरूप हुन् । उनी

सर्वत्र व्यापक छिन्। ती सच्चिदानन्दमयी परमेश्वरी सूक्ष्मरूपले सर्वत्र व्याप्त भएर पनि भक्तहरूलाई अनुग्रह गर्नका लागि परम दिव्य चिन्मय सगुणरूपले पनि विराजमान रहन्छिन्। उनी तपाईंको सुनजस्तो श्रीविग्रहले पूर्ण छिन्। उनले आफ्ना चार हातमा विमिरो (मातुलिङ्ग), गदा, ढाल र पान पात्र धारण गरेकी छिन् भने उनका मस्तकमा नाग, लिङ्ग र योनि धारण गरेकी छिन्। भुवनेश्वरी संहितामा उल्लेख भएअनुसार विमिरो-कर्म राशिको, गदा-क्रियाशक्तिको, ढाल-ज्ञान-शक्तिको र पानपात्र-तुरीय वृत्ति वा आफ्नो सच्चिदानन्दमय स्वरूप स्थितिका सूचक हुन्। यसैगरी नागले-कालको, योनिले-प्रकृतिको र लिङ्गले-पुरूषको संकेत गर्दछन्। यसको तात्पर्य यो हो कि प्रकृति, पुरूष र काल तिनैका अधिष्ठात्री परमेश्वरी महालक्ष्मी नै हुन्। रेणुका महात्म्यअनुसार दाहिनी तल्लो हातमा पानपात्र र माथिल्लो हातमा गदा छ भने बायाँ तल्लो हातमा श्रीफल र माथिल्लो हातमा ढाल (खेट) रहेका छन्। चतुर्भुजा महालक्ष्मीले क्रमशः आफ्ना सत्व र तमो दुई गुणका प्रभावबाट दुवै रूप प्रकट गरिन्। तमोगुणबाट महाकाली र सत्वगुणबाट महासरस्वती नामले प्रकट भई प्रसिद्ध भइन्। चार हात भएकी महाकालीका हातमा खड्ग, पानपात्र, पुस्तक र ढाल छन् भने महासरस्वतीका हातमा अक्षमाला, अंकुश, वीणा र पुस्तकको शोभा पाएका छन्। यिनै तीन देवीहरूबाट शङ्कर-सरस्वती, ब्रह्मा, लक्ष्मी, विष्णु-गौरी उत्पन्न भई लक्ष्मी-विष्णुकी, गौरीशङ्करकी र सरस्वती-ब्रह्माकी पत्नीका

रूपमा जोडी मिलाई पति-पत्नीसहित भई ब्रह्माले सृष्टि, विष्णुले पालन र रूद्रले संहारको कार्य सम्हाली यो सृष्टि, स्थिति र संहारको चक्र चलिरहेको छ ।



विष्णुले-लक्ष्मीलाई, शङ्करले-गौरीलाई, ब्रह्माले-सरस्वतीलाई महालक्ष्मीका आज्ञाले जोडा मिलाई पति-पत्नी बने ।

प्राधानिक रहस्य समाप्त भयो ।



ॐ

वैकृतिक रहस्य

ऋषि भन्दछन्– राजन् ! पहिले जुन सत्व प्रधान त्रिगुणमयी महालक्ष्मीका तामसी आदि भेदले तीन स्वरूप बताइयो उनै शर्वा, चण्डिका, दुर्गा, भद्रा र भगवती आदि अनेक नामले पुकारिन्छिन् ।

तमोगुणवाली महाकाली नै भगवान् विष्णुकी योग-निन्द्रा भनिन्छिन् । जसको स्तुति ब्रह्माजीले मधु र कैटभ नाश गर्नाका लागि गरेका थिए । तिनै महाकाली हुन् । उनका दस मुख, दस हात, दस पाउ छन् । उनी गाजल समान कालो रङ्गकी छिन् र तीस आँखाहरूका पंक्तिले सुशोभित छिन् । राजन् ! उनका दाँत र दाह्राहरू सेता भएकाले चम्किरहन्छन् । यसरी उनको रूप भयङ्कर छ तापनि रूप, सौभाग्य, कान्ति र महत्ता सम्पदाकी उनी नै अधिष्ठात्री हुन् । उनी आफ्ना हातमा खड्ग, वाण, गदा, शूल, चक्र, शङ्ख, भुशुण्डी, परिध, धनुष धारण गर्दछिन् र रगत चुहि-रहेको काटिएका टाउकाहरूको माला लगाएकी छिन् । तिनै महाकाली विष्णुकी माया हुन् । आराधना गरेमा यिनै देवीले चराचर जगत्लाई आफ्ना उपासकको (भक्तको) अधीनमा गरिदिन्छिन् ।

सम्पूर्ण देवताहरूका अङ्गबाट जसको प्रादुर्भाव भएको थियो । तिनै अनन्त कान्तिले पूर्ण साक्षात् महालक्ष्मी हुन् ।


तिनैलाई त्रिगुणमयी प्रकृति भनिन्छ । उनै महिषासुरलाई मार्ने हुन् । उनको मुख गोरो, हातहरू श्याम, स्तनमण्डल अति सेता, कम्मर (चरण) पाउहरू राता तथा जाँघ र पिडौलाहरू नीला रङ्गका छन् । अजेय हुनाको कारणले गर्दा उनको आफ्नो तेजको अभिमान छ । कम्मर अगाडिको भाग रङ्गीन बस्त्रले सुन्दर भएका कारणले विचित्र स्वरूप देखिन्छ । उनका माला, बस्त्र, आभूषण र अङ्गराग आदि सबै विचित्र छन् । उनी कान्ति, रूप र सौभाग्यले सुशोभित छिन् । तैपनि उनका हातहरू असंख्य छन् तापनि अठार हातले युक्त मानेर उनको पूजा गर्नुपर्दछ । अब उनका दायाँ तल्लो पट्टिका हातबाट बायाँ तल्लोपट्टिको हातसम्म क्रमशः के-के अस्त्रहरू छन्, वर्णन गरिन्छ । अक्षमाला, कमल, वाण, खड्ग, बज्र, गदा, चक्र, त्रिशूल, परशु, शङ्ख, घण्टा, पाश, शक्ति, दण्ड, चर्म (ढाल), धनुष, पानपात्र र कमण्डलू आदि आयुधहरूले उनका हातहरू विभूषित छन् । उनी कमलका आसनमा विराजमान छिन् । उनी नै सर्वदेवमयी र सबैकी ईश्वरी हुन् । राजन् ! जो यी महालक्ष्मी देवीको पूजा गर्दछ, ऊ सब लोक र देवताहरूको समेत स्वामी हुन्छ ।

जो एक मात्र सत्वगुणमा आश्रित भएकी पार्वतीजीका शरीरबाट उत्पन्न भएकी थिइन् र जसले शुम्भ नामको दैत्यलाई संहार गरेकी थिइन्, उनी साक्षात् सरस्वती हुन् । हे पृथ्वीपति ! उनका आठ हात छन् तथा उनले आफ्ना हातमा क्रमशः वाण, मुसल, शूल, चक्र, शङ्ख, घण्टा, हलो र धनुष

धारण गरेकी छिन् । यी सरस्वती देवी जो निशुम्भको मर्दन र शुम्भ असुरको संहार गर्ने भएकी छिन् । यिनलाई भक्तिपूर्वक पूजा गर्दा सर्वज्ञता प्रदान गर्दछिन् ।

राजन् ! यसरी तिमीलाई महाकाली, आदि तिनै मूर्तिहरूको स्वरूप बताएँ । अब जगन्माता महालक्ष्मी तथा महाकाली तीनै मूर्तिहरूको छुट्टाछुट्टै उपासना गर्ने सम्बन्धमा सुन जब महालक्ष्मीको पूजा गर्ने हो तब उनलाई मध्यमा स्थापना गरेर दायाँ महाकाली र बायाँ महासरस्वतीलाई पूजा गर्नुपर्दछ । यसको पछाडि तीन जोडी देवताहरूको पूजा गर्नुपर्दछ । महालक्ष्मीको ठीक पछाडि ब्रह्माका साथ सरस्वतीको पूजा गर्नुपर्दछ । त्यसको दायाँ भागमा गौरीका साथ रूद्रको र बायाँ भागमा लक्ष्मीसहित विष्णुको पूजा गर्नुपर्दछ । महालक्ष्मीसमेत तीन देवीहरूको तल अठार हातवाली महालक्ष्मी मध्यभागमा र दायाँ भागमा दस शिर, दस हात र दस पाउ भएकी महाकाली र बायाँपट्टि आठ हात भएकी महासरस्वतीको पूजा गर्नुपर्दछ ।

दुर्गा पूजाविधि



ॐ गौर्या सह रुद्राय नमः	ॐ सरस्वत्या सह ब्रह्मणे नमः	ॐ लक्ष्म्या सह विष्णवे नमः
ॐ ऐँ महाकाल्यै नमः	ॐ सिंहाय नमः ॐ ह्रीं महालक्ष्म्यै नमः ॐ महिषाय नमः	ॐ ल्कीँ महासरस्वत्यै नमः
ॐ दसाननायै नमः	ॐ अष्टादसभुजायै नमः	ॐ अष्टभुजायै नमः

समष्टि-उपासना

रूद्र-गौरी	ब्रह्मा-सरस्वती	विष्णु-लक्ष्मी
चतुर्भुजा महाकाली	चतुर्भुजा महालक्ष्मी	चतुर्भुजा महासरस्वती
दसासना दसभुजा	अष्टादसभुजा	अष्टभुजा

राजन् ! जब केवल अठार हात भएकी महालक्ष्मीको दसमुखी कालीको र आठ हात भएकी सरस्वतीको पूजा गर्नु छ भने यिनीहरूको दायाँ काल र बायाँ मृत्युको पनि पूजा गर्नुपर्दछ । जब शुम्भ दैत्यलाई मार्ने आठ भुजा भएकी देवीको पूजा गर्नु छ भने उनैका साथ उनका नौ शक्तिहरूका साथै दायाँ रूद्र र बायाँ गणेशजीको पनि पूजा गर्नुपर्दछ । ब्राह्मणी, माहेश्वरी, कौमारी, वैष्णवी, वाराही, नारसिंही, ऐन्द्री, शिवदूती र चामुण्डा यिनै नौ शक्तिहरू हुन् । पूजा गर्दा नमो देव्यै वा त्रिगुणमयी परमेश्वरीदेखिको ... ... स्तोत्र पाठ गर्नुपर्दछ ।

व्यष्टि-उपासना

अष्टादसभुजा-पूजा			दसानना-पूजा			अष्टभुजा-पूजा		
काल	अष्टादस भुजा देवी	मृत्यु	काल	दसानना-पूजा	मृत्यु	काल रूद्र	अष्ट भुजा देवी	मृत्यु विना-यक
	सिद्धि महिष						नव शक्तिहरू	

अठार हात भएकी महालक्ष्मी नै विशेष रूपले पूजनीय छिन् किनकि उनै महालक्ष्मी, महाकाली र महासरस्वती पनि हुन् । उनै पुण्य पापकी अधीश्वरी र सम्पूर्ण लोककी महेश्वरी हुन् । जसले महिषासुरको अन्त गरी दिइन् र जसले यस्ती महालक्ष्मीको आराधना गर्दछ, त्यही यो संसारको स्वामी हुन्छ । त्यसकारणले जगतलाई धारण गर्ने भक्तवत्सला भगवती चण्डिकाको अवश्य पूजा गर्नुपर्दछ ।

अर्घ्य, आभूषण, गन्ध, पुष्प, अक्षता, धूप, दीप र नाना प्रकारका खाद्य नैवेद्यले र रक्त सिञ्चित बलिले, मासुले र मदिराले देवीको पूजा हुन्छ । तर मदिरा मासु नखाने ज्ञानीले त्यसो नगरेर अन्य कुभिण्डो आदि फलको बलि र नैवेद्य आदि अर्पण गरेर पूजा गर्नुपर्दछ । देवीका अगाडि बायाँ महिषासुरको पूजा गर्नुपर्दछ । किनकि उसले भगवतीका साथ देवी सायुज्य प्राप्त गरेको थियो । त्यसैगरी देवीका अगाडि दायाँतर्फ देवीको वाहन सिंहको पूजा गर्नुपर्दछ । जो सम्पूर्ण धर्मको प्रतीक र षड्विध ऐश्वर्यले युक्त छ । उसैले यो सारा जगत्लाई धारणा गरेको छ ।

त्यसैले बुद्धिमान् मनुष्यले एकाग्र चित्त भएर देवीको स्तुति गर्नुपर्दछ । यदि कोही एकै चरित्रको पाठ गर्न चाहन्छ भने मध्यम चरित्रले गर्नुपर्छ । तीनै अवतारको चरित्रको गर्न चाहन्छ भने तीनै पूर्वोक्त चरित्रद्वारा गर्नुपर्दछ । पूजा सकिएपछि क्षमा प्रार्थना गर्नुपर्दछ । सप्तशतीका प्रत्येक शब्द मन्त्र रूप छन् । त्यसैले तील र घिउ मिलाएर खीरको आहुति

दिनुपर्दछ । होम सकिएपछि फेरि महालक्ष्मीको नाम मन्त्रोच्चारण गरेर पूजा गर्नुपर्दछ। त्यसपछि मन र इन्द्रियलाई वशमा राखेर नम्र भई देवीलाई प्रणाम गरी अन्त:स्करणमा स्थापित गरेर सर्वेश्वरी चण्डिका देवीको धरै समयसम्म चिन्तन गर्नुपर्दछ । चिन्तन गर्दागर्दै उनैमा तन्मय हुनुपर्दछ । यसरी जो मनुष्यहरू दैनिक भक्तिपूर्वक परमेश्वरीको पूजा गर्दछ, ऊ मनोवाञ्छित फल भोग पाएर अन्तमा देवीको सायुज्य प्राप्त गर्दछ । जो भक्त माता चण्डिको दैनिक पूजा गर्दैनन्, भगवती परमेश्वरी उनीहरूको पुण्यलाई जलाएर भष्म गराई दिन्छिन् । यसैले राजन् ! तिमी पनि सर्वलोक महेश्वरी चण्डिकाको शास्त्रोक्त विधिले पूजा गर। त्यसबाट तिमी सुख, स्वर्ग र मोक्षसमेत इच्छाअनुसार प्राप्त गर्नेछौ ।



ॐ

मूर्ति रहस्य

देवीका अङ्गभूता छ देवीहरू छन्– नन्दा, रक्तदन्तिका, शाकम्भरी, दुर्गा, भीमा र भ्रामरी । यी देवीहरू साक्षात् रूप हुन् ।

सुनौला बस्त्र धारण गर्ने नन्दादेवीका चार हातमा कमल, अंकुश, पाश र शङ्खले शोभा पाएका छन् । उनी इन्दिरा, कमला, लक्ष्मी, श्री तथा रूक्माम्बुजासना (सुवर्णमय कमलका आसनमा विराजमान) बस्ने आदि नामबाट पुकारिन्छिन् ।

राता बस्त्रधारण गर्ने रक्तदन्तिकाको शरीर पनि रातै रङ्गको छ । देवी भक्तलाई दया राखी आमाले जस्तै सेवा गर्दछिन् । देवीका ठूला-ठूला दुवै स्तन लोभलाग्दा छन्, जो देवी आफ्ना भक्तलाई पिलाउँछिन् । उनी चार हातमा पानपात्र, खड्ग, मुसल र हलो धारण गर्दछिन् । उनी रक्त चामुण्डा र योगेश्वरी देवी पनि भनिन्छिन् । उनी चराचर जगत्मा व्याप्त छिन् । रक्तदन्तिका देवीको स्तवन र भक्तिले देवी स्त्रीले पुरुषको पुरूषले स्त्रीको झैं सेवा गर्दछिन् ।

नीलो रङ्गको शरीर भएकी शाकम्भरी देवी नील कमल समान छिन् । उनका स्तन दुवै कठोर, बराबर उँचा, गोल र परस्पर जोडिएका छन् । ती परमेश्वरी देवी कमलमा निवास गर्दछिन् । उनका हातमा वाणहरूको मूठो, कमल, सागहरूको समूह र प्रकाशमान धनुष धारण गर्दछिन् । उनै शाकम्भरी शताक्षी र दुर्गा भनिन्छिन् । उमा, गौरी, सती, चण्डी, कालिका

र पार्वती पनि उनै हुन् । जसले यी शाकम्भरी देवीको स्तुति, ध्यान, जप, पूजा र वन्दना गर्दछ, उसले छिट्टै अन्न, पान र अमृत रूप अक्षय फल प्राप्त गर्दछ ।

भीमादेवीको शरीरको रङ्ग पनि नीलो नै छ । उनले आफ्ना चार हातहरूमा चन्द्रहास नामको खड्ग डमरू, मस्तक र पानपात्रहरूले शोभा पाएका छन् । उनका दाँत र दाह्रा चम्किरहेका देखिन्छन् । आँखा ठूला-ठूला छन् । स्वरूप स्त्रीको छ । स्तन गोल-गोल र ठूला-ठूला छन् उनै देवी एकवीरा, कालरात्री, कामदी आदि नामले प्रख्यात छिन् ।

भ्रामरी देवीको शरीर र तेज विभिन्न रङ्गले पूर्ण र महामारी आदि नामले उनको महिमा गाइन्छन् । राजन ! यसरी जगन्माता चण्डिका देवीको यी मूर्तिहरू बताइयो, जसको कीर्तन गर्नाले कामधेनुले झैं कामनाहरू पूर्ण गरिदिन्छिन् । यो गोप्य रहस्य हो । यो अरू जो त्योलाई भन्नु हुँदैन । सप्तशतीको पाठमात्रबाट सात जन्मको ब्रह्महत्याजस्तो घोर पातकसमेत नाश भई मुक्त हुन्छ । त्यसैले मैले पूर्ण प्रयत्नपूर्वक देवीको गोप्य-गोप्य ध्यानको समेत वर्णन गरें । जो सबै प्रकारले मन वाञ्छित फल दिनेवाला छ । उनैका प्रसादले तिमी सर्वमान्य हुनेछौ । देवी सर्वरूपमयी छिन् र सम्पूर्ण जगत् देवीमय छ । त्यसैले म ती विश्वरूपा देवीलाई नमस्कार गर्दछु ।



ॐ

क्षमा–प्रार्थना

परमेश्वरी ! मबाट रातदिन सहस्र अपराध भइरहेका छन् । यो मेरो दास हो, यही सम्झिएर मेरा ती अपराधहरू तिमी कृपापूर्वक क्षमा गर । परमेश्वरी ! म आवाहन पनि जान्दिनँ, विसर्जन पनि जान्दिनँ, पूजा गर्ने ढङ्ग पनि छैन । क्षमा गर । देवी ! दैत्यविनाशिनी ! मैले जो मन्त्रले हीन, कर्मले हीन र भक्तिले हीन पूजा गरेको छु, त्यो सबै हजुरका कृपाले पूर्ण होस् । हजारौं अपराध गरेर पनि जो तिम्रो शरणमा परि "जगदम्बा" भन्दछ, उसलाई त्यो गति प्राप्त हुन्छ, जो ब्रह्मादी देवताहरूले पनि प्राप्त गर्नु सजिलो छैन । जगदम्बा ! म अपराधी हुँ तापनि तपाईंको शरणमा आएको छु । म दयाको पात्र भएको छु । तिमीले जे इच्छा लाग्छ गर । देवी ! परमेश्वरी ! अज्ञानले भूलले अथवा बुद्धि नपुगेर मैले कम वा बढी जे जो गरें, त्यो सबै क्षमा गरेर प्रसन्न होऊ । सच्चिदानन्दस्वरूपा परमेश्वरी ! जगन्माता कामेश्वरी ! तिमी प्रेमपूर्वक मेरो यो पूजा स्वीकार गर र मदेखि प्रसन्न होऊ । देवी सुरेश्वरी ! तिमी गोप्यभन्दा गोप्य वस्तुको रक्षा गर्नेवाली हौ । मैले निवेदन गरेको यो जप, पूजा, पाठलाई ग्रहण गर । तिम्रा कृपाले मलाई सिद्धि प्राप्त होस् ।



ॐ

श्री दुर्गा मानस–पूजा

माता त्रिपुरासुन्दरी ! तिमी भक्तजनहरूको मनोकामना पूर्ण गरिदिने कल्पलता हौ । आमा ! भनी आहवान आसन, मुकुटदेखि पादुकासम्मका आभूषण, धूप, दीप, नैवेद्य, अर्घ्य, पाध्य सम्पूर्ण सामग्री फलफूल बलि आदि र सेविका सेवक पूर्ण प्रशंसासहित हृदयदेखि प्रसन्नतापूर्वक स्तोत्र आदिले स्तवन गर्नुपर्दछ । जसले यसरी सोह्र उपचारले भगवती त्रिपुरासुन्दरीको स्तवन गर्दछ । उसले सम्पूर्ण फल प्राप्त गर्दछ ।



ॐ

देवी दुर्गाका बत्तीस नामको माला

ब्रह्मा आदि देवताहरूले एक समय विविध उपचारले महेश्वरी दुर्गाको पूजा गरे । यसबाट प्रसन्न भएर वर मागनभन्दा देवताहरूले हाम्रा शत्रु दैत्यहरू मारी निर्भय बक्सेको छ । हजुर भक्तका कल्पवृक्ष होइबक्सन्छ । हामी हजुरका शरणमा आएका छौं, सबै इच्छा पूर्ण तापनि के कुन उपायले हजुर छिट्टै खुसी भई भक्तको रक्षा गरिबक्सन्छ ? यो गोप्य कुरा भए तापनि हामीलाई बताउनुहोस् ।

देवताहरूका यस प्रकारका प्रार्थनाले प्रसन्न भई भन्नु भयो- देवगण हो ! सुन ! यो गोप्य रहस्यमय र दुर्लभ कुरा हो । मेरो बत्तीस नामको माला सबै प्रकारका आपत्तिको विनाश गर्नेवाला छ । संसारमा यो समानको कुनै दोस्रो स्तुति छैन । त्यो भन्दछु, सुन- १) दुर्गा, २) दुर्गार्तिशमनी, ३) दुर्गापद्धिनिवारिणी, ४) दुर्गमच्छेदिनी, ५) दुर्गसाधिनी, ६) दुर्गतीनाशिनी, ७) दुर्गतोद्धारिणी, ८) दुर्गानिहन्त्री, ९) दुर्गमापहा, १०) दुर्गमज्ञानदा, ११) दुर्गदैत्यलोकदवानला, १२) दुर्गमा, १३) दुर्गमालोका, १४) दुर्गमात्मस्वरूपिणी, १५) दुर्गमार्गप्रदा, १६) दुर्गमविद्या, १७) दुर्गमाश्रिता, १८) दुर्गमज्ञानसंस्थाना, १९) दुर्गमध्यानभासिनी, २०) दुर्गमोहा, २१) दुर्गमगा, २२) दुर्गमार्थस्वरूपिणी, २३) दुर्गमासुर-संहन्त्री २४) दुर्गमायुधधारिणी, २५) दुर्गमाङ्गी, २६) दुर्गमता, २७) दुर्गम्या, २८) दुर्गमेश्वरी, २९) दुर्गभीमा,

३०) दुर्गभामा, ३१) दुर्गभा, ३२) दुर्गदारिणी । जो मनुष्यले म दुर्गाका यी नाममालाको पाठ गर्दछ, ऊ निःसन्देह सबै प्रकारका भयदेखि मुक्त हुन्छ ।

जस्तोसुकै सङ्कट दुःखकष्ठमा पनि यसले उद्धार गर्दछ । तर यो अभक्त, नास्तिक र मूर्खहरूलाई उपदेश नगर्नू । स्वयं पाठ गर्दा वा ब्राह्मणबाट पाठ गराउँदा पनि सबै प्रकारका सङ्कटबाट मुक्त हुन्छ । यसबाट लाख हवन-विपत्ति नाश गर्ने हुन्छ र जसमा सेतो तील महमिश्रित हुनुपर्दछ । पुरस्चरण तीन हजारले हुन्छ । यसबाट सम्पूर्ण कार्यसिद्धि हुन्छ । मेरो सुन्दर माटोको आठ हातवाला मूर्ति बनाएर त्यसमा क्रमैले गदा, खड्ग, त्रिशूल, वाण, धनुष, कमल, ढाल र मुग्दर धारण गराउनू । मूर्तिका मस्तकमा चन्द्रमाको चिन्ह होस् । उनका तीन नेत्र हुन् । उनलाई रातो बस्त्र पहिऱ्याइयोस् । उनी सिंहको काँधमा चढेकी होऊन् र शूलले महिषासुरलाई बध गरिरहेकी होऊन् । यस्तो मूर्ति बनाएर विभिन्न प्रकार र सामग्रीले मेरो पूजा गरोस् । मेरा ती नामबाट १०० लाल कनेरका (राता) फूल चढाएर सयपटक नै पूजा गरी सोही मन्त्रबाट हवन गरोस् र उत्तम-उत्तम पदार्थ भोग लगाओस् । यसो गरेर मनुष्यले असाध्य कार्य पनि (सिद्धि) सिद्ध गर्दछ । जो मानिस प्रतिदिन मेरो भजन गर्दछ, ऊ कहिल्यै पनि विपत्तिमा पर्दैन ।

देवताहरूलाई यसो भनेर जगदम्बा उहीं अन्तर्ध्यान भइन् । दुर्गामाताको यो उपाख्यान जो भन्छ र सुन्छ, तिनलाई कुनै प्रकारको विपत्ति आउँदैनन् । ★

ॐ

सिद्धकुञ्जिकास्तोत्र

शिवजी भन्नुहुन्छ- देवीको यो कुञ्जिकास्तोत्र अति उत्तम छ। यस मन्त्रका प्रभावले चण्डी जप शुभ हुन्छ। कवच, अर्गलास्तोत्र, कीलक, रहस्य, सूक्त, ध्यान, न्यास, अर्चनाबिना नै पनि यदि कुञ्जिका पाठ मात्र गरेर पनि दुर्गा सप्तशती चण्डी पाठको सुफल प्राप्त गर्दछ। यो अति गोप्य र देवतालाई पनि दुर्लभ छ। गोप्यका साथै यत्नपूर्वक स्वयं पार्वतीले यो वरदान स्वयं दिएकी हुन्। यसको पाठले मारण, काम, क्रोध नाश, मोहन-इष्टदेवतालाई मोहन, वशीकरण-मनलाई वश गर्ने, स्तम्भन-इन्द्रियहरूको विषयबाट (वैराज्ञ) उपरति र उच्चाटन-मोक्ष प्राप्तिका लागि छटपटाहट हुनु आदि देवी प्रसाद स्वरूपका गुणहरू वृद्धि भई सिद्धि लाभ हुन्छ।

अर्थ मन्त्रः

ॐ ऐं ह्री क्लीं चामुण्डायै विच्चे ॥ ॐ ग्लौं हुँ क्लीं जूं सः ज्वालय ज्वालय ज्वल ज्वल प्रज्वल्ल प्रज्वल
ऐं ह्रीं क्लीं चामुण्डायै ज्वल हं सं लं क्षं फट् स्वाहा।

॥ इति मन्त्रः ॥

नमस्ते रूद्रपिण्यै नमस्ते मधुमर्दिनी।
नमः कैटभहारिण्यै नमस्ते महिषमर्दिनी ॥
नमस्ते शुम्भहन्त्र्यै च निशुम्भसुरघातिनि।
जाग्रतं हि महादेवी जपं सिद्धं कुरूष्व मे ॥

एकारी सृष्टिरूपायै ह्रींकारी प्रतिपालिका ।
क्लींकारी कामरूपिण्यै बीजरूपे नमोऽस्तुते ॥
चामुण्डा चण्डघाती च यैकारी वरदायिनी ।
विच्चे चाभयदा नित्यं नमस्ते मन्त्ररूपिणी ॥
धां धीं धूं धूर्जटेः पत्नी वां वीं वूं वागधीश्वरी ।
क्रां क्रीं क्रूं कालिका देवी शां शीं शूं मे शुभं कुरू ॥
हु हुं हुंकाररूपिण्यै जं जं जं जम्भनादिनी ।
भ्रां भ्रीं भ्रूं भैरवी भद्रे भवान्यै ते नमो नमः ॥
अं कं चं टं तं पं यं शं वीं दुं ऐं वीं हं क्षं ।
धिजाग्रं धिजाग्रं त्रोटय त्रोटय दीप्तं कुरू कुरू स्वाहा ॥
पां पीं पूं पार्वती पूर्णा खां खी खूं खेचरी तथा ।
सां सीं सूं सप्तशती देव्या मन्त्रसिद्धि कुरूस्व मे ॥
इदं तु कुञ्जिकास्तोत्रं मन्त्रजागर्तिहेतवे ।
अभक्ते नैव दातव्यं गोपितं रक्ष पार्वती ॥

प्रत्येक दिन बिहान यो स्तोत्र पाठ गर्नाले सबै प्रकारको विघ्न-बाधा नष्ट हुनुका साथै यो कुञ्जिकास्तोत्र र देवी सूक्तसहित चण्डी पाठ गर्नाले परमसिद्धि प्राप्त हुन्छ ।

रूद्रयामल गौरीतन्त्रमा शिवपार्वती संवादमा वर्णन भएको कुञ्जिकास्तोत्र समाप्त भयो ।

ॐ तत्सत् ॐ शान्ति ! शान्ति !! शान्ति !!!

२०४७ साल मार्ग महिनाको ४ गते मङ्गलबार तृतीयाका दिन साँझ २०:५१ बजे समाप्त भयो ।

जि.प्र.का. कञ्चनपुर, महेन्द्रनगर, महाकाली अञ्चल, नेपाल ।

ॐ

श्री दुर्गायै नमः

हे देवी भक्तिले रिझिने सबै कार्य बनाइदिने ।
कलिमा कार्यसिद्धिलाई यत्नले तिमी जानिने ॥

साधनाहरूमध्येकी सर्वोच्च साधना तिमी ।
शरणमा पर्छु हे माता देउ ज्ञानको प्रकाश भनी ॥

दरिद्र, दुःख, डर, रोग, शोक आदिहरू पनि ।
हटाइदिन्छ्यौ हे माता शरणागत हो भनी ॥

सधैं मङ्गल गर्ने शिवे सर्वसाधना स्वरूपकी ।
प्रणाम छ त्रिपुरासुन्दरी गौरी, प्रणाम छ नारायणी ॥

शरणागतको दुःख हटाई सुखको वर ।
सबै दुःख हर्ने देवी नारायणी प्रणाम छ ॥

सर्वरूप सबैबाट सबै शक्ति लिने तिमी ।
डर र त्रासको लेस छैन देवी त्यहाँ अनि ॥

रोग र पापको नाश, क्रोध र कामको पनि ।
अभीष्ट नाशने देवी शरणागतको अनि ॥

तिनै लोकका सबै बाधा नास्ने हे त्रिभुवनेश्वरी ।
सबै बाधा मेरा काममा नाशीद्यौ हे परमेश्वरी ॥

- हरिभक्त सिग्देल

सन्दर्भ-ग्रन्थहरू :

१. श्री दुर्गा सप्तशती सचित्र – गीता प्रेस, गोरखपुर ।
हिन्दी अनुवाद तथा पाठविधिसहित (विशिष्ट संस्करण)

२. श्री दुर्गा सप्तशती (चण्डी) – टीकाकार गौरीशंकर "वशिष्ठ"
श्री दुर्गा साहित्य भण्डार, वाराणसी ।

३. कल्याण शक्तितत्त्वाङ्कहरू – गीता प्रेस, गोरखपुर ।

४. श्रीमद्देवीभागवत् – हिन्दी टीका

५. शाक्तप्रमोद – खेमराज श्रीकृष्णदास प्रकाशन बम्बई ।

६. श्रीमद्देवीभागवत् पुराण

७. विभिन्न पत्र-पत्रिकामा प्रकाशित शक्ति र
आराधनासम्बन्धी लेख-रचनाहरू ।

८. वंशावलीहरू ।

लेखकबारे अन्य कुरा

तक्मा विभूषण :

१. प्रबल गोरखा दक्षिणवाहु चौथा
२. प्रहरी दीर्घ सेवा पट्ट
३. शुभराज्याभिषेक पदक
४. गद्दीआरोहण रजतमहोत्सव पदक
५. वीरेन्द्र-ऐश्वर्य सेवा पदक
६. दुर्गम सेवा पदक
७. विशेष सेवा पदक
८. प्रहरी सेवा पदक
९. दैवी प्रकोपपीडित उद्धार पदक
१०. संयुक्त राष्ट्रसंघ शान्ति सेवा पदक

तालिम :

१) प्रहरी सेवा प्रवेश आधारभूत, कराँते, जुडो, जिम्नास्टिक, बक्सिङ, नक्सा अध्ययन, प्रहरी अधिकृत विशेष, कमान्ड, अपराध अनुसन्धान, विशिष्ट व्यक्तिको सुरक्षा- राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगन्ज ।
२) विमानस्थलको सुरक्षा तालिम - TIA Canadian प्रशिक्षकबाट त्रिभुवन विमानस्थल ।
३) Public Policy Analysis - Staff College Lalitpur
४) Hostage Negotation - Academy of Science & Technology New Mexico, USA.

भ्रमण :

स्वदेश : हिमाल देखि तराईसम्मका ४८ जिल्ला
विदेश : भारत, मोजाम्बिक, मलावी, जिम्वावे, साउथ अफ्रिका, तान्जानिया, इजिप्ट, सयुक्त राज्य अमेरिका, रूस, बेलारूस ।

अनुभव:

१) प्रशिक्षक : आन्तरिक र बाह्य राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान ।

२) कार्यालय प्रमुख- वडा प्रहरी कार्यालय गौशाला, वडा प्रहरी कार्यालय कालिमाटी, वडा प्रहरी कार्यालय बौद्ध, वडा प्रहरी कार्यालय जनसेवा, वडा प्रहरी कार्यालय दरबारमार्ग, इलाका प्रहरी कार्यालय फर्पिङ्ग, इलाका प्रहरी कार्यालय धरान, सुरक्षा प्रहरी चेकपोस्ट, थानकोट

३) प्रहरी नायव उपरीक्षक- निजी सहायक- प्रहरी महानिरीक्षकको सचिवालय, प्रहरी प्रधान कार्यालय ।
प्रहरी सेवा (२९ वर्ष ७ महिना) - २०२९।३।३१ देखि २०५८।१०।३० सम्म

४) प्रमुख कार्यकारी अधिकृत- सिन्तेज इन्भेष्टमेन्ट कं. प्रा. लि. ।

संलग्नता :

(क) वैद्यनाथक्षेत्र प्रकाशन- आजीवन सदस्य एवं सम्पादक ।

(ख) दामोदर पुडासैनी प्रतिभा पुरस्कार कोष - आजीवन सदस्य ।

(ग) अन्य धार्मिक एवं सामाजिक संघ - संस्थाहरूसँग आबद्ध ।



यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत ।
अभ्युत्थानमधर्मस्य तदात्मानं सृजाम्यहम् ॥७॥
परित्राणाय साधूनां विनाशाय च दुष्कृताम् ।
धर्मसंस्थापनार्थाय सम्भवामि युगे युगे ॥८॥ - *गीता ४*





हरिभक्त सिग्देल 'महेश'

haribhakta43@hotmail.com

जन्म : वि.सं. २०११ वैशाख १ गते, मङ्गलवार
पाँचमाने, जितपुरफेदी गा.वि.स.-३, जितपुर

माता : गङ्गादेवी सिग्देल

पिता : खड्गध्वज सिग्देल

हाल : 'हरिको घर' महांकाल-८,
मण्डिखाटार, बरफेदी
पोस्ट बक्स नं. ११६३७, काठ

शिक्षा : एम.पी.ए., त्रिभुवन विश्वविद्याल
कीर्तिपुर, काठमाडौं ।

प्रकाशित कृतिहरु :

१) माता श्री दक्षिणकाली परिक्रमा र दर्शन, वि.सं. २०४४
२) स्तोत्रपाठ संकलन, वि.सं. २०४४
३) श्री पशुपतिनाथ परिक्रमा र दर्शन, वि.सं. २०४४
४) श्रीमद्‌भागवत गीतासार छन्दानुवाद (नेपालीमा), वि.सं. २०४४
५) श्री दुर्गा सप्तशती चण्डी (नेपालीमा), वि.सं. २०४८
६) सवारी ज्ञान मणिमाला, वि.सं. २०४८
७) शान्तिक्षेत्र नेपाल (कविता संग्रह), वि.सं. २०४९
८) श्रीमद्‌भागवत गीता (नेपालीमा), वि.सं. २०४९
९) त्यागबाट परमात्मा प्राप्ति, वि.सं. २०४९
१०) श्री रुद्रगीता छन्दानुवाद (नेपालीमा), वि.सं. २०५०
११) धर्मदेखि मुक्तिसम्म, वि.सं. २०५८
१२) श्री रामगीता (नेपालीमा), वि.सं. २०५८
१३) श्री दुर्गाकवच (नेपालीमा), वि.सं. २०६१
१४) श्रीराम गीता छन्दानुवाद (नेपालीमा), वि.सं. २०६१
१५) श्री दुर्गाकवच छन्दानुवाद (नेपालीमा), वि.सं. २०६१
१६) Religious Philosophy 1994 Mozambique
१७) रङ्गैरङ्गको जिन्दगानी, वि.सं. २०६७
१८) पञ्चामृत, वि.सं. २०६८
१९) दक्षिणकालीको सेरोफेरो, वि.सं. २०६८
२०) विश्व ब्रह्माण्डपति श्री पशुपतिनाथ, वि.सं. २०६८
२१) विभिन्न पत्र-पत्रिकामा धार्मिक र
व्यवसायिक लेख-रचनाहरु प्रकाशित



मूल्य रू. २५०/-